"श्रम, रोजगार युक्त गुणस्तरीय शिक्षा हाम्रो चाहना
व्यावसायिक र प्राविधिक जनशक्ति गुलरिया नगरपालिकाको गहना"

# शिक्षा क्षेत्र योजना

# EDUCATION SECTOR PLAN

## (२०७८ – २०८३)





शिक्षा क्षेत्र योजना (२०७८ २०८३)

गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा युवा तथा खेलकुद शाखा**
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

# शिक्षा क्षेत्रको पञ्चवर्षीय योजना

## (२०७८ - २०८३)




**प्रकाशक**

श्री शिक्षा,युवा तथा खेलकुद शाखा

गुलरिया नगरपालिका,बर्दिया ।

# दुई शव्द

शिक्षा मानव सभ्यताको मेरुदण्ड हो । शिक्षा व्यक्तिको सर्वाङ्गिण पक्षको विकास गराउने प्रकृया हो । वर्तमान परिप्रेक्ष्यमा शिक्षा हरेक व्यक्तिको अधिकारको विषय पनि हो । नेपालको संविधानले नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या (८) अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा समावेश गरेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको सन्दर्भमा यस गुलरिया नगरपालिकाले पनि संविधान तथा कानुन प्रदत्त अधिकारको प्रयोग गर्दै **"*विकास, सम्बृद्धि र संरक्षण हाम्रो प्रतिबद्धता हाम्रो अभियान*"** भन्ने नारालाई अगाडि बढाएको छ । उक्त नारा साकार पार्न शैक्षिक विकास, पहूँच र व्यवस्थालाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय सरकारबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहेतापनि आवश्यक स्थानीय कानुन,नीति तथा कार्यविधि तर्जुमा देखि तिनको कार्यान्वयनमा गुलरिया नगरपालिकाको तर्फबाट हरसम्भव प्रयासहरु भईरहेका छन् ।शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडि बढ्दा आईपर्ने चुनौती तथा समस्याहरुलाई उचित तरिकाबाट समाधान गरी यस नगरपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण नगरबासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएको छु ।

गुलरिया नगरपालिकालाई उत्कृष्ट **शैक्षिक गन्तव्य** को रुपमा विकास गर्ने कार्यलाई मूर्तरुप दिन नगरसभाले पारित गरेका शिक्षाका नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा पाँच वर्षिय नगर शिक्षा योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, शिक्षाका अन्तर्सम्बन्धित मुद्दाहरु, विपद् व्यवस्थापन सँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाले गुलरिया नगरपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विस्वस्त छु ।

अबको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सिप सिकाउन सकेमा मात्र सिपयुक्त व्यक्ति श्रमबजारमा सहजै बिक्न सक्ने दक्ष जनशक्ति तयार भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी तथा **प्रारम्भिक कक्षा पढाई कार्यक्रम (दोस्रो)** को २९ वटा कलाकौशल सिप तथा यस गुलरिया नगरपालिका क्षेत्रको परम्परागत मौलिक ज्ञान सीप, संस्कृति र सभ्यताका असल पक्षहरुलाई समेट्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत तथा समृद्ध नगरपालिका बनाउने पवित्र सोच बोकेको यो योजना निर्माणमा खटिने गुलरिया नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका शाखा अधिकृत श्री सतिश यादव ज्यू, नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु, प्रारम्भिक कक्षा पढाई कार्यक्रमका जिल्ला संयोजक श्री रामकृष्ण हुमागाई ज्यू तथा योजना निर्माण कार्यदल, आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईदिने प्लान ईन्टरनेशनल तथा स्याक नेपाल लगायत सम्बद्ध सम्पूर्ण सरोकारवाला प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछु ।

धनयवाद ।

२०७८ चैत

मुक्तिनाथ यादव
नगरप्रमुख

# विषय सूची


| *विषयवस्तु* | *पेज नं.* |
|---|---|
| **कार्यकारी सारांश** | **१** |
| **कानुनी व्यवस्था** | **१** |
| **गुलरिया नगरपालिकाका असल अभ्यासहरु** | **२** |
| **योजनाको उद्देश्यहरु** | **३** |
| **योजना निर्माण प्रक्रिया** | **३** |
| **परिच्छेद १: परिचय** | **(५-९)** |
| १.१ पृष्ठभूमि | ५ |
| १.२ गुलरिया नगरपालिकाको सामान्य परिचय | ६ |
| १.३ साक्षरताको स्थिति | ७ |
| १.४ शिक्षण संस्थाको संख्यात्मक विवरण | ८ |
| १.५ शिक्षक दरबन्दी विवरण | ८ |
| १.६ विद्यार्थी भर्ना विवरण (कक्षागत सामुदायिक तथा संस्थागत दुवै देखिने) | ९ |
| १.७ सामुदायिक विद्यालय शिक्षक विद्यार्थी विवरण | ९ |
| **परिच्छेद २: नयाँ शिक्षा क्षेत्र योजना** | **(१०-१८)** |
| २.१ शिक्षा योजनाको सन्दर्भ र औचित्य | १० |
| २.२ दीर्घकालीन राष्ट्रिय सोच | १० |
| २.३ गुलरिया नगरपालिकाको दूरदृष्टि | १० |
| २.४ लक्ष्य | १० |
| २.५ उद्देश्यहरु | ११ |
| २.६ रणनीति तथा कार्यनीतिहरु | (११-१८) |
| **परिच्छेद ३: शिक्षाका उपक्षेत्रहरु** | (१८-६८) |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | १८ |
| ३.२ आधारभूत शिक्षा | २३ |
| ३.३ माध्यमिक शिक्षा | २८ |
| ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध | ३२ |
| ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | ३५ |
| ३.६ पाठ्यक्रम र पाठ्यसामग्री तथा मूल्याङ्कन | ३७ |
| ३.७ शिक्षक व्यवस्थापन र विकास | ४० |
| क) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति | ४० |
| ख) शिक्षक तयारी | ४० |
| ग) शिक्षण सिकाइ क्रियाकलाप | ४१ |
| घ) शिक्षक पेसागत सहयोग पद्धति | ४१ |

ङ) शिक्षक क्षमता विकास कार्यक्रम ४१
च) शिक्षक उत्तरदायित्व ४२
छ) शिक्षक आपूर्ती र वितरण ४२
३.८ विद्यालय व्यवस्थापन ( प्रधानाध्यापक समेत) ५२
३.९ निरन्तर शिक्षा , खुला सिकाइ, औपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ५५
३.१० गुणस्तरीय सार्वजनिक शिक्षा ५७
३.११ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहूँच/ समावेशी शिक्षा ६१
३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि ६३
३.१३ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा ६६

**परिच्छेद ४: संस्थागत संरचना र क्षमता विकास**
**(प्रदेश र संघीय तहसँगको सम्बन्ध) (६९-७१)**

**परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन (७१-७६)**
क) संघीय सरकारको अनुमानित बजेट खाका ७३
ख) प्रदेश सरकारको अनुमानित बजेट खाका ७५
ग) स्थानीय सरकारको अनुमानित बजेट खाका ७५

**परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण (७६-८१)**

**परिच्छेद ७: योजनाको नतिजा खाका (८१- ८३)**
क) तात्कालीन उपलब्धि ८२
ख) मध्यकालीन उपलब्धि ८३
ग) दीर्घकालीन उपलब्धि ८३
घ) अपेक्षित प्रभाव वा गन्तव्य पहिचान ८३
**सन्दर्भ सामग्री**
**अनुसूचीहरु**

# कार्यकारी सारांश

शिक्षा मानव सभ्यताको मेरुदण्ड हो । शिक्षा व्यक्तिको सर्वाङ्गिण पक्षको विकास गराउने प्रक्रिया हो । वर्तमान परिप्रेक्ष्यमा शिक्षा हरेक व्यक्तिको अधिकारको विषय पनि हो । नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधानले विद्यालय तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहूँचको सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको प्रमुख कर्तव्य हुन आएको छ । शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवनस्तरमा सुधार लयाउनुका साथै सामाजिक, साँस्कृतिक विकास मार्फत् सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तहको भएको हुनाले यस नगरपालिकाको जिम्मेवारीका साथै कर्तव्य समेत हुन आउँछ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पार्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ । युनेस्कोद्धारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कूल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ । सोही प्रतिवेदनमा कूल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यसै गरी दिगो विकासका लक्ष्य मध्ये लक्ष्य ४ मा " समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने," भनी लक्ष्य प्राप्तिका लागि मार्ग दर्शकको रुपमा अगाडि सारिएको छ ।

योजना भविष्यमा गरिने कामहरु भएकाले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ । प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकाहरुलाई शिक्षामा पहूँच पुऱ्याई गुणस्तरीय सिकाइ उपलब्धि हासिल गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु गुलरिया नगरपालिकाको प्रमुख भूमिका रहन गएको छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरुको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवम् निःशुल्क बनाई आशातित उपलब्धि प्राप्त गरेर यस नगरपालिकालाई शैक्षिक गन्तब्यको थलोको रुपमा विकास गर्ने ध्येयका साथ यो पाँच वर्षे नगर शिक्षा योजना तयार गरिएको छ ।

## कानुनी व्यवस्थाः

नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीति र प्राथमिकताका क्षेत्रहरुको उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ ।ती मौलिक हकहरु निम्न छन् :-

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्ग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसैगरी धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा(५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३), (७) र (९), दलितको हकसम्बन्धी धारा (४०) उपधारा(२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिकव बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र नगरसभा वा गाँउसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा अन्य संवैधानिक निकायहरुको साथै शिक्षा सँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवम् सञ्चालनको अधिकार प्रदान गरेको छ ।

## गुलरिया नगरपालिकाका असल अभ्यासहरुः

- ✓ नगरपालिकाको समग्र शिक्षा व्यवस्थापन र नियमन गर्न गुलरिया नगरपालिका शिक्षा ऐन २०७५ निर्माण भई कार्यान्वयन भइरहेको
- ✓ गुलरिया नगरपालिकाको स्वयंसेवक शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि-२०७८ निर्माण भई कार्यान्वयन भइरहेको
- ✓ विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधी २०७८ निर्माण भई सो अनुसार दरबन्दी मिलान कार्य सम्पन्न भएको
- ✓ केही विद्यालयहरुको बालविकास केन्द्रहरुमा LED सहितको शैक्षिक सामग्रीको व्यवस्था भई मल्टिमिडियाबाट पठनपाठन सञ्चालन,
- ✓ आधारभूत तथा माध्यमिक विद्यालयहरुमा ICT व्यवस्थापन गरिएको,
- ✓ विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या अपुग भएको साविकको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अनुदान व्यवस्थापन कार्यविधि बमोजिम ४२ जना नगर स्वयंसेवक शिक्षक व्यवस्थापन गरिएको,
- ✓ नगर क्षेत्र भित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था,
- ✓ शिक्षामा अभिभावकहरुको चासो र सक्रियता बढाउन EGRP अन्तर्गत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएको
- ✓ प्रारम्भिक कक्षाको पढाइ सिप विकासका लागि १० जना शिक्षकहरुको विषयविज्ञ (रोष्टर ) समूह गठन गरी क्षमता विकास तालिम प्रदान गरी सो समूहबाट प्रारम्भिक कक्षाको अनुगमन गरी पृष्ठपोषण प्रदान गरिएको,
- ✓ प्रराम्भिक कक्षाको पढाइ सिप विकासका लागि प्रत्येक विद्यालयमा प्रधानाध्यापक/प्रा वि इन्चार्जको संयोजकत्वमा शिक्षक सिकाइ समूह गठन गरी पठनपाठनका क्रममा आएका समस्याहरुको सोही समूहबाटै समाधान गर्ने परिपाटीको विकास गरिएको,
- ✓ विद्यालय भौतिक सुधारका कर्यक्रमहरु (कक्षाकोठा निर्माण, मर्मत, खानेपानी, शौचालय,बाउन्ड्रीवाल निर्माण ) समेतका कार्यक्रम सञ्चालन गरिएको,
- ✓ यस पालिकाको एक वटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कक्षा ९ - १२ मा पशु विज्ञान विषयमा पठनपाठन सञ्चालन,
- ✓ त्यसैगरी प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत नै CTEVT बाट सम्बन्धन प्राप्त गरी TECS अन्तर्गत कृषि विषयको Isc. Ag विषय सञ्चालन ,
- ✓ विद्यालयस्तरबाट नै बालबालिकाहरुको प्रतिभा प्रस्फुटन गर्न राष्ट्रपति रनिङशिल्ड तथा मेयरकप प्रतियोगिता सञ्चालन कार्यविधि-२०७६ तयार गरी हरेक बर्ष प्रतियोगिता सञ्चालन भइरहेको,
- ✓ विद्यालयस्तरमा प्रतियोगितात्मक रुपमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन,
- ✓ गुलरिया नगरपालिकालाई उत्कृष्ट शैक्षिक हवको रुपमा विकास गर्न पञ्चवर्षीय रणनीतिक शिक्षा योजना निर्माणको चरणमा रहेको,
- ✓ नगरपालिकाको स्थानीय आवश्यकता र परिवेशलाई समेटिनेगरी स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रिया अगाडि बढाइएको,
- ✓ एकिकृत पाठ्यक्रमलाई कार्यान्वयनका लागि कक्षा १- ३ सम्म अध्यापन गर्ने शिक्षकलाई पाठ्यक्रम प्रबोधिकरण तथा क्षमता विकास तालिम सञ्चालन,
- ✓ विद्यालयलाई दिनुपर्ने अनुदान (छात्रवृत्ति,बुक कर्नर,सामाजिक परीक्षण, व्यवस्थापन, मसलन्द,SIP निर्माण, दिवा खाजा, शैक्षिक गुणस्तर)लगायतका शिर्षकमा नियमित कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको र विद्यालयले सोही बमोजिम कार्यसम्पादन गरिरहेको,
- ✓ सामुदायिक विद्यालयमा अध्ययनरत सबै किशोरीहरुको स्वच्छता तथा सरसफाईका लागि विद्यालयका महिला शिक्षकलाई फोकल पर्सन तोकी सेनेटरी प्याडको व्यवस्थापन भइरहेको
- ✓ कोरोना भाईरस COVID-19 को संक्रमणका कारण विद्यालय बन्द भई पठनपाठन प्रभावित भएको अवस्थामा **सिकाइ सहजीकरण निर्देशिका** बमोजिम प्रत्येक विद्यालयबाट विद्यालयगत सिकाइ सहजीकरण कार्ययोजना निर्माण गर्न लगाई सोही बमोजिम गर्न/ गराउन निरन्तर पैरवी तथा छलफल अगाडि बढाइएको,
- ✓ नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी विद्यालय संचालन गरिएको,
- ✓ शिक्षकको पेसागत क्षमता तथा वृत्ति विकासका लागि तालिम सञ्चालन,

- ✓ २०७७ सालमा सामुदायिक विद्यालयबाट SEE उत्तिर्ण गरेका छात्राहरु लाई माध्यमिक तह सम्म टिकाइ राख्न साइकल वितरण कार्यक्रम सञ्चालन भएको
- ✓ विद्यालय कर्मचारी तथा बालविकास शिक्षकलाई नेपाल सरकारले विनियोजन गरेको त.भ. मा थप प्रोत्साहन हुनेगरी नगरपालिकाको तर्फबाट बजेट बिनियोजन गरिएको
- ✓ नगरपालिका तथा वडाहरुबाट विद्यालयहरुमा बालबालिकाहरुका लागि ड्रेस झोला तथा अन्य ICT सामग्रीहरु वितरण गरिएक

## योजनाको उद्देश्यः

उद्देश्य बिना कुनैपनि योजनाले अपेक्षित उपलब्धि हासिल गर्न नसक्ने भएकोले हरेक योजनाको स्पष्ट उद्देश्य किटान गर्नुपर्ने हुन्छ ।साक्षरताको हिसाबले गुलरिया नगरपालिकामा केही सकरात्मक संकेतहरु देखिएपनि शिक्षित नगर निर्माणका लागि तल उल्लेखित उद्देश्यहरु निर्धारण गरिएको छ ।

- ➢ नगरको वर्तमान शैक्षिक अवस्था पत्ता लगाउने ।
- ➢ शैक्षिक गुणस्तर वृद्धि गरी मापनयोग्य बनाउने ।
- ➢ विद्यालयलाई बाल, महिला तथा अपाङ्गमैत्री बनाउन पूर्वाधार तयार गर्ने ।
- ➢ विद्यालयमा समावेशीकरणलाई उच्च प्राथमिकता दिने ।
- ➢ समुदायमैत्री शिक्षणसंस्थाको विकास गर्ने ।
- ➢ व्यावसायिक, सीपयुक्त तथा प्राविधिक शिक्षा विस्तार गर्ने ।
- ➢ शैक्षिक तथ्याङ्कलाई भरपर्दो र विश्वासिलो बनाउने ।
- ➢ विद्यालय छाड्ने दरमा कमी ल्याउने ।
- ➢ विद्यार्थीको उत्तीर्णदरमा वृद्धि गर्ने ।
- ➢ परीक्षा प्रणालीलाई थप वैध, विश्वसनीय तथा व्यवस्थित बनाउने ।
- ➢ वैज्ञानिक तरीकाबाट शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने ।
- ➢ विद्यालय व्यवस्थापन, सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति दिने ।

## योजना निर्माणको प्रक्रियाः

कुनै पनि कार्य सम्पन्न गर्नका लागि गरिने परिकल्पनाको स्वरुपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरुको समिश्रणलाई योजना भनिन्छ । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्ने भएकोले यो एउटा जटिल र चुनौतीपूर्ण कार्य हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकोले तथ्यपरक सामग्रीहरुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रुपमा कार्यान्वयन तहसम्म पुऱ्याई मीठो प्रतिफल दिन आफैमा कठीन र चुनौतीपूर्ण छ । यद्यपी यो नगर शिक्षा योजना निर्माण गर्न तपसिलका प्रक्रियाहरुलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

- ❖ गुलरिया नगरपालिकाको पञ्चवर्षीय नगर शिक्षा योजना निर्माणका लागि ९ सदस्यीय योजना निर्माण समिति गठन गरिएको ।
- ❖ योजनालाई मूर्तरुप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
- ❖ योजनाको खाका तयार गरी विषयवस्तु माथि छलफल गरिएको ।
- ❖ योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी आवश्यक प्रश्नावली तथा तथ्याङ्क संकलन फारामहरुको निर्माण गरिएको ।
- ❖ विद्यालयका प्रधानाध्यापक, वि.व्य.स., शि.अ.संघ तथा अन्य शिक्षा सम्बद्ध सरोकारवालाहरुबाट लिखित सुझाव संकलन गरिएको ।
- ❖ गुलरिया नगरपालिकाको सम्बन्धित स्थानमा पुगी सरोकारवाला पक्षहरुसँग सुझाव संकलन गरिएको ।
- ❖ आमसरोकारवाला पक्षहरु, शिक्षाप्रेमी तथा बुद्धिजीविहरु तथा राजनीतिज्ञहरुसँग सहयोग एवम् लिखित सुझाव माग गरिएको ।
- ❖ गुलरिया नगरपालिकाको गुरुयोजना, शिक्षा युवा तथा खेलकुद शाखाबाट तयार पारिएका स्रोत सामग्री, प्रदेश तथा संघीय सरकारको शिक्षा सम्बन्धी योजना, नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा अन्य शिक्षा सम्बद्ध आधारपत्रहरुको समेत अध्ययन गरिएको ।

- जिल्ला शिक्षा योजना, राष्ट्रिय जनगणना २०६८, गुलरिया नगरपालिकाको घरपरिवार सर्वेक्षण २०७५ र बाँके युनेस्को क्लबले गरेको विद्यालय बाहिरा रहेका बालबालिकाहरुको घरधुरी सर्वेक्षण २०७८ तथा अन्य तथ्याङ्कहरुलाई आधार बनाइएको ।
- तथ्याङ्क संकलन, प्रक्षेपण, विश्लेषण र प्रमाणीकरण गरिएको ।
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण संकलन गरिएको ।
- नगर शिक्षा समितिबाट सिफारिश भई नगर कार्यपालिका तथा नगरसभाबाट पारित गरिएको ।

यो योजना तयारीका क्रममा समितिले निर्माण गरेको विषयगत/थिमगत विज्ञहरु समेटिएको प्राविधिक समितिले देहायबमोजिमको प्रतिवेदन तयार गरेको थियो ।

| क्र.सं. | नाम थर | पद | कार्यालय | विषय शिर्षक/ थिम |
|---|---|---|---|---|
| १ | श्री प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत | गुलरिया नगर कार्यपालिका बर्दिया | दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु |
| २ | श्री सतिश यादव | शाखा अधिकृत | गुलरिया नगरकार्यपालिका बर्दिया | शिक्षक व्यवस्थापन र विकास तथा विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन) |
| ३ | श्री रुपसिङ खत्री | लेखा अधिकृत | गुलरिया नगरकार्यपालिका बर्दिया | बजेट सम्बन्धी व्यवस्था |
| ४ | श्री सतिश यादव | शाखा अधिकृत | गुलरिया नगरकार्यपालिका बर्दिया | संस्थागत संरचना र क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन र कार्यान्वयन ,अनुगमन तथा मूल्याङ्कन |
| ५ | श्री सतिश यादव | शाखा अधिकृत | गुलरिया नगरकार्यपालिका बर्दिया | प्रारम्भिक बालविकास तथा आधारभूत तथा माध्यमिक शिक्षा तथा उच्च शिक्षा र माध्यमिक तहको उच्च शिक्षा सँग सम्बन्ध |
| ६ | श्री लक्ष्मण चौधरी | शिक्षक | श्री भानोदय आ वि बेचैपुर | |
| ७ | श्री प्रमोद कुमार तिमिल्सेना | शिक्षक | श्री म क दे मा वि गुलरिया | पाठ्यक्रम र पाठ्यसामग्री |
| ८ | श्री निर्मल कुमार उपाध्याय | प्रिन्सिपल | श्री जनज्योति मा वि गुलरिया | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप |
| ९ | श्री विष्णुमाया शर्मा | सामाजिक विकास समिति संयोजक | गुलरिया नगरपालिका | |
| १० | श्री प्रमोद कुमार तिमिल्सेना | शिक्षक | श्री म क दे मा वि गुलरिया | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा |
| ११ | श्री दया पौडेल | प्रधानाध्यापक | श्री बालमन्दिर आ वि गुलरिया | |
| १२ | श्री रामकृष्ण हुमागाई | जिल्ला संयोजक | EGRP II | गुणस्तरीय सार्वजनिक शिक्षा |
| १३ | श्री मुकुन्द अर्याल | वरिष्ठ अधिकृत | गुलरिया नगरकार्यपालिका बर्दिया | शिक्षामा कमजोर वर्गको पहूँच र समावेशी शिक्षा |
| १४ | श्री प्रभात सुवेदी | शिक्षक | श्री बगलामुखी मा वि गुलरिया | शिक्षा क्षेत्रमा सूचना र प्रविधि |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको दक्षिणी भागमा अवस्थित यो गुलरिया नगरपालिका क्षेत्रफलका हिसावले सानो भएतापनि यहाँको अधिकांश क्षेत्र खेतियोग्य जमिनको रुपमा उपभोग हुँदै आएको छ। धान र गहुँ यस क्षेत्रको मुख्य उत्पादन हुने खाद्यान्न बालीहरु हुन्। उर्वर भूमी भएका कारण खाद्यान्न उत्पादनमा यो क्षेत्र आत्मनिर्भर छ। थारु, मधेसी तथा पहाडी समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा अन्य जातिहरुको पनि उल्लेखनीय बसोबास रहेको पाइन्छ। यहाँका बासिन्दाहरुको मुख्य पेसा कृषि नै रहेको पाइन्छ।

शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम् मानव अधिकारको विषय हो। हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै चासो र चिन्ताको विषय पनि बनेको छ। नेपाल सरकारले पनि इन्चोन घोषणामा (INCHEON Declaration) हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ भनी प्रतिबद्धता जनाएको छ भने हाल विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण भई ५ वर्ष कार्यान्वयन भई २०७८ अषाढमा समाप्त भइसकेको अवस्था छ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्नको लागि निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको अवस्था छ। यसरी संविधानले सुनिश्चित गरेको शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व संविधान अनुसार मुख्यतया स्थानीय सरकारको रहेको छ यसका साथै स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरू (SDGS). सन् २०३० सम्मको शिक्षा, विद्यालय क्षेत्र विकास योजना (SSDP) जस्ता विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय योजना मञ्च तथा दस्तावेजमा गरेका प्रतिवद्धताहरूलाई समेत आत्मसात् गरी उक्त दस्तावेजको कार्यान्वयनमा समेत ध्यान दिन जरुरी रहेको छ। तर सीमित स्रोत साधन र असीमित आवश्यकताले गर्दा स्थानीय सरकारले प्रभावकारीरूपमा आफ्नो काम कर्तव्य पूरा गर्न चुनौती रहेको देखिन्छ। यसकारण दिगो विकासको लक्ष्य ४ मा रहेको शिक्षासम्बन्धी लक्ष्य तथा उद्देश्यहरू नेपालको सन्दर्भमा पूर्णरूपमा कार्यान्वयन गर्नका निमित्त विशेष गरी स्थानीय तथा प्रादेशिक सरकारहरूसँग निरन्तर बहस तथा पैरवी गरी उनीहरूको योजना र कार्यक्रमहरूमा विद्यालय शिक्षालाई प्राथमिकतामा राख्नु आवश्यक रहेको छ।

वर्तमान शिक्षा प्रणालीमा शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणाली, दलीयकरण, राजनैतिक भागबण्डा र पढेको वा शिक्षित व्यक्तिको क्षमता उपर विगतमा हामीले धेरै थोरै आलोचना गर्‍यौँ यद्यपि क्षमता र योग्यताको आधारमा जिम्मेवारी र शिक्षाको अवसर सुनिश्चित गर्न नसक्नु न्यायपूर्ण समाज निर्माणका वाधक हुन गयो। यसै बिच संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास र शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी पनि सुम्पियो। यसैगरी प्रादेशिक तथा संघीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दियो। प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम संघीय सरकारको साझा जिम्मेवारीमा राख्यो। यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगारउन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचकीय क्षमता सहितको अनुसन्धानमूलक, एवम् नेपालका विविध कला, सस्कृति, ज्ञान, सीप, प्रविधि, धार्मिक तथा जनज्ञान आदिसँग जोड्दै पश्चिमी प्रविधि, ज्ञान तथा सीपको पनि भरपूर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत समुदाय र देशको विकासमा योगदान गर्न सक्ने विद्यार्थी उत्पादन गरिनेछ भन्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएकोछ।

तसर्थ राज्यको पुर्नसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो शिक्षा विकास आफै गरौं भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयको समग्र पक्षको सुधार, विद्यालय शिक्षा विकास तथा गुणस्तर कायम गर्न विद्यालय सुधार योजना (School Improvement Plan) ले उल्लेखनीय भूमिका खेलेको हुन्छ। " Think Globally Act Locally " को वैज्ञानिक सिद्धान्तलाई मध्यनजर गर्दै " To build better school through better Teaching and Learning" को मूल आदर्शमा रही विद्यालयद्वारा निर्माण भई कार्यान्वयनमा आउने विद्यालय सुधार योजना (SIP) यस योजनालाई आधारभूत दस्तावेजको रुपमा हेरिएको छ। तसर्थ यसनगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा आएको अवस्था रहेको छ। विद्यालय सुधार योजनालाई विश्लेषण गरी त्यसमा आधारित भएर यो पञ्चवर्षीय शिक्षा क्षेत्र विकास योजना तयार गरिएको छ। शिक्षा क्षेत्रमा विगतमा नेपाल सरकारले लागू गरेका राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम जस्ता कार्यक्रम जसको पहिलो चरणको कार्यक्रम कार्यान्वयनको नतिजा सकारात्मक देखिएको छ ती कार्यक्रमहरुका सकारात्मक नतिजाहरुलाई स्थायित्व दिने सन्दर्भमा समेत यो पञ्चवर्षीय शिक्षा योजना निर्माण गर्नु परेको हो। गुलरिया नगरपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्य (Educational Hub) बनाउन यो नगर शिक्षा योजना मार्गदर्शकको रुपमा रहनेछ।

## १.२ गुलरिया नगरपालिकाको सामान्य परिचय:

गुलरिया नगरपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा पर्दछ। जिल्लाको ८ वटा स्थानीय तह मध्ये एक यो नगरपालिका बर्दिया जिल्लाको जिल्ला सदरमुकाम पनि हो। यस नगरपालिकाको कुल क्षेत्रफल ११८.२१ वर्ग कि. मि. रहेको छ। यस परिच्छेदमा यस नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति , धरातलीय अवस्था तथा साँस्कृतिक उत्कृष्टतालाई देहायबमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

### १.२.१ भौगोलिक अवस्थिति:

गुलरिया नगरपालिका नेपालको पश्चिम तराई क्षेत्रमा पर्दछ र समुद्र सतहदेखि १४५ मिटर उचाईमा अवस्थित रहेको छ। भौगोलिक अवस्थितिका हिसाबले यो नगरपालिका २८°८′१" उत्तरदेखि २८°१७′१२" उत्तरी अक्षांश र ८१°१६′४९" पूर्वदेखि ८१°२४′४८"पूर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिकाको पूर्वमा बर्दिया जिल्लाको बढैयाताल गाँउपालिका, पश्चिममा मधुवन नगरपालिका, उत्तरमा बारबर्दिया नगरपालिका र दक्षिणमा भारतको उत्तर प्रदेशको बहराइच जिल्ला पर्दछ। गुलरिया नगर क्षेत्र नदीको बेसिन क्षेत्रमा अवस्थित, मलिलो तथा सिंचित भूमी, तराईको समथर भूभाग तथा पूर्व पश्चिम राजमार्गबाट नजिक रहेको शहरी विस्तारका लागि समेत सम्भावना बोकेको शहर हो। नेपालको पश्चिम भित्री मधेश तथा तराईको वरदान र अभिशाप दुबै रुपमा रहेको बबई नदी बर्दिया राष्ट्रिय निकुञ्ज हुँदै यस नगरको उत्तर पूर्वी क्षेत्र भएर बग्दछ। यसैगरी यस नगरको पश्चिम भागलाई सर्जू नदीले सिंचित गरेको छ।

गुलरियाको अधिकतम तापक्रम ४२° सेल्सियस र न्यूनतम तापक्रम ७.७° सेल्सियस रहेको छ भने औसत वार्षिक वर्षा १०५० मि.मि. रहेको छ। नेपालको संविधान बमोजिम संघीय शासन प्रणाली अनुसार स्थापित गुलरिया नगरपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

| वडा नं. | साविक नगरपालिका तथा गा.वि.स. | वडाको क्षेत्रफल(ब.कि.मि.) | वडाको केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | गुलरिया १ र ३ | ८.४८ | पर्वतीया मन्दिर क्षेत्र |
| २ | गुलरिया २ | १७.२० | गुजराना |
| ३ | गुलरिया ४ | ७.९२ | तेजीपुर |
| ४ | गुलरिया ५ र ७ | १७.९७ | तुल्सीपुर |
| ५ | गुलरिया ६ | ३.९७ | सुहेलवा |
| ६ | गुलरिया ८ | ०.९४ | गुलरिया बजार |
| ७ | गुलरिया ९ | ४.०९ | चौगुर्जी, गुलरिया गाउँ |
| ८ | गुलरिया १० र ११ | १३.१३ | आशापुर |
| ९ | गुलरिया १२ | ९.३३ | टेपरी |
| १० | गुलरिया १३ र १४ | १२.२७ | प्रयागपुर |
| ११ | महमदपुर १-५ र ७ | ९.०० | जिगरिया |
| १२ | महमदपुर ६, ८ र ९ | १३.९१ | भैँसाही |
| | **जम्मा** | **११८.२१** | |

*स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विवरण, २०७४*

### १.२.२ ऐतिहासिक चिनारी तथा नामाकरण:

यस नगरपालिकाको नामाकरण सन्दर्भमा लिखित दस्तावेज तथा स्थानीय जानकार व्यक्तिका अनुसार नगरपालिकाको हालको मुख्य बजारबाट पश्चिमतर्फ नजिकै गाँउको बिचमा एक ठुलो गुलरको रुख रहेको थियो। गुलरको रुख रहेको उक्त गाँउलाई स्थानीय समुदायले गुलरिया गाँउ ले सम्बोधन गर्दथे। सोही गाँउको नामबाट गाँउ पञ्चायत स्थापना हुँदै गुलरिया गाँउ विकास समिति भएको र २०५३ सालमा बर्दिया जिल्लाका साविकका ३ गाँउ विकास समिति गुलरिया, मथुराहरिद्वार र खैरापुर मिलाएर गुलरिया नगरपालिका गठन भएको थियो। २०७३ सालमा नेपालको संघीय पूनर्संरचनाको प्रक्रियामा साविक गुलरिया नगरपालिका र महमदपुर गाँउ विकास समिति समायोजन गरी गुलरिया नगरपालिका कायम गरिएको हो।

## १.२.३ राजनीतिक स्वरुप

गुलरिया नगरपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेश स्थित बर्दिया जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित रहेको छ। कुल १२ वटा वडा यस नगरपालिकामा रहेका छन्। नगरपालिकाको केन्द्र साविक गुलरिया नगरपालिकाको कार्यालय रहेको गुलरिया बजारको सिटी हलमा अवस्थित रहेको छ।यो नगरपालिका जिल्ला भित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश १(ख) मा पर्दछ।

## १.२.४ धरातलीय अवस्था:

धरातलीय हिसाबले गुलरिया नगरपालिका नेपालको पश्चिम तराई क्षेत्रमा पर्दछ। यो नगरपालिका बबई नदीको बेसिन क्षेत्रमा अवस्थित, मलिलो तथा सिञ्चित भूमी रहेको तराईको समथर भूभागमा पर्दछ। जैविक विविधताको हिसाबले महत्त्वपूर्ण बर्दिया राष्ट्रिय निकुञ्ज हुँदै यस नगरको उत्तर पूर्वी क्षेत्र भएर बबई नदी बगेको छ। नगरपालिकामा पूर्णतः समथर भूमी रहेको छ। नदी र खोल्सीले नगरपालिकाको भूभाग केही उवर खावड रहेको छ।

## १.२.५ साँस्कृतिक उत्कृष्टता:

यस नगरपालिकामा साँस्कृतिक हिसाबले अवधी भाषी मधेसी, थारु तथा धार्मिक अल्पसंङ्ख्यक मुस्लिम समुदायको बाहुल्यता रहेको छ।फलस्वरुप मुख्यरुपमा अवधी, थारु, मुस्लिम, खस ब्राह्मण भाषा तथा सँस्कृतिको समिश्रण तथा अनुपम संगम रहेको छ। धार्मिक रुपमा हिन्दू तथा मुस्लिम धर्मावलम्बीहरुको बाहुल्यता रहेको यस नगरपालिका क्षेत्रमा मनाइने हिन्दू धर्मावलम्बीहरुको चाडपर्वहरुमा कृष्णा जन्माष्टमी, तीज, जनैपूर्णीमा, दशैँ, तिहार, माघेसक्रान्ति, चैते दशैँ आदि रहेका छन् भने मुस्लिमहरुको ईद, बकर ईद, मोहम्मद डे रहेका छन्। यस नगरपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापले यहाँको सामाजिक तथा साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रुपमा पुरुषहरुले मुख्य रुपमा धोति कुर्ता, पाइजामा, सुरुवाल टोपी तथा कोट र महिलाले गुन्यू चोली र पटुकी लगाउने गर्दछन् र मुस्लिम महिलाहरुले बुर्का लगाउँछन्। बागेश्वरी, कोटही मन्दिर, पर्वतीया मन्दिर, मुक्तिनारायण भादा घाट आदि मन्दिरहरु महत्त्वपूर्ण धार्मिक स्थलहरु हुन्।

## १.३ साक्षरताको स्थिति:

घरधुरी सर्वेक्षण २०७५ को आधारमा नगरपालिकाको कूल जनसंख्या ७१९९१देखिन्छ जसमध्ये महिलाको जनसंख्या ३५०१९ र पुरुषको जनसंख्या ३६९७२ रहेको देखिन्छ। ५ वर्ष मुनिको कूल जनसंख्या ७९३८ रहेको छ जस मध्ये महिला ३८७७ र पुरुष ४०६१ रहेको छन्। गुलरिया नगरपालिकाको कूल साक्षरता दर ६८.९७ प्रतिशत देखिन्छ। जसमा पुरुषको प्रतिशत ७०.८२ र महिलाको ६७.१२ प्रतिशत रहेको देखिन्छ। सबै निरक्षरहरुलाई साक्षर बनाउने जिम्मेवारी हामी सबैका काँधमा आएको छ। निरन्तर शिक्षा तथा आयमूलक कार्यक्रम माग गरी सञ्चालन गर्ने जस्ता कार्यक्रम सञ्चालनमा जोड दिनु पर्ने देखिन्छ।उमेर अनुसार जनसंख्याको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

***उमेरका आधारमा जनसंख्याको विवरण***

| क्र स | उमेर समूह | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | ५ वर्ष मुनी | ३८७७ | ४०६१ | ७९३८ |
| २ | ६ देखि १५ वर्ष सम्म | ६३९९ | ६९१६ | १३३१५ |
| ३ | १६ देखि २४ वर्षसम्म | १५६३२ | १६४७९ | ३२१११ |
| ४ | २५ देखि ६० वर्ष सम्म | ६५१७ | ६७४१ | १३२५८ |
| ५ | ६० वर्ष भन्दा माथि | २५९४ | २८७५ | ५४६९ |
| | जम्मा | ३५०१९ | ३७०७२ | ७२०९१ |

***स्रोतः घरधुरी सर्वेक्षण,२०७५***

साक्षरता सम्बन्धी विवरण

| साक्षरता प्रतिशत | | |
|---|---|---|
| पुरुष | महिला | जम्मा |
| ७०.८२ | ६७.१२ | ६८.९७ |

***स्रोतः घरधुरी सर्वेक्षण,२०७५***

शिक्षा र विकास एक अर्काका परिपुरक हुन् अर्थात शिक्षा विना विकास असम्भव प्रायः छ भन्ने आदर्शलाई आत्मसाथ गर्दै समग्र शिक्षा क्षेत्रको रुपान्तरण गर्ने अभिप्रायका साथ अगाडि बढिरहेको गुलरिया नगर विकासका माध्यमबाट सिंगो समाजलाई यस पालिकाले शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । आधारभूत शिक्षा सुनिश्चितता भएको स्थानीय तहको रुपमा घोषाणा गर्ने लक्ष्य राखिएको छ । यस नगरपालिकामा सामुदायिक ४७ वटा र संस्थागत १३ वटा गरी जम्मा ६० वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् । जहाँ हजारौँ बालबालिकाहरु शिक्षा आर्जन गरिरहेका छन् । यस नगरपालिकामा विभिन्न जातजातिको बसोबास भएको हुँदा विद्यालय क्षेत्रमा समेत बहु जातिका बालबालिकाहरु देखिन्छन् ।

## १.४ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण :

### ***शैक्षिक संस्थाहरुको विवरण***

| गुलरिया नगरपालिकामा सञ्चालित विद्यालय/शैक्षिक संस्थाहरु | | | | |
|---|---|---|---|---|
| **क्रस** | **विद्यालय** | **सामुदायिक** | **संस्थागत** | **जम्मा** |
| १ | प्राथमिक (१-५) | २९ | ९ | ३६ |
| २ | आधारभूत (१-८) | ८ | ० | ८ |
| ३ | माध्यमिक (१-१२) | १० | ४ | १४ |
| ४ | क्याम्पस | १ | ० | १ |
| ५ | सामुदायिक सिकाई केन्द्र | ३ | ० | ३ |

### ***१.५ शिक्षक दरबन्दी तथा अन्य कर्मचारी विवरण***

| | प्रा .वि. दरबन्दी | प्राराहत .वि. | नि .वि.मा. दरबन्दी | नि .वि.मा. राहत | मा .वि. दरबन्दी | माराहत .वि. | उअनुदान.वि.मा. | उप्रशिक्षक.वि.मा. | मा .वि. प्रशिक्षक | नि.वि.मा.सहायक प्रशिक्षक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १३१ | ८१ | २१ | १६ | १९ | ९ | ८ | ४ | २ | २ | २९३ |

**बालविकास शिक्षक संख्या:१३५**

**विद्यालय सहयोगी कर्मचारी संख्या:४७**

**विद्यालय सहायक कर्मचारी संख्या:१०**

**स्रोतः IEMIS रिपोर्ट- २०७८**

## १.६ विद्यार्थी भर्ना विवरण (कक्षागत सामुदायिक संस्थागत दुवै देखिने)

**शैक्षिकसत्र २०७८ को विद्यार्थी विवरण**

| सामुदायिक विद्यालय विद्यार्थी संख्या | | | | संस्थागत विद्यालयका विद्यार्थी संख्या | | | कुलजम्मा |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| बालविकास | १३३९ | १३६१ | २७०० | २९८ | ४३२ | ७३० | ३४३० |
| जम्मा१-५ | ४०१५ | ४०२० | ८०३५ | ६२३ | १०१३ | १६३६ | ९६७१ |
| जम्मा६-८ | १६०३ | १७३० | ३३३३ | २५६ | ३१२ | ५६८ | ३९०१ |
| जम्मा९-१० | १०२४ | ९७८ | २००२ | १०८ | ११८ | २२६ | २२२८ |
| जम्मा११-१२ | ४४१ | ३८६ | ८२७ | ५९ | ६५ | १२४ | ९५१ |
| कुल जम्मा | ८४२२ | ८४७५ | १६८९७ | १३४४ | १९४० | ३२८४ | २०१८१ |

स्रोतः IEMIS रिपोर्ट- २०७८

## १.७ सामुदायिक विद्यालय शिक्षक विद्यार्थी अनुपात

| सि. नं. | संचालित तह | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|
| १ | बालविकास | १ :२० | |
| २ | आधारभूत (१-५) | १:३८ | |
| ३ | आधारभूत (६-८) | १:९० | |
| ४ | माध्यमिक (९-१०) | १:७१ | |
| ५ | माध्यमिक( ११- १२) | १:१०३ | |

स्रोतः IEMIS रिपोर्ट- २०७८

शिक्षक विद्यार्थी अनुपात तालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा पूर्व प्राथमिक तहको शिक्षक अनुपात राष्ट्रिय मापदण्ड अनुसार ठिक देखिन्छ। तर आधारभूत तह (१-५) मा १ जना शिक्षक बराबर ३८ जना मात्र विद्यार्थी रहेको अवस्था छ। यस तहमा उल्लेख्य विद्यार्थी सङ्ख्या वृद्धि नगरे शिक्षक दरबन्दी जोगाउन नसकिने अवस्था छ। आधारभूत तह (६-८)मा १ जना शिक्षक बराबर ९० जना विद्यार्थी, माध्यमिक तह(९-१०) मा १ जना शिक्षक बराबर ७१ जना र माध्यमिक तह (११- १२) मा १ जना शिक्षक बराबर १०३ जना विद्यार्थी देखिन्छ। अतः कक्षा ६ देखि कक्षा १२ सम्मको विद्यार्थी सङ्ख्याको अनुपात सरकारी मापदण्ड भन्दा धैरै बढी छ। शिक्षक दरबन्दी भन्दा विद्यार्थी सङ्ख्या धैरै भएकाले पर्याप्त शिक्षक दरबन्दी व्यवस्थापन गर्न नसके योजनाबद्धरुपमा गुणस्तरीय शिक्षा प्रवाह गर्न कठिन हुने देखिन्छ।

## परिच्छेद २: नयाँ शिक्षा क्षेत्र योजना

### २.१ शिक्षा योजनाको सन्दर्भ र औचित्य

देशमा संघियता पश्चातको शिक्षा व्यवस्थापनमा संविधानले संघीयताका विभिन्न तहहरुको अधिकार र कार्यक्षेत्र विभाजन गरे पश्चात शिक्षा क्षेत्रमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम सकिदै गरेको र SSDP समय सकिए संगै तीन वटै तहका सरकारहरुले शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा योजना निर्माण भैरहेको सन्दर्भमा गुलरिया नगरपालिकाले पनि नगरपालिकाको आफ्नै आर्थिक स्रोत र EGRP II र शिक्षा विकास समन्वय इकाइ बर्दियाको प्राविधिक सहयोगमा वि.सं. २०७८ देखि कार्यान्वयन गर्ने गरी यो शिक्षा क्षेत्रको पञ्चवर्षीय योजना २०७८ - २०८३ निर्माण गरेको हो।

हामी COVID-19 को महामारीका आरोह अवरोह पार गर्दै गर्दा विपद्का आधारवस्तु समेतलाई पहिलो पटक समावेश गरी निर्माण भएको SSDP को अन्तिम वर्ष र नयाँ शिक्षा क्षेत्रको योजना निर्माण गर्दै गर्दा पहिलो पटक संघीयताको कार्यान्वयनमा जाँदै गर्दा केही संवैधानिक अधिकार र स्वयत्तता सहितको पृष्ठभूमिमा यो शिक्षा क्षेत्र योजना निर्माण भएको हो। नेपालको संविधानको धारा ३१ ले अनिवार्य र निःशुल्क आधारभूत र निःशुल्क माध्यमिक शिक्षालाई नागरिकको मौलिक अधिकारका रुपमा स्थापित गरेको प्रस्तुत सन्दर्भमा अनिवार्य तथा निशुल्क शिक्षा नीति २०७५ ले स्थानीय सरकार र मुख्य गरी वडा समितिहरुलाई जिम्मेवार बनाएको पाइन्छ। मौलिक अधिकार संविधानले संवैधानिक उपचार सहितको अधिकार हुनुको नाताले यी शिक्षा व्यवस्थापनका कुरा राज्यको अनिवार्य दायित्व भित्र पर्ने हुनाले सबै विद्यालय उमेरका वालवालिकाहरुलाई अनिवार्य विद्यालय शिक्षामा सहभागी गराएर नागरिकको मौलिक अधिकार सुनिश्चित गरिनेछ, भन्ने मनसायका साथ प्रस्तुत पञ्चवर्षीय शिक्षा नीति तथा योजना निर्माण गरिएको हो।

सन् २०३०सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि विश्वका साझा समस्या र उपलब्धिलाई मध्यनजर गर्दै १७ वटा दिगो विकासका साझा लक्ष्यहरू निर्धारण गरेको छ। यी लक्ष्यहरू मध्ये ४ नं. दिगो विकासको लक्ष्यले शिक्षा सम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवन पर्यन्त सिकाइको सुनिश्चितता गरिनेछ भन्ने कुरा उल्लेख गरेको छ। त्यो साझा प्रतिवद्धताको पक्ष राष्ट्र नेपाल पनि भएकोले यस स्थानीय तह अन्तर्गत उक्त लक्ष्य पूरा गर्न तथा राष्ट्रिय उपलब्धि हासिल गरी सहजीकरण गर्न यस योजनाको आवश्यकता परेको हो। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी विद्यालय अनुमति देखि सञ्चालन एवम् नियमनको काम समेत स्थानीय तहहरुलाई दिएकोले सोही व्यवस्था बमोजिम विद्यालय तहको शिक्षा व्यवस्थापन र विकासको लागि यस योजनाले सहयोग गर्ने अपेक्षा गरिएको छ।

### २.२ दीर्घकालीन राष्ट्रिय सोच

संघीय नेपालको दिर्घकालीन सोच र दृष्टिकोणले समग्र नेपालको हित र पक्षमा पैरवी गरे पनि त्यो सोच प्राप्तिको लागि सबै स्थानीय सरकारहरुले सोही वमोजिम अगाडि बढ्न अति आवश्यक हुन आउँछ। तसर्थ राष्ट्रिय सोचको प्रत्यक्ष असर हाम्रो गुलरिया नगरपालिकाको शिक्षा योजनामा पनि पर्दछ। **"समृद्ध नेपाल र सुखी नेपाली"**को दीर्घकालीन सोच राखेको हाम्रो देशले वि. स. २०७९ सम्ममा अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति हुने र २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने दीर्घकालीन सोच राखेको पाइन्छ। त्यसै गरी शिक्षाको विकासका लागि **"सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास"** भन्ने दीर्घकालीन सोच राखेको पाइन्छ।

### २.३ गुलरिया नगरपालिकाको दूरदृष्टिः

हाम्रो यस गुलरिया नगरपालिकाको दीर्घकालीन सोच देहायबमोजिम रहेको छ।

"श्रम, रोजगार युक्त गुणस्तरीय शिक्षा हाम्रो चाहना।
व्यावसायिक र प्राविधिक जनशक्ति गुलरिया नगरपालिकाको गहना॥"

### २.४ लक्ष्यः

गुलरिया नगरपालिका भित्र प्रविधियुक्त ज्ञान, सिप, आलोचनात्मक चेत सम्पन्न, प्रतिस्पर्धी एवम् दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारमूलक, व्यावसायिक एवम् स्वाबलम्बी अब्बल नागरिक उत्पादन गरी शैक्षिक हवको रुपमा विकास गर्ने।

## २.५ उद्देश्यहरुः

गुलरिया नगरपालिकाको यस शिक्षा नीतिले शिक्षामा सबैको पहूँच सुनिश्चित गर्दै गुणस्तर सुधारलाई केन्द्रमा राखेको छ । यसका लागि सबै बालबालिकालाई विद्यालयको पहूँचमा ल्याउने, शिक्षक व्यवस्थापन गर्ने, भौतिक पूर्वाधारमा जोड दिने, अनुगमन, मूल्याङ्कन र सुपरीवेक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी गुणस्तरीय शिक्षा प्रत्याभूत गरिनेछ । सामुदायिक विद्यालयमा अभिभावकको विश्वास आर्जन गरी संस्थागत र सामुदायिक विद्यालय बिचको अन्तर न्यूनिकरण गरिनेछ।

१. गुलरिया नगरपालिका भित्रका विद्यालय उमेरसमूहका बालबालिकाहरुले आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक वा अन्य कुनैपनि कारणले शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित हुनु पर्ने अवस्था रहने छैन भन्ने यथार्थलाई व्यवहारमा उतार्नु,
२. समन्यायिक मान्यताको आधारमा समावेशी, गुणस्तरीय विद्यालयीय शिक्षाको सहज पहूँच प्रत्याभूत गराउनु,
३. नगरपालिका भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्नु,
४. साक्षरता शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त शिक्षा प्रत्याभूत गराउनु,
५. गुणस्तरयुक्त प्रभावकारी शिक्षाको आधारशिला तयार गरी श्रम, रोजगार र आत्मनिर्भर जनशक्ति तयार गर्नु,
६. यस नगरपालिका क्षेत्रभित्रका ठोस शैक्षिक समस्या पहिचान गरी ती समस्याहरुको योजनाबद्धरुपले हल गर्ने क्षमता विकास गर्नु,
७. गुणस्तरीय शिक्षाका माध्यमबाट ज्ञान, सिप र श्रमलाई एकिकृत गरी समुन्नत समाज निर्माण गर्नु,
८. नगरक्षेत्रभित्रका विद्यालयहरुलाई शान्त, भयरहित तथा ज्ञान सिप र अभिवृत्तिले सम्पन्न बनाउदै क्रमशः सुविधासम्पन्न भौतिक संरचना निर्माण गरी सूचना र प्रविधिको पहूँच विस्तार गर्दै विश्वसनीय संस्थाको रुपमा दीगो विकास गर्नु,
९. विपद्कालीन विभत्स अवस्थाबाट विद्यालयहरुमा हुनसक्ने सम्भावित जोखिम न्यूनीकरण गर्नु,
१०. Steam पद्धतिको माध्यमबाट गुणस्तरीय व्यवहारिक शिक्षा र व्यवहारकुशल सिप विकास गर्दै आलोचनात्मक क्षमता अभिवृद्धि गर्नु,
११. प्राविधिक धार तर्फ समेत सामुदायिक विद्यालयहरुलाई जोड्दै प्राविधिक शिक्षाको पहूँच सर्वसुलभ बनाउनु,

## २.६ रणनीति तथा कार्यनीतिहरुः-

गुलरिया नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजना २०७८-८३ मा शिक्षाका रणनीति तथा कार्यनीति, विभिन्न क्रियाकलाप र प्राथमिकताहरुलाई प्रस्तुत गरिएको छ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बालविकास केन्द्र सम्बन्धि व्यवस्थापन गर्ने। | • नगरपालिका भित्रका सबै प्रारम्भिक बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड तोकी(बसाइ, भवन, सहजकर्ता, खाजा, सामग्री) आदि एउटै मापदण्डमा सञ्चालन गर्ने।<br>• विद्यालयमा आधारित र समुदायमा आधारित बालविकास केन्द्रहरुको यथार्थ अवस्था अध्ययन गरी यस सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरुको यथार्थ विवरण संकलन गरी बजेट र क्रियाकलापको प्राथमिकता सुनिश्चित गर्ने।<br>• आवश्यकताअनुसार सहजकर्ता नियुक्ति, तालिम र पोषाक समेतको व्यवस्था गरी बालविकास व्यवस्थापनमा लगानी बढाउने।<br>• पालिकाभित्रका सबै बालविकास केन्द्रहरुको स्तरोन्नति गर्न NGO/INGO सँग समन्वय र सहकार्य गर्ने।<br>• बालबालिकालाई खाजा व्यवस्थापनका लागि पत्रुखाजा निषेध गर्दै अभिभावकसँग साझेदारी गरी स्थानीय उत्पादनमा आधारित खाजा व्यवस्थापन ढाँचा अवलम्बन गर्ने। |

| | |
|---|---|
| | • विद्यालय तथा समुदायमा सञ्चालित बालविकास केन्द्रहरुमा बाल उद्यान र खेल सहितको बालविकास कक्षा सञ्चालन गर्ने। |
| २. नगरक्षेत्रभित्र रहेका विद्यालय उमेर समूहका बालबालिकाको शिक्षामा पहूँच सुनिश्चित गर्दै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गर्ने तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने। | • नगरक्षेत्र भित्रका घरधुरीहरुको सर्वेक्षण गरी विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या एकिन गर्ने। सबै उमेर समूहका बालबालिकाको लागि १ घण्टा भन्दा बढि विद्यालय पुग्ने समय नलाग्ने गरी नगरपालिका क्षेत्रमा आवश्यक पर्ने जम्मा विद्यालय सङ्ख्या एकिन गर्ने।<br>• विद्यालय उमेर समूहका कुनैपनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गर्ने। भौगोलिक दूरी र विकटता, जनसङ्ख्या र हाल विद्यालयसम्म पुग्नका लागि लाग्ने समय समेतलाई दृष्टिगत गरी वडा कार्यालयको सिफारिसका आधारमा आवश्यक विद्यालय स्थापना गर्ने, तह थप्ने तथा गाभ्ने कार्य सम्पन्न गर्ने।<br>• विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई वैकल्पिक तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गरी शिक्षाको अवसर प्रदान गर्ने। सामुदायिक अध्ययन केन्द्र मार्फत यस्ता कार्यक्रम सञ्चालन गर्ने।<br>• बालबालिकाहरुका समस्या पहिचान गरी उनीहरुलाई विद्यालय जान प्रोत्साहित गर्ने र समस्या समाधानका उपाय अवलम्बन गरी विद्यालयमा भर्ना हुने वातावरण तयार गर्ने।<br>• प्राविधिक धारतर्फ छात्रा छात्रहरुको पहूँच अभिवृद्धि गर्न प्रोत्साहनजन्य कार्यक्रम सञ्चालन गर्ने।<br>• बालबालिकालाई विद्यालयमा झिकाउन, टिकाउन , सिकाउन र बिकाउन अभिभावक सचेतना कार्यक्रम र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।<br>• अपाङ्ग , अशक्त, गरीब र विपन्न वर्गका बालबालिकाहरुका लागि उनीहरु अनुकूलका संस्थाहरु मार्फत सहज शैक्षिक वातावरण सिर्जना गर्ने।<br>• अति विपन्न, अनाथ र अभिभावक विहीन बालबालिकाहरुका लागि आवास सहितको सुविधा सम्पन्न विद्यालयबाट शिक्षाको सहज पहूँचको व्यवस्था गर्ने। |
| ३. विद्यालयको भौतिक संरचना सुधार गर्ने। | • ४७ ओटै सामुदायिक विद्यालयहरुमा समानस्तरको न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता गर्नका लागि सबै विद्यालयहरुलाई वास्तविकतामा आधारित प्राथमिकता निर्धारण गर्न लगाउने।<br>• विद्यालयले निर्धारण प्राथमिकता र माग अनुसार विद्यालयको वास्तविक अवस्थाको वडा प्रतिनिधिबाट वा नगरपालिकाबाट सत्य तथ्य विवरण संकलन गरी त्यसलाई वास्तविकता र यथार्थता स्पष्ट गर्ने।<br>• विद्यालयहरुको भौतिक पूर्वाधारको स्पष्ट मार्गचित्र तयार गरी प्रकाशन गर्ने।<br>• विद्यालयको आवश्यकता, विद्यार्थीको सङ्ख्या र प्राथमिकताका आधारमा मूल्याङ्कन गरी बजेट विनियोजन गर्ने र भौतिक पूर्वाधार निर्माण एवम् मर्मतका लागि अन्य क्षेत्रसँग समेत सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| | • विद्यालयका भौतिक संरचनाहरु विपद् प्रतिरोधात्मक, बालमैत्री, समावेशी एवं सुरक्षित बनाउने।<br>• शैक्षिक संस्थाहरुलाई सुरक्षित सिकाइ केन्द्रको रुपमा विकास गर्ने। |
| ४. आवश्यकताको आधारमा थप शिक्षक व्यवस्थापन गर्ने। | • कक्षा १-३ सम्म कम्तिमा ३ जना शिक्षक, कक्षा ५ सम्म कम्तिमा ५ जना र सोभन्दा माथिल्ला कक्षामा कम्तिमा अनिवार्य विषयका शिक्षकको व्यवस्था नगरपालिकाको पहिलो प्राथमिकताको रुपमा कायम गर्ने।<br>• शिक्षक दरबन्दी कायम गर्दा तहगत, विषयगत र विद्यार्थी अनुपातमा समेत दरबन्दी मिलानको कार्य हरेक शैक्षिक सत्रको अन्तिम महिना भित्र सम्पन्न गर्ने तथा थप शिक्षकको सङ्ख्या र विषय समेत सुनिश्चित गर्ने।<br>• एकिकृत पाठ्यक्रम कार्यान्वयन भइसकेको वर्तमान अवस्थामा कक्षा १-३ सम्म कक्षा शिक्षणका लागि सोही अनुसार शिक्षक व्यवस्थापन गर्ने। कक्षा शिक्षणका लागि आवश्यक सामग्री र तालिम उपलब्ध गराउने।<br>• सिकाइ उपलब्धि विश्लेषणका आधारमा देखिएका तथ्यलाई आधार बनाई कमजोर पठन तथा गणितीय सिप भएका प्रारम्भिक कक्षा शिक्षक तथा सिकाइ उपलब्धि न्यून भएका विषयको शिक्षकहरुका लागि तालिम, पेसागत विकास, सहकार्य र मेन्टरीङ उपलब्ध गराउने। नगरपालिका वा वडाले आफ्नो स्रोतबाट पारिश्रमिक भुक्तान गर्ने गरी आवश्यकताका आधारमा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्दै आएकोमा अब उपरान्त त्यस्ता शिक्षकहरुको सेवा सुविधामा बढोत्तरी गर्दै प्रोत्साहित गर्ने।<br>• प्रत्येक वर्ष तहगतरुपमा उत्कृष्ट शिक्षक घोषाणा गर्ने र शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने।<br>• नियमानुसार तोकिएको समयमा शिक्षकहरु कक्षाकोठामा गए नगएको र सिकाइ क्रियाकलाप सञ्चालन गरे नगरेको बि. व्य. स., शि. अ. सं. बाट अनुगमन गराई पालिकामा प्रतिवेदन पेश गर्ने, प्रतिवेदनका आधारमा शिक्षकलाई सचेत गराउने तथा सुधारका लागि उत्प्रेरित गर्ने। |
| ५. विद्यालय तहको गुणस्तर सुधार गर्ने। | • भाषा (पठनसिप) र गणित विषयको न्यूनतम सिकाइ सुनिश्चित हुनेगरी कक्षा ३ को वाह्य परीक्षा सञ्चालन गर्ने र सोका आधारमा सुधार गर्नुपर्ने भए आवश्यक कार्य गर्ने।<br>• कक्षा १-३ को एकिकृत पाठ्यक्रमलाई कक्षाकोठामा प्रभावकारी कार्यान्वयन गर्दै राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम ( NEGRP) द्वारा निर्दिष्ट शैक्षणिक विधि र सामग्री सहित शिक्षण क्रियाकलाप सञ्चालन गरी प्रारम्भिक तहका कक्षाको पठनसिप सुधार गर्ने।<br>• विद्यालय तहको शिक्षाका विषयगत, कक्षागत र तहगत मापदण्ड निर्धारण गरी परीक्षण गर्ने र अन्य क्रियाकलापका लागि समेत आवश्यक मापदण्ड निर्धारण गर्ने।<br>• एस ई ई परीक्षामा सहभागी भएका विद्यार्थीहरुमध्ये कति प्रतिशत विद्यार्थीको GPA कति आएमा कुन समूह वा विषय पढ्न पाउने भनेर विद्यालयले मापदण्ड तयार गर्ने र सोही आधारमा नगरपालिकाले पनि मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउने।<br>• आधारभूत तह कक्षा ८ को न्यूनतम सिकाइ सुनिश्चित गर्न ,परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन  नगरक्षेत्रभित्रका सबै विद्यालयहरुको नतिजा |

| | |
|---|---|
| | विश्लेषण गरी नगरपालिकाले समिक्षात्मक कार्याशाला आयोजना गर्ने र सुधारका लागि आवश्यक कार्य गर्ने ।<br>• कक्षा ५को सिकाइ उपलब्धि परीक्षा सञ्चालन गरी नतिजा विश्लेषण गर्ने र सुधारका क्षेत्र पहिचान गर्ने ।<br>• विद्यालय/ शिक्षकहरुले परियोजनामा आधारित सिकाइ तथा अन्य सान्दर्भिक वैकल्पिक सिकाइद्वारा गुणस्तर वृद्धि गर्ने ।<br>• विद्यार्थी सिकाइ उपलब्धिका आधारमा विद्यालयको मूल्याङ्कन गरी विद्यालयलाई आवश्यक थप सहयोग उपलब्ध गराउने ।<br>• शिक्षण सिकाइलाई जीवन्त, प्रभावकारी र दीगो बनाउन सूचना प्रविधि तथा STEAM विधिबाट एकिकृत शिक्षण अभ्यासलाई प्रयोगमा ल्याउन प्रोत्साहित गर्ने । |
| ६. विद्यालयहरुको वृहत्तर विकासका लागि नेतृत्व विकासमा जोड दिने । | • विद्यालयको वृहत्तर विकास र प्रभावकारिताका लागि विद्यालयको नेतृत्व न्यूनतम पूर्व सर्त भएकाले वरिष्ठ, सक्षम, कुशल, व्यवस्थापकीय र प्रशासकीय क्षमता भएको प्र अ व्यवस्थापन गर्ने ।<br>• वरिष्ठता, क्षमता, व्यवस्थापकीय र प्रशासकीय सक्षमताका आधारमा नियुक्त प्रधानाध्यापकसँग करार सम्झौता गर्ने । सोही आधारमा प्र अ को दण्ड र पुरस्कारको रणनीति अवलम्बन गर्ने । प्रत्येक वर्ष तहगत रुपमा उत्कृष्ट कार्यसम्पादन गर्ने एक/एक जना प्र अ लाई छनोट गर्ने । आवश्यकताका आधारमा सरुवा र जिम्मेवारी परिवर्तन हुनसक्ने ।<br>• प्रत्येक विद्यालयमा वरिष्ठ स्थायी शिक्षकलाई मापदण्ड अनुसार प्रधानाध्यापकमा व्यवस्थापन गर्ने । |
| ७. विद्यालय तहको शिक्षालाई गुणस्तरीय बनाउन परीक्षा/ मूल्याङ्कन पद्धतिमा सुधार गर्ने । | • सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षाको न्यूनतम मापदण्ड कायम गरी (योग्य दक्ष तालिम प्राप्त शिक्षकको व्यवस्था, भौतिक पूर्वाधार विस्तार, छात्रवृत्ति व्यवस्था, पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री) सुनिश्चितता प्रदान गर्ने ।<br>• कक्षा १-३ सम्म हरेक दिन शिक्षकले विद्यार्थीको सिकाइ प्रगति अभिलेखीकरण गर्ने र मासिक रुपमा प्रगति विवरण तयार गर्ने ।<br>• शिक्षकहरुका पेसागत संघ संगठन र परीक्षा तथा मूल्याङ्कन विज्ञहरुको कार्यदलबाट विद्यार्थीहरुको मूल्याङ्कन पद्धति तयार गर्न लगाई कार्यान्वयनमा ल्याउने ।<br>• विद्यार्थीहरुको सिकाइ उपलब्धि विवरण (त्रैमासिक परीक्षा , अर्धवार्षिक र वार्षिक परीक्षा) अनिवार्यरुपमा शिक्षक, विद्यार्थी र अभिभावकहरु बिच छलफल एवं बैठक गरी समिक्षा गर्ने ।<br>• कक्षा ३ को भाषा र गणित विषयको नगर शिक्षा शाखाले उपलब्धि परीक्षा सञ्चालन गर्ने ।<br>• कक्षा ५ मा अनिवार्य विषयहरुको नगरशिक्षा शाखाले उपलब्धि परीक्षा सञ्चालन गर्ने ।<br>• विद्यालयले सञ्चालन गर्ने त्रैमासिक परीक्षाका उत्तरपुस्तिकाहरु शिक्षकले परीक्षण गरी पृष्ठपोषण सहित विद्याथीलाई फिर्ता गर्ने ।<br>• अर्धवार्षिक तथा वार्षिक परीक्षाका प्रश्नपत्रहरु नगर शिक्षा शाखाबाट विषयविज्ञ मार्फत निर्माण गरी परीक्षा सञ्चालन गर्ने ।<br>• नतिजा विश्लेषण, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण समेतका लागि |

| | |
|---|---|
| | तालिम, कार्यशाला तथा क्षमता विकास कार्य गराउने ।<br>• सिकाइस्तर कमजोर भएका विद्यार्थीका लागि व्यक्तिगत रुपमा उपचरात्मक शिक्षाका माध्यमबाट शिक्षण सिकाइ वातावरण तयार गर्ने ।<br>• परीक्षा र मूल्याङ्कनलाई सिकाइको अभिन्न अंगका रुपमा अघि बढाउने । |
| ८. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्री सम्बन्धि व्यवस्था गर्ने । | • नगरपालिकाले स्थानीय सिप र क्षमता प्रवर्द्धन गर्ने स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्री निर्माण गरी कार्यान्वयन गर्ने ।<br>• स्थानीय सन्दर्भ पुस्तिका मार्फत सिकाइ सहजीकरणलाई सार्थक बनाउने ।<br>• नगरक्षेत्रभित्रका सबै विद्यालयहरुलाई शैक्षिक सामग्री निर्माण गर्न प्रोत्साहित गर्ने ।<br>• कमजोर आर्थिक अवस्था भएका सबै तह र कक्षाका बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने तथा आवश्यकताअनुसार पोषाक र स्टेशनरी समेत उपलब्ध गराउने ।<br>• अपाङ्गता भएका र विशेष आवश्यकता भएका बालबालिकालाई थप सामग्री, पाठ्यपुस्तक र आवश्यक सहयोग उपलब्ध गराउने ।<br>• सबै विद्यालयहरुका कक्षाकोठाहरुमा पुस्तकालय कुना( Book Corner) अनिवार्य व्यवस्था गर्नुका साथै हरेक माध्यमिक विद्यालयहरुले एक विद्यालय एक पुस्तकालय को अवधारणा कार्यान्वयन गर्ने ।<br>• स्थानीय पाठ्यक्रमका माध्यमबाट स्थानीयस्तरमा रोजगारी र व्यावसायिक क्षेत्र पहिचान गर्ने गरी कार्यान्वयन गर्ने ।<br>• शैक्षिक सत्र २०७९बाट गुलरिया नगरपालिकाको स्थानीय पाठ्यक्रम कक्षा(१-८) कार्यान्वयन गर्ने । |
| ९. विद्यालय तहको शैक्षिक सेवा प्रवाह र सुशासन सबलीकरण गर्ने । | • नगरपालिका र देशभित्रका अन्य राम्रा विद्यालयहरुका असल अभ्यासहरु आदान प्रदान गर्दै सहकार्यात्मक संस्कृति विकास गर्ने ।<br>• नगरक्षेत्रभित्र सञ्चालित संस्थागत/ निजी विद्यालयहरुका भौतिक संरचनाहरु पूर्वाधार ऐन र नियम अनुसार निर्माण गर्न लगाउने र आवश्यक नियमन समेत गर्ने ।<br>• नगरपालिका मार्फत प्रभाह गरिने सेवासुविधालाई प्रभावकारी, जवाफदेहीतापूर्ण र पारदर्शी बनाउन स्थानीय रोष्टरहरु (विज्ञ समूह) मार्फत सहजीकरण गर्ने ।<br>• नगर क्षेत्रभित्रका शैक्षिक संस्थाहरुको अनुगमन मूल्याङ्कन तथा शिक्षक पेसागत सहयोग उपलब्ध गराउन रोष्टरहरु (विज्ञ समूह) परिचालन गर्ने ।<br>• नगरक्षेत्रभित्रको शैक्षिक अवस्थालाई अद्यवधिक र विश्वसनीय बनाउन तथा सबै विद्यालयहरुबिच एकरुपता कायम गर्न वार्षिक शैक्षिक पात्रो (क्यालेण्डर) प्रकाशित गर्ने ।<br>• नगरक्षेत्रभित्र संचालित विद्यालयका प्र अ हरुको नियमित बैठक, २ वटा सिकाइ समूहहरुको क्लस्टरगतरुपमा बैठक र विषयगत शिक्षक कार्याशाला संचालन गर्ने ।<br>• विद्यालयहरुको नामाकरण सम्बन्धि विषय संघीय कानुन बमोजिम व्यवस्थित गर्ने ।<br>• सबै नगरक्षेत्रभित्रका सबै माध्यमिक विद्यालयहरुमा एक जना महिला शिक्षकलाई Gender Focal Person मार्फत किशोरीहरुका समस्या सुन्ने, |

| | |
|---|---|
| | समाधानका लागि पहल गर्ने र परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्ने ।<br>• सबै विद्यालयहरुले अभिभावक भेला, अभिभावक क्षमता विकास तथा शिक्षक अभिभावक संघको क्षमता विकास सम्बन्धि कार्यक्रम आयोजना गर्ने र नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्ने ।<br>• सबै विद्यालयहरुमा विद्यालय कम्पाउण्ड भित्र करेसाबारी, फूलबारी निर्माण गर्ने ।<br>• शिक्षक विद्यार्थी नियमितता अभिवृद्धि गर्न विद्यालयहरुले आ-आफ्नै किसिमका रणनीतिहरु बनाई कार्यान्वयन गर्ने ।<br>• विद्यालहरुले गर्नुपर्ने सामाजिक परीक्षण, वार्षिक उत्सव र अभिभावक भेलालाई कम खर्चिलो बनाई गुणस्तर, शिक्षण सिकाइ र विद्यालय सम्बन्ध सुधार गर्ने अवसरमा केन्द्रित गर्ने ।<br>• नगरक्षेत्रभित्रका विद्यालयहरुले वातावरणीय परिवर्तन र विपद् सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्ने । साथै विपद् पूर्व तयारी, विपद् व्यवस्थापन सम्बन्धमा सरोकारवालाहरु सँग सहकार्य गर्दै जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्न प्रोत्साहित गर्ने ।<br>• नगरक्षेत्रभित्रको शैक्षिक सेवा प्रवाह तथा सुशासन प्रबर्द्धन गर्न नगरपालिकाले स्थापना गरेका दुईवटा कलस्टर र कलस्टरका रोष्टर(विज्ञहरु) मार्फत द्रुतसेवा प्रवाह गर्ने । |
| १०. विद्यालयहरुलाई सूचना प्रविधि (ICT) मा आवद्ध गर्ने । | • नगरक्षेत्रभित्रका हरेक विद्यालयमा ईन्टरनेट सुविधासहित सूचना प्रविधिको पहूँच पुऱ्याई हरेक माध्यमिक विद्यालयमा कम्तिमा ५ वटा कम्प्युटर र कम्तिमा ३ वटा प्रोजेक्टर सहितको प्रयोगशाला, कक्षा ८ सम्म संचालित विद्यालयमा कम्तिमा ३ वटा कम्प्युटर र कम्तिमा २ वटा प्रोजेक्टर र कक्षा १-५ र १-३ संचालित विद्यालयमा कम्तिमा १ वटा कम्प्युटर र कम्तिमा १ वटा प्रोजेक्टर सहितको इन्टरनेट सुविधाको पहूँच उपलब्ध गराउने ।<br>• पालिकाभित्रका विद्यालयका प्र. अ. र कम्तिमा १ जना शिक्षकलाई सूचना प्रविधिका शिक्षकका रुपमा विकास गर्न सफ्टवेयर हार्डवेयरको आधारभूत तालिम सहित अनलाइन तथा फेस टु फेस तालिम मार्फत क्षमता विकासको अवसर प्रदान गर्ने ।<br>• सबै कक्षाका विद्यार्थीहरुलांई प्रविधि परिचित र प्रविधिका माध्यबाट सिक्ने अवस्था सिर्जना गर्ने ।<br>• नगरपालिकाले हरेक विद्यालयका लागि फेसबुक पेज निर्माण गर्न लगाउने र फेसबुक संचालन मार्ग निर्देशिका तयार गर्ने । |
| ११. आवास सहितको नगर नमूना विद्यालय स्थापना/ संचालन गर्ने । | • नगरपालिका भित्र संचालित विद्यालयमध्ये भौतिक सुविधा तथा पूर्वाधार विकासका लागि सम्भावित कुनै एउटा माध्यमिक विद्यालयलाई आवास सहितको नमूना विद्यालयको रुपमा विकास गर्न छनोट गर्ने ।<br>• नगरक्षेत्र भित्रका आर्थिक रुपमा विपन्न, अभिभावक विहीन , अपाङ्गता भएका , समस्यामा परेका र  भौगोलिक विकटता भएका बालबालिका सहितका लागि आवासीय सुविधा सहितको विद्यालय संचालन गर्ने ।<br>• नगरपालिका भित्रका सबै शिक्षकहरुको ज्ञान सिप आदानप्रदान गरी क्षमता विकास गर्न र खेलकूद, प्रयोगशाला, पुस्तकालय, शैक्षिक स्रोतकेन्द्र र सूचना प्रविधि क्षेत्रमा समेत नमूनाको रुपमा उक्त विद्यालयलाई विकास  गर्ने । |

| | |
|---|---|
| | • आवास सहितको नगर नमूना माध्यमिक विद्यालयमा नगरभित्रका शिक्षकहरुका लागि तालिम , गोष्ठी, कार्यशाला संचालन गर्ने र कक्षाकोठा प्रयोगशाला पुस्तकालयमा व्यवहारिक शिक्षाको अभ्यास समेत गर्न मिल्नेगरी सोही विद्यालयलाई  शिक्षा विकास तथा स्रोतकेन्द्रको रुपमा विकास गर्ने । <br>• सामुदायिक र संस्थागत विद्यालयका समेत असल अभ्यासहरु आदानप्रदान गर्ने प्रयोग गर्ने र सिक्ने थलोको रुपमा समेत नमूना विद्यालयलाई विकास गर्ने । |
| १२. विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्ने । | • नगरक्षेत्रभित्रका विद्यालयहरुले साप्ताहिकरुपमा  विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप अनिवार्य संचालन गर्ने र हरेक महिनाको अन्तिम शुक्रबार नगरस्तरीय प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप संचालन गर्ने । <br>• सबै विद्यालयहरुले विद्यालयका शिक्षकहरुमध्येबाट एक जना अतिरिक्त क्रियाकलाप संयोजक तोकी वार्षिक कार्यतालिका तयार गर्ने र शिक्षक विद्यार्थीको सहमतिमा प्रत्येक पटक एकभन्दा बढी क्रियाकलापहरु समावेश गरी साप्ताहिक अतिरिक्त क्रियाकलाप संचालन गर्ने । <br>• विद्यालयहरुले अतिरिक्त क्रियाकलापहरु संचालन गर्दा गीत, नृत्य, संगीत, खेलकुद जस्ता क्रियाकलापका लागि आवश्यक पर्ने सामग्री सहितको ल्याब स्थापना गर्ने । |
| १३. विद्यालयहरुलाई बालमैत्री तथा समावेशी शिक्षा प्रबर्द्धन केन्द्रको रुपमा विकास गर्ने । | • विपन्न र अपाङ्गता भएका बालबालिकाहरुको सङ्ख्या एकिन गर्ने <br>• अपाङ्ग बालबालिकाको घरदेखि विद्यालयसम्मको बाटो बालमैत्री बनाउन समयसमयमा बाटो मर्मत गर्ने । <br>• विद्यालयहरुले आ-आफ्नो विद्यालयमा बालक्लब गठन गरी पढाइ र सिर्जनसिल सिप प्रस्फुटनसँगै सम्बन्धित क्रियाकलापमा बालबालिकालाई सक्रिय सहभागी बनाउने । <br>• विद्यालय व्यवस्थापन समिति तथा शि अ सं बैठकमा बालक्लबको सहभागिता गराउने । <br>• विद्यालयका भौतिक संरचनाहरु अपाङ्गमैत्री र बालमैत्री बनाउने । <br>• बहुअपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष व्यवस्था गर्ने । <br>• स्थानीय तहका अन्धविश्वास र कुरीतिहरु विरुद्ध वर्षमा कम्तिमा एकपटक सचेतना अभियान संचालन गर्ने । <br>• विद्यालयहरुले सेनेटरी प्याड सहितको छात्रामैत्री शौचालय र आराम कक्ष स्थापना गरी किशोरीमैत्री विद्यालय निर्माण गर्ने । |
| १४. प्राविधिक शिक्षा विस्तार गर्ने । | • नगरक्षेत्रभित्र संचालित र संचालन हुने विद्यालयहरुमा **"एक माध्यमिक विद्यालय एक प्राविधिक धार"** भन्ने नारालाई अगामी ५ वर्षभित्र कार्यान्वयन गर्ने । <br>• सिपमूलक, रोजगारमूलक , व्यवहारिक र व्यावसायिक शिक्षाका माध्यमबाट नगरमा समृद्धि ल्याउन नगरपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरुमा कम्तिमा एउटा प्राविधिक, व्यवसायिक धारको शिक्षा व्यवस्थापन गरी संचालन गर्ने । <br>• सबै माध्यमिक विद्यालयहरुमा प्राविधिक धारको शिक्षा प्रदान गर्न आवश्यक पूर्वाधार तयारी गर्ने । <br>• संघ, प्रदेश र स्थानीय सरकारको त्रिपक्षीय सहयोग र समन्वयमा सिकारुको |

| | |
|---|---|
| | रुची र आवश्यकता सम्बोधन हुने गरी संचालन गर्ने। |
| १५. अनौपचारिक क्षेत्र विस्तार गर्ने। | • नगरक्षेत्रभित्रका प्रौढ निरक्षरहरुको तथ्याङ्क संकलन गरी प्रौढ साक्षरता अभियान संचालन गर्ने।<br>• प्रौढ साक्षरका लागि साक्षरोत्तर शिक्षा संचालन गरी स्थानीय सिप तथा दैनिक जीवनका समस्याहरु समाधान गर्ने व्यवहार कुशल क्षमता अभिवृद्धि गर्दै राष्ट्रको मूल प्रवाहमा ल्याउने।<br>• अनौपचारिक शिक्षा संचालनका लागि सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास गरी जिम्मेवार बनाउने।<br>• अनौपचारिक शिक्षाका कक्षा संचालनका लागि सहजकर्ता परिचालन गर्ने।<br>• अनौपचारिक शिक्षाका माध्यमबाट स्थानीयस्तरमा विद्यमान लैंगिक विभेद, जातीय विभेद, धार्मिक विभेद, अन्धविश्वास ,कुरीति र कुसंस्कार न्यूनीकरण गर्ने। |

## परिच्छेद ३:

## शिक्षाका उप-क्षेत्रहरू (Scopes of Education)

**परिचय ( Introduction )**

यस गुलरिया नगरपालिका शिक्षा क्षेत्रको पञ्चवर्षीय योजना (२०७८- २०८३) परिच्छेद-२ मा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरुका आधारमा प्रमुख क्रियाकलापहरु निर्धारण र लक्ष्यहरु आँकलन गरी पहिलो उक्त पाँच वर्षका लागि लागत अनुमान सहित योजनाको खाका तयार पारिएको छ। यस परिच्छेदमा शिक्षाका विभिन्न  क्षेत्रहरुः प्रारम्भिक बालबिकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको वर्तमान अवस्था विश्लेषण एवम् चुनौतीहरु पहिचान गरी सोही बमोजिम प्रत्येक क्षेत्रको पहिचान गरिएका समस्यालाई दृष्टिगत गरेर योजनाका उद्देश्य, आवश्यक क्षेत्रगत रणनीतिहरु र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु निर्धारण गरिएको छ। नेपालको संविधानले निर्दिष्ट गरेका  दृष्टिकोण, मौलिक अधिकार,  संरचना, शिक्षा सम्बन्धि नीति, विभिन्न शिक्षा तथा अधिकारसम्बन्धी कानुन, संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य तथा सो सम्बन्धी लक्ष्य ४  को  नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा नेपालको प्रतिबद्धता, नेपालको पन्ध्रौँ योजना तथा  स्थानीय सरकार सञ्चालन ऐनलाई प्रमुख सन्दर्भका रुपमा लिइएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौँ संसोधनले प्रारम्भिक बालविकासलाई विद्यालय शिक्षाको जगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टी भएको छ। बालबालिकाको शारीरिक, मानसिक,संवेगात्मक, सामाजिक एवम् नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो शैक्षिक कार्यक्रम विद्यालय शिक्षाको पहिलो खुड्किलो भएकाले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु अत्यावश्यक छ।

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर भन्ने जनाउँदछ। त्यसैगरी यस उमेर समूहका बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवं भाषिक लगायत सर्वाङ्गीण पक्षको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी कार्यकर्ताहरु, अभिभावक तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यहरुलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ। प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अतिआवश्यक तत्त्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण, उत्प्रेरणा तथा सिकाइ एवं संवेदनशील स्याहार, उचित पालनपोषण आदि जस्ता अवसरहरु प्रदान गर्नु हो। प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो।

दिगो विकासका १७ वटा लक्ष्य मध्ये ११ वटा लक्ष्यहरु प्रत्यक्षरुपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेकोले सबै नीति तथा कार्यक्रमहरु ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ । शिक्षा ऐन २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालविकास शिक्षा भन्ने बुझिन्छ। ऐनको आठौँ संसोधनले बालविकास केन्द्रलाई विद्यालय संरचनामा एकिकृत गरी आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक शिक्षालाई समावेश गराइएको छ। चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने नीतिगत व्यवस्था चालू पन्धौं योजना, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, राष्ट्रिय शिक्षा नीति २०७६ र प्रारम्भिक बालविकास रणनीति २०७७-०८८ मा समेत उल्लेख गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

उल्लेखित तथ्यलाई मध्यनजर गर्दै गुलरिया नगरपालिकाले आफ्नो शिक्षा ऐन, २०७५ मा एक वर्षे पूर्व प्राथमिक शिक्षामा जोड दिदै यस पञ्चवर्षीय शिक्षाक्षेत्रको रणनीतिक योजनामा प्रारम्भिक बालविकासलाई व्यवस्थित, सर्वसुलभ तथा गुणस्तरीय बनाउने कार्यक्रमहरु समावेश गरिएको छ। गुलरिया नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा सञ्चालित विद्यालय र समुदायमा गरी बालविकास केन्द्रको जम्मा संख्या १३५ रहेको छ भने संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रको जम्मा सङ्ख्या **१३** वटा रहेको छ। हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरु न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरुको सुधारका लागि आवश्यक पाइलाहरु चाल्नुपर्ने देखिन्छ । त्यसैगरी भूगोल, जनसङ्ख्या, मानववस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् नयाँ स्थापना गर्नुपर्ने देखिन्छ। यसै गरी हाल कायम बालविकास केन्द्रहरुको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी देखिन्छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरुको क्षमता अभिवृद्धि गर्दै लैजानु जरुरी देखिन्छ। माथिका उल्लेखित तथ्यहरुलाई मनन गर्दै गुलरिया नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालित बालविकास केन्द्रहरुको सञ्चालन, रेखदेख, व्यवस्थापन तथा नयाँ केन्द्रहरु स्थापना लगायतका कार्यक्रमहरुलाई यस नगर शिक्षा योजनामा समावेश गरेको छ। IEMIS 2078 लाई आधार मान्दा यस शैक्षिक सत्रमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या १३३९ छात्रा तथा १३६१ छात्र गरी जम्मा २७०० विद्यार्थी भर्ना भएको तथा संस्थागत विद्यालयमा २९८ छात्रा तथा ४३२ छात्र गरी ७३० जना भर्ना भएको अवस्था रहेको छ। त्यसै गरी सामुदायिक विद्यालय अन्तर्गत १ जना पुरुष सहित १३४ जना बालविकास सहजकर्ताहरु कार्यरत रहेको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात १: २० रहेको देखिन्छ। त्यसै गरी सो तहमा अध्यापन गर्ने लैंगिक समता सूचकाङ्क ०.९८ रहेको देखिन्छ, भने संस्थागत विद्यालयको लैंगिक समता सूचकाङ्क ०.६८ रहेको देखिन्छ।

### ३.१.३ चुनौती तथा अवसरहरु

लक्षित उमेर समूहका सबै बालबबालिकाहरु बिशेष गरी सीमान्तकृत तथा भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएका बालबालिकाहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षामा पहूँच पुऱ्याउनु , सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पूरा गर्नु र प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरुको न्यूनतम पारिश्रमिकको व्यवस्थापन तथा उनीहरुको पेसागत क्षमता विकास गर्नु प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख चुनौतीहरु हुन्। पर्याप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु , अनुगमन तथा मूल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाको स्वास्थ्य, सुरक्षा र पोषणको उचित प्रबन्ध गर्नु सहायक चुनौतीहरु हुन्।

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशु स्याहार केन्द्र , शिशु स्याहार केन्द्र, नर्सरी विद्यालय, किन्डर गार्डेन विद्यालय, विद्यालय तथा सामुदायमा आधारित बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा आदि नामबाट संचालित विभिन्न कार्यक्रमहरु , विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको संलग्नतामा सञ्चालित हुनु, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्नु, र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण पक्षको व्यक्तित्व विकासको हक प्रत्याभूत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०६९, विद्यालय क्षेत्रविकास योजना (२०७३-२०८०), र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरु समेट्नु, नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला , नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु, बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु आदि प्रारम्भिक बालविकास तथा शिक्षाका अवसरहरु हुन्।

### १.४ लक्ष्य

यस नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउने ।

### ३.१.५ उद्देश्य

यस शिक्षा क्षेत्रको पञ्चवर्षीय योजनाको प्रारम्भिक बालविकास तथा शिक्षाको प्रमुख उद्देश्य सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । त्यसको लागि यस शिक्षा योजनामा निम्न बमोजिमका प्राम्भिक बालविकास तथा शिक्षाका विशिष्ट उद्देश्यहरु राखिएको छः

१. चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच पुऱ्याउनु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.६ रणनीतिहरू

१. संघीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार निश्चित अनुदान र प्रदेश सरकारको समन्वय र सहजीकरणका आधारमा सबै बालबालिकाको सहज पहुँचका लागि प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन गरी पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गरिनेछ ।
३. यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि आवश्यकतामा अधारित कार्यक्रम सञ्चालन गरी पहुँच सुनिश्चित गरिनेछ ।
४. समयसापेक्ष तथा आवश्यकतामा अधारित स्थानीय पाठ्यक्रमको परिमार्जन गरिनेछ ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यक्रम प्रभावकारिताका लागि परिवार, समुदाय,गैरसरकारी संघसंस्था,नीजि क्षेत्र तथा विद्यालयहरुलाई जिम्मेवार बनाईनेछ ।
६. स्वास्थ्य , पोषण, शिक्षा र सुरक्षामा एकिकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरिनेछ ।
७. यस तहमा आवश्यक पर्ने लागत सहभागिता अभिवृद्धिका लागि सम्पूर्ण सरोकारवालाहरुसँग निरन्तर पैरवी तथा समन्वय गरिनेछ ।

### ३.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

यस योजना अवधिमा यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने चार वर्ष उमेर समूहका सबै बालबालिकाले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने साथै विद्यालय वा समुदायमा सञ्चालित बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड हासिल भएको हुनेछ ।

**ख) प्रमुख नतिजाः**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच भएको हुने ।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर प्राप्त भएको हुने ।
३. सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने ।
४. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएका हुने ।
५. बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन भएको हुने ।

६. अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित, घर तथा समुदायमा अधारित साथै घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास भएको हुने ।

**प्रमुख क्रियाकलाप र गन्तव्य (Target) :**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | प्रत्येक वर्ष |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | न,पा, | १ | १ | १ | १ | १ | ५ | प्रत्येक वर्ष |
| ३. | विकास साझेदार, गैरसरकारी संस्था,नीजि क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | न,पा, | १ | १ | १ | १ | १ | ५ | आवश्यकता अनुसार |
| ४. | सुरक्षित तथा अपाङ्गमैत्री शोचालयसहितको कम्तिमा एउटा अलग्गै कक्षाकोठाको व्यवस्था | ECD संख्या | १ | १ | | | | | |
| ५. | बालबालिकाको अभिलेखीकरण(प्रहिलो वर्ष घरधुरी सर्वेक्षण) | ECD | १ | १ | १ | १ | १ | ५ | बाँकी वर्ष विद्यालय मार्फत |
| ६. | बालबालिकाका लागि पोषणयुक्त दिवाखाजाको व्यवस्था | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ७. | मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | ECD प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७० | |
| ८. | विद्यालय व्यवस्थापन समितिका सदस्यहरु,वर्तमान तथा भावि अभिभावक तथा सरोकारवालाहरुका लागि | ECD केन्द्र | ५० | ५० | | | | १०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि नियमित अभिमूखीकरण | | | | | | | |
| ९. | अभिभावक तथा समुदायका सदस्यहरु मार्फत स्थानीय ज्ञान तथा सिपहरु मासिकरुपमा बालबालिकाहरुलाई सिकाउने | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय मार्फत |
| १० | शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताका आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | ECD प्रतिशत | ५० | ५० | | | | १०० | |
| ११ | शिक्षकको पेसागत विकासका लागि कार्यक्रम सञ्चालन | पटक | ५० | ६० | ७० | ८० | ९० | ९० | |
| १२ | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्यरुपमा IEMIS प्रणालीमाआबद्ध | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ अनुसार सिकाइ सहजीकरण | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १४ | बाल उद्यान निर्माण | न.पा. | | १ | | | | १ | |
| १५ | बाल प्रतिभा पहिचान कार्यक्रम | न.पा. | १ | १ | १ | १ | १ | ५ | |
| १६ | खेल सामग्री व्यवस्थापन | ECD प्रतिशत | | ४० | ४५ | ५० | ५५ | ६० | |
| १७ | उत्कृष्ट प्रारम्भिक बालविकास कक्षालाई प्रोत्साहन अनुदान कार्यक्रम | ECD सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| १८ | प्रत्येक वडामा कम्तिमा एक वटा नमूना बालविकास केन्द्र स्थापना तथा सञ्चालन | नगरपालिका | १ | २ | २ | ३ | ४ | १२ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ (संसोधनसहित) ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर दुई तहको बनाउदै प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह भनी परिभाषित गरेको छ । आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानले यस तहलाई अनिवार्य र निःशुल्क भनी मौलिक हक अन्तर्गत समावेश गरेको छ । गुणस्तरीय आधारभूत तहको शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढाउन सहयोग पुर्‍याउने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत तहको शिक्षा तथा सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सहभागी हुने अवसर प्रदान गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षा समबन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्समबन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनै तहको सरकारहरुको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनी उल्लेख गरेको छ । तसर्थ आधारभूत तहको शिक्षाको महत्त्वलाई मध्यनजर गरेर नै योजनाबद्ध रुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि गुलरिया नगरपालिकाले यस नगर शिक्षा योजनामा विभिन्न कार्यक्रम समेटेको छ ।

### ३.२.२ वर्तमान अवस्था

गुलरिया नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १-३ सञ्चालन भएका ४ वटा , कक्षा १-५ सञ्चालन भएका २५ वटा, कक्षा १-८ सञ्चालन भएका ८ वटा गरी जम्मा ३७ वटा र संस्थागत तर्फ ९ वटा विद्यालयहरु गरी जम्मा ४६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) २०७८ अनुसार सामुदायिक विद्यालय आधारभूत तह १-५ मा मा अध्ययन गर्ने छात्रा ४०१५ जना र छात्र ४०२० गरी ८०३५ जना त्यसै गरी कक्षा ६-८ मा छात्रा १६०३ र छात्र १७३० गरी ३३३३ जना भर्ना भएको देखिन्छ । संस्थागत विद्यालय तर्फ कक्षा १-३ मा छात्रा ६२३ र छात्र १०१३ गरी जम्मा १६३६, कक्षा ६-८ मा छात्रा २५६ र छात्र ३१२ गरी जम्मा ५६८ जना भर्ना भएको देखिन्छ । यसरी सामुदायिक विद्यालय तर्फ आधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या ५६१८ छात्रा र ५७६० छात्र गरी ११३६८ जना विद्यार्थी सङ्ख्या भर्ना भएको देखिन्छ । संस्थागत विद्यालय तर्फ भने आधारभूत तहमा ८७९ जना छात्रा र १३२५ जना छात्र गरी ३३०४ जना विद्यार्थी भर्ना भएको अभिलेख छ । सामुदायिक विद्यालयको आधारभूत तहमा खुद भर्नादर(NER) ९७.९, कुल भर्नादर (GER) १०६.७ तथा लैंगिक समता सूचकाङ्क ०.९७ रहेको अवस्था छ । साथै संस्थागत विद्यालयको लैंगिक समता सूचकाङ्क ०.६६ रहेको अवस्था छ ।

### ३.२.३ चुनौती तथा अवसरहरु

निःशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाई सहज पहूँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशिल बनाउनुका साथै समग्र शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, सामुदायिक तथा नीजि विद्यालयबिचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पूनर्वितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आदि आधारभूत शिक्षासँग सम्बन्धित चुनौतीहरु हुन् ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक अधिकार भएकाले शिक्षामा सहभागिता र पहूँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, देशमा संघीयताको कार्यान्वयनसँगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो र चिन्ता बढ्नु, शिक्षकका पेसागत संघसंस्था, राजनीतिक दल, नागरिक समाज, आदिबाट शैक्षिक सुधारमा सकरात्मक प्रतिबद्धता प्राप्त हुनु, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्ने, विद्यालयमा आधारभूत तहको खुद भर्नादर र

लैंगिक समता सूचकाङ्कमा प्रगति देखिएको हुनु, तीनवटै तहको साझा अधिकारक्षेत्रको रुपमा शिक्षा रहेकोले आपसी समझदारीमा आधारभूत शिक्षामा पर्याप्त लगानी अभिवृद्धि गर्न सकिनु र यस गुलरिया नगरपालिकाको क्षमता विकास हुदै आधारभूत शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने पर्याप्त अवसरहरु रहेका छन् ।

**३.२.४ लक्ष्य**

सेवाक्षेत्र भित्रका सबै बालबालिकाहरूको लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

**३.२.४ उद्देश्य**

१. सबै बालबालिकालाई आधारभूत तहको शिक्षामा अनिवार्य तथा निःशुल्क रुपमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्नु ।
३. आधारभूत शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, व्यावहारिक तथा प्रविधिमैत्री बनाउनु ।
४. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।
५. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।
६. वैकल्पिक तथा लचिला प्रकृतिका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग गर्नु ।
७. विद्यालयीय शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय प्रबन्धमा क्रमिक सुधार गरी विद्यालय संचालन पद्धतिलाई विविधता अनुकूल उत्थानशिल र जवाफदेही बनाउनु ।
८. अन्तरसम्बन्धित विषयबस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

**३.२.५ रणनीतिहरू**

१. नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको आधारभूत शिक्षामा पहूँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाई विद्यालयमा यस नगरपालिकालाई पूर्णरुपमा निःशुल्क र अनिवार्य शिक्षा सुनिश्चितता भएको घोषाणा गरिनेछ ।
२. संघीय मापदण्ड अनुसार नगरपालिकाले विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहूँच सुनिश्चित हुने गरी आवश्यकताका आधारमा विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गरिनेछ ।
३. नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति तथा सामाजिक लेखापीक्षण समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
४. प्रारम्भिक कक्षाको गणितीय तथा भाषिक सिप सुधारका लागि विषयविज्ञहरुको रोष्टर समूह गठन गरी सो समूह मार्फत शिक्षकको पेसागत सहयोग गरिनेछ ।
५. आधारभूत तहमा विद्यार्थीहरुको न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षक तथा प्रधानाध्यापकलाई नगरपालिकाप्रति जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।
६. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न संघीय तथा प्रदेश सरकारसँग कानुन तर्जुमा गरी आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।
७. आधारभूत तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न बनाइनेछ ।
८. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।
९. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित बनाउन प्रदेश सरकारसँगको सहकार्यमा विद्यालयमा पोषण तथा स्वस्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।
११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयारी गरी कार्यान्वयन गरिनेछ ।
१२. स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
१३. विद्यालय शिक्षालाई सूचना, सञ्चार तथा STEAM पद्धतिमा आबद्ध गर्न आवश्यक विद्यालयमा ICT ल्याब व्यवस्थापन गरिनेछ ।
१४. आधारभूत तहको प्रारम्भिक कक्षामा लागु भएका प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
१५. सबै विद्यालयहरुमा विद्यालय सुधार योजना(SIP) निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोतसाधन परिचालन गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

१६. आधारभूत तहमा कार्यरत शिक्षकहरुको वृत्तिविकास गर्न आवश्यक तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।
१७. संस्थागत विद्यालयहरुको नियमनलाई प्रभावकारी बनाउदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाइनेछ।
**१८.** आधारभूत तह सञ्चालन भएका विद्यालयको नतिजामूलक सूचक निर्धारण गरी अनुगमन तथा सुपरीवेक्षण गरिनेछ।

### ३.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि:**

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने।

**ख) नतिजा:**

१. यस नगरपालिका क्षेत्रभित्रका सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँचमा भएको हुने।
२. प्रारम्भिक कक्षाका शिक्षकहरुको क्षमता विकास भई बालबालिकाको पठनसिप ६० शब्द प्रतिमिनेट तथा ८० प्रतिशत बोध भएको हुने।
३. आधारभूत तहमा अध्ययनरत विद्यार्थीको औसत सिकाइ उपलब्धि ७० प्रतिशत भन्दा माथि पुगेको हुने।
४. सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, दक्ष, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुने।
५. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्ध भएको हुने।
६. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीमालगायत परिस्थितिमा उत्थानशील हुने।
७. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुने।
८. विद्यालय शिक्षामा सूचना तथा सञ्चर प्रविधि लगायत प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने।
९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

**प्रमुख क्रियाकलाप र गन्तव्य (Target) :**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | | १ | | २ | |
| २. | शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी मिलान, शिक्षक व्यवस्थापन र कार्यान्वयन | नगरपालिका | ० | १ | | १ | | २ | |
| ३. | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ९८ | ९९ | ९९.५ | ९९.५ | ९९.५ | ९९.५ | |
| ४. | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | ३ | ५ | ६ | ७ | ८ | २९ | कक्षाकोठा, शौचालय लगायत |
| ५. | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६. | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका | विद्यालय प्रतिशत | ० | ३ | ३ | ४ | ४ | १४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | | | | | | | | |
| ७. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ८. | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९. | प्रत्येक वडामा कम्तिमा एक वटा नमूना आधारभूत विद्यालय स्थापना तथा सञ्चालन | विद्यालय | ० | २ | ३ | ४ | ३ | १२ | |
| १० | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | पटक | ० | १ | १ | १ | १ | ४ | |
| ११ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमूखीकरण | विद्यालय प्रतिशत (Commulative) | २५ | १० | १५ | २० | ३० | १०० | |
| १२ | विद्यालयमा पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा पुस्तकालय र सिकाइ कुनाको व्यवस्था गर्ने | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | पढाइ उत्सव सञ्चालन गर्ने | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १४ | शिक्षकहरुको कक्षा शिक्षणको समयलाई अभिवृद्धि गरिने | शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १५ | विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था तथा अन्य सरोकारवालाहरुको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गर्न | विद्यालय संख्या | २ | ३ | ५ | ८ | १० | २८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रोत्साहित गरिने | | | | | | | | |
| १६ | विद्यार्थीको प्रतिभा पहिचानका लागि विद्यालयस्तरीय तथा नगरस्तरीय विभिन्न अतिरिक्त क्रियाकलापहरु आयोजना तथा विद्यालयलाई नै गर्न प्रोत्साहित गर्ने | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |
| १७ | संस्थागत विद्यालयहरुको वर्गीकरण, शुल्कनिर्धारण तथा छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउदै प्रभावकारी नियमन गर्ने प्रणालीको विकास गर्ने। | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १८ | गरीब, विपन्न.दलित र विशेष आवश्यकता भएका बालबालिकाहरुको आधारभूत शिक्षा सुनिश्चितताका लागि कल्याणकारी कोषको स्थापना गर्ने | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |
| १९ | प्रारम्भिक कक्षाको (१-३) प्रभावकारी शिक्षण सिकाइका लागि उपयुक्त कक्षाकोठा व्यवस्थापन गर्ने | विद्यालय सङ्ख्या | ० | १० | १५ | २० | २५ | २५ | |
| २० | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र त्यस्ता प्रधानाध्यापकलाई नतिजाका आधारमा पुरस्कृत समेत गर्ने | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २१ | विपद्का बेला समेत उपयोगी हुनेगरी नियमित विद्यालय सञ्चालनका अतिरिक्त वैकल्पिक सिकाइका उपायहरु जस्तै रेडियो, इन्टरनेट, भर्चुअल कक्षा आदि को समेत प्रयोग गर्न सक्नेगरी स्रोतसाधन र | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास गर्ने | | | | | | | | |
| २२ | नगरपालिकाले अनिवार्य र निःशुल्क शिक्षासम्बन्धि कानुन तर्जुमा गर्ने | नगरपालिका | १ | | | | | १ | |
| २३ | प्रारम्भिक कक्षाको पढाइ सिप सुधारका लागि विषयगत रोष्टर समूहको क्षमता अभिवृद्धि गर्ने | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |
| २४ | प्रारम्भिक कक्षा शिक्षकहरुको नियमित बैठक र अनुभव आदानप्रदान | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन २०२८(संसोधनसहित) ले विद्यालय शिक्षाको पुनर्सरचना गरेर कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक  शिक्षा भनी परिभाषित गरेको छ।  त्यस्तै नेपालको संविधानले मौलिक हक अन्तर्गत माध्यमिक तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ। सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय आधारभूत शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनौट गर्ने अवसर प्रदान गरेको हुनाले यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सिपमूलक र व्यावहारिक बनाउनुपर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिपको उपयोग गरेर आफ्नो रुची र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको ज्ञान लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने वा विभिन्न किसिमका प्राविधिक तथा व्यवासायिक ज्ञान सिप हासिल गरेर आयआर्जनको बाटो सुनिश्चित गर्ने भन्ने लक्ष्य माध्यमिक तहको शिक्षाले लिएको छ।प्राविधिक र व्यवसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरुलाई कक्षा ६-८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सिपले पनि सजिलो बनाउँदछ। यसरी विद्यार्थीहरुलाई प्राविधिक वा साधारण छनौट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ। यिनै कुरालाई ध्यानमा राखेर गुलरिया नगरपालिकाले माध्यमिक तहको शिक्षालाई निःशुल्क, प्रविधियुक्त, सिपमूलक, बालमैत्री र समावेशी बनाउने नीति यस नगर शिक्षा योजनामा समावेश गरेको छ।

### ३.३.२ वर्तमान अवस्था

यस गुलरिया नगरपालिकामा कक्षा १० सम्म सञ्चालित ६ वटा र कक्षा १२ सम्म सञ्चालित ४ वटा गरी जम्मा १० वटा माध्यमिक विद्यालयहरु रहेका छन्। त्यसैगरी माध्यमिक तह अन्तर्गत संस्थागत विद्यालयको सङ्ख्या ४ रहेको छ। एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) २०७८ अनुसार सामुदायिक विद्यालय माध्यमिक तह कक्षा ९-१० मा १०२४ छात्रा र ९७८ जना छात्र गरी २००२ जना , त्यसैगरी कक्षा ११-१२ मा ४४१ छात्रा र ३८६ छात्र गरी जम्मा ८२७ जना विद्यार्थी गरी जम्मा कक्षा ९-१२ मा १४६५ जना छात्रा र १३६४ जना छात्र गरी जम्मा २८२९ जना विद्यार्थी माध्यमिक तहमा भर्ना भएको देखिन्छ। माध्यमिक तहमा कुल भर्नादर (GER) कक्षा ९-१० मा ६८.१ र कक्षा ११-१२ मा ५४.४ रहेको देखिन्छ। त्यसैगरी खुद भर्नादर (NER) कक्षा ९-१० मा ६३.९ र कक्षा ११-१२ मा २७.६ रहेको देखिन्छ। त्यसैगरी माध्यमिक तह ११-१२ को GER को लैंगिक समता सूचकाङ्क ०.९६ तथा माध्यमिक तहको NER को लैंगिक समता सूचकाङ्क ०.९० रहेको अवस्था छ।

### ३.३.३ चुनौती तथा अवसरहरु

संवैधानिक व्यवस्था भएबमोजिम सबै बालबालिकाहरुका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु, माध्यमिक तहमा गुणस्तरीय रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नु , शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रुपमा शिक्षक दरबन्दी व्यवस्था गर्नु, विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहूँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढंगले प्रयोग गरी सिकाइ सुधार तथा डिजिटल डिभाईडलाई कम गरी भौतिकरुपमा संचालन गरिने शिक्षण सिकाइको विकल्प स्वरुप अनलाईन, भर्चुअल, खुल्ला सिकाइको अवसर सिर्जना गर्नु, माध्यमिक शिक्षालाई व्यावहारिक, प्रयोगात्मक, रचनात्मक, सिर्जनशिल, स्वावलम्बी र रोजगारमूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको समग्र शिक्षाको व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम बनाउनु प्रमुख चुनौतीको रुपमा देखिन्छ।

नेपालको संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शैक्षिक अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहसम्म शिक्षा सेवाका कर्मचारी समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा नीति निर्माण भई कार्यान्वयनको चरणमा रहनु, प्रत्येकवर्ष शिक्षा तर्फको बजेटमा वृद्धि हुनु, शिक्षामा सूचना तथा प्रविधिको प्रयोगमा वृद्धि हुदै जानु, शैक्षिक विकासमा तीनै तहको सरकारबिच समन्वय र सहकार्य हुनु, शैक्षिक विकासमा अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको चासोको विषय हुनु तथा विद्यार्थी तथा अभिभावकमा शैक्षिक जागरण वृद्धि भई शिक्षालाई अधिकारको रुपमा आत्मसात गर्नु आदि प्रमुख अवसरहरु रहेका छन्।

### ३.३.४ लक्ष्य

माध्यमिक शिक्षामा सबै बालबालिकाको निःशुल्क पहूँच सुनिश्चित गर्दै मानवीय मूल्य, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यावहारहरु आर्जन गरेका मध्यम स्तरको सक्षम जनशक्ति उतपादन गर्ने।

### ३.३.५ उद्देश्य

१. यस पालिकाका सबै बालबालिकाको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, सकरात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको सिपयुक्त, उत्पादनशिल, प्रतिस्पर्धी तथा दक्ष जनशक्ति उत्पादन गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु।
३. विद्यालय शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल तथा जवाफदेही बनाउनु।
४. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकालाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत विद्यार्थीको आधारभूत सिप प्राप्तिका लागि किशोर किशोरीहरुलाई विभिन्न सिप हासिल गर्न सहयोग गर्नु।
६. माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक तथा कानुनी दायित्व पूरा गर्न शिक्षाका सरोकारवाला निकाय र व्यक्तिहरुको पेसागत क्षमता अभिवृद्धि गर्नु।
७. सामुदायिक तथा संस्थागत विद्यालयहरुका असल अभ्यासहरुलाई सम्पूर्ण विद्यालयहरुमा क्रमशः आत्मसात् गर्नु।

### ३.३.६ रणनीतिहरू

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चित गरिनेछ।
२. माग, आवश्यकता र औचित्यका आधारमा विद्यालयहरूको नक्शाङ्कन गरी स्थापना, पुनर्वितरण तथा समायोजन गरिनेछ।
३. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाइनेछ।
४. विद्यालय शिक्षामा गुणस्तरीयता वृद्धि गर्न पालिकास्तरमा कम्तिमा दुईवटा नमूना माध्यमिक विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ।
५. आर्थिक तथा सामाजिक रुपले कमजोर पृष्ठभूमी भएका विद्यार्थीहरुलाई लक्षित गरी आवश्यकतामा आधारित छात्रवृत्ति प्रदान गरी माध्यमिक शिक्षामा पहूँच सुनिश्चित गरिनेछ।
६. माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित(STEAM) विषयको शिक्षण सिकाइमा जोड दिनका लागि विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकास गरिनेछ।
७. माध्यमिक शिक्षामा परम्परा मानव, मूल्य, मान्यता प्रबर्द्धन गर्न,सँस्कृति, आचरण र अनुशासनको पालना, योगाभ्यास लगायतका विषयको शिक्षणसिकाइ गर्न प्रोत्साहन गरिनेछ।
८. माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षा क्षेत्रको लगानी बढाइनेछ।
९. विद्यालय शिक्षालाई प्रकोप,संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१०. सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई जिम्मेवार बनाईनेछ।
११. अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकता र समावेशीकरणको सिद्धान्तमा रही विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराइनेछ।
१२. शिक्षा सरोकारवालाहरुमा अपनत्वको सिर्जना, नेतृत्व सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।
१३. विद्यालयमा शैक्षिक सुशासनको सुनिश्चतता गर्न विद्यालय सञ्चालनमा तथा विद्यार्थी सिकाइमा जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता कायम गर्न कार्यसम्पादन करार, कार्यसम्पादन परीक्षण, सामाजिक परीक्षण , सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन जस्ता संयन्त्रहरुको विकास गरिनेछ।
१४. संघ, प्रदेश र नगरपालिकाबाट सामुदायिक विद्यालयका लागि विनियोजित अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित बनाइनेछ।
१५. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण प्रक्रियालाई नतिजामूलक तथा उपचारात्मक गराई निरीक्षक एवं मूल्याङ्कनकर्ताबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गरिनेछ।

### ३.३.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि:**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**ख) प्रमुख नतिजा:**

१. यस पालिकाका सबै बालबालिकाहरूको निःशुल्क माध्यमिक शिक्षामा पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने।
२. सबै माध्यमिक विद्यालयमा आधारभूत मापदण्ड पूरा भएको हुने।
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने।
४. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ बमोजिम नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने।
५. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने।
६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने।
७. माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने।
८. माध्यमिक तहको शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने।
९. डिजिटल तथा भर्चुअल सिकाइ पद्धतिलाई प्रवर्द्धन गरिएको हुने।
१०. नगरपालिकामा कम्तिमा २ वटा माध्यमिक तहको नमूना विद्यालय स्थापना भएका हुने।
११. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने।
१२. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको प्रबन्ध मिलाइएको हुने।
१३. तीनवटै तहको आपसी सहकार्य र समन्वयमा प्रत्येक विद्यालयमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकहरुको व्यवस्थापन भएको हुने।

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | | १ | | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि तथा निर्देशिकाहरु तयारी | पटक | ० | १ | | | | १ | |
| ३. | शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन | नगरपालिका | ० | १ | | | | १ | |
| ४. | भर्ना अभियान सञ्चालन | प्रतिशत | ६८ | ७५ | ८० | ८५ | ८९ | ९२ | |
| ५. | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसारको प्रबन्ध गर्ने | नगरपालिका | | १ | | | | १ | |
| ६. | विद्यालयमा न्यूनतम पूर्वाधार विकास | विद्यालय प्रतिशत | १ | २ | २ | २ | ३ | १० | कक्षाकोठा, शैचालय लगायत |
| ७. | शिक्षणसिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना ,सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | ० | २ | २ | ३ | ३ | १० | |
| ८. | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशिल बनाउने योजना तयार | योजना तयारी पटक | ० | १ | | | | १ | |
| ९. | कम्तिमा २ वटा नमूना माध्यमिक विद्यालयको विकास | विद्यालय सङ्ख्या | ० | १ | | | | १ | |
| १० | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिको क्षमता विकास तथा अभिभावक अभिमूखीकरण | विद्यालय प्रतिशत | ७५ | १०० | १०० | १०० | १०० | १०० | |
| ११ | निःशुल्क शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक वितरण | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वयत्तता दिँदै अनुगमनलाई नतिजामूलक बनाउने | विद्यालय | ० | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १३ | हालको अपुग शिक्षक दरबन्दीलाई क्रमशः स्वयंसेवक शिक्षक मार्फत व्यवस्थापन गरिने | शिक्षक | ० | ३० | ० | ० | ० | ३० | |
| १४ | सबै माध्यमिक विद्यालयहरुमा क्रमशः विज्ञान तथा गणित प्रयोगशाला स्थापना गरिने | विद्यालय | ० | २ | २ | ३ | ३ | १० | |
| १५ | विद्यार्थी प्रतिभा पहिचानका लागि विद्यालय तथा नगरस्तरमा विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु संचालन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | |
| १६ | नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाई कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा प्रोत्साहन अनुदानको व्यवस्था | विद्यालय | ० | १० | १० | १० | १० | १० | |
| १७ | समग्र विद्यालय सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा सुशासन कायम गरिने | विद्यालय | ० | १० | १० | १० | १० | १० | |

## ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

### ३.४.१ परिचय

स्नातक वा सो भन्दा माथि अध्ययन अध्यापन हुने शिक्षालाई उच्च शिक्षा भनिन्छ। माध्यमिक तहको शिक्षा पूरा गरे पश्चात आ आफ्नो रुची र क्षमता अनुसार उच्च शिक्षा हासिल गरी दक्ष, सक्षम, स्वावलम्बी, आत्मनिर्भर र विविध विषयमा विशिष्टिकृत हुन ईच्छुक व्यक्तिहरुलाई प्रदान गरिने शिक्षाले उच्चस्तरीय दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ जसबाट समाज देश र विश्वले समेत उच्च जनशक्तिबाट विशेष फाईदा प्राप्त गर्ने आशा गरेको हुन्छ।देशको सर्वाङ्गीण विकास गरी आर्थिक सामाजिक रुपान्तरण गर्न सबैको माग र आवश्यकता सम्बोधन गर्न स्वस्थ प्रतिस्पर्धी, नवपर्वनात्मक, स्वावलम्बी नगरिक उत्पादन गर्न स्नातक, स्नातकोत्तर, एमफिल र अनुसन्धान तहको शिक्षा प्रदान गर्ने शिक्षा केन्द्रलाई उच्च शिक्षा भन्ने गरेको कानुनी र संवैधानिक व्यवस्था रहेको छ। उच्च शिक्षा प्राप्त जनशक्तिबाट समयसापेक्ष, ज्ञान, विज्ञान, कला, साहित्य र प्रविधि सम्पन्न प्रतिस्पर्धी, आत्मनिर्भर नागरिक तयार गर्नु यस नगरपालिकाको आवश्यकता र दीर्घकालीन दृष्टिकोण रहेको छ।

**३.४.२ वर्तमान अवस्था**

उच्च तहको शिक्षा क्षेत्रमा यस नगरपालिकामा मध्यपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गतको एउटा बबई बहुमुखी क्याम्पस संचालनमा रहेको छ। यस क्याम्पसमा शिक्षा, मानविकी तथा व्यवस्थापन संकायमा परम्परागत सामान्य शिक्षाका विविध विषयहरुको अध्ययन अध्यापन हुने गरेतापनि समसामयिक प्राविधिक र व्यावसायिक विषयहरुको अध्ययन अध्यापनतर्फ अभिमुख तुल्याई आर्थिक रुपमा विपन्न, पिछडावर्ग, मधेसी, दलित आदिलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति समेतको व्यवस्था गरी स्नातक,स्नातकोत्तर र अनुसन्धान तहसम्मको शिक्षामा गुणस्तरीय पहूँच अभिवृद्धि गरिनेछ।

**३.४.३ चुनौती तथा अवसरहरु**

उच्च शिक्षामा आर्थिक रुपले विपन्न भौगोलिक रुपमा पिछडिएका र माध्यमिक तह पूरा गरेका नागरिकको समेत सहभागिता गराउनु, माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध कायम राख्नु, भौगोलिक विकटता , भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु, दक्ष र योग्य जनशक्तिको अभाव हुनु र समय अनुकूलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु उच्च शिक्षाका प्रमुख चुनौतीका विषयहरु हुन्। उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु, नगरपालिकाको समग्र अवस्थाको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने संस्थाको रुपमा व्यवस्थापन गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरुलाई स्थानीय तहमा नै रोजगारी सिर्जना गर्नु जस्ता सवालहरु उच्च शिक्षाका अन्य थप चुनौतीहरु रहेका छन्।

नेपालको संविधानमा उच्च शिक्षाका तीनवटै तहको साझा अधिकारक्षेत्रभित्र रहनु, नगरपालिका क्षेत्रभित्र एउटा मात्र उच्च शिक्षा प्रदायक संस्था सञ्चालनमा रहनु, क्याम्पसको सेवाक्षेत्र फराकिलो रहनु, नगरपालिकाका सबै सरोकारवाला, राजनीतिक दल, तथा जनप्रतिनिधिहरुमा क्याम्पसको थप प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु, नगरपालिकाका एक वटा विद्यालयमा पशु विज्ञान र एक वटा विद्यालयमा TECS अन्तर्गत I.Sc. Ag सञ्चालनमा रहनु तथा एकवटा विद्यालयले CTEVT अन्तर्गत Diploma level को सिभिल इन्जिनियरिङ्ग विषयमा अनुमति प्राप्त गर्नु यस नगरपालिकाको उच्च शिक्षाको अवसरको रुपमा लिन सकिन्छ।

**३.४.४ लक्ष्य**

समयसापेक्ष उच्चदक्षतायुक्त, प्रतिस्पर्धी ,प्रविधिमैत्री, रोजगारमूलक, उत्पादनमूखी जनशक्ति उत्पादन गर्ने।

**३.४.५ उद्देश्य**

१. उच्च शिक्षाको पहूँच वृद्धि गर्ने।
२. विश्वस्तरीय सामाजिक, आर्थिक रुपान्तरणका लागि प्रविधिमैत्री उत्पादनमुखी र प्रतिस्पर्धी गुणस्तरीय उच्च मानव संसाधन विकास गर्ने।
३. प्राकृतिक प्रकोप र महामारीमा पनि उच्च तहको शिक्षण सिकाइ संचालन गर्ने।

**३.४.६ रणनीतिहरू**

१. उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको सङ्ख्यात्मक विवरण प्रोफाइल तयार गरिनेछ।
२. आवश्यकता अनुसार क्याम्पसको स्थापना गरिनेछ।
३. दूर शिक्षा र खुला विश्वविद्यालयबाट समेत उच्च तहको शिक्षा सर्वसुलभ बनाइनेछ।
४. गरीब,विपन्न, दलित र अपाङ्गता भएका पिछडावर्गका नागरिकको पहूँच अभिवृद्धि गरिनेछ।
५. कृषि, वनविज्ञान, ऊर्जा, पर्यटन,स्थानीय प्रविधि, सम्पदा संस्कृति जस्ता विषय प्रदायक संस्थाको रुपमा क्याम्पसको क्षमता विकास गरिनेछ।
६. उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुबिच समन्वय, सहकार्य गरिनेछ।
७. स्वरोजगारयुक्त उच्चस्तरको दक्ष जनशक्ति उत्पादन गरिनेछ।

**३.४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धिः**

१. उच्चशिक्षामा सहजपहुँच वृद्धि हुने।
२. गुणस्तरमा सुधार हुने।

**ख) प्रमुख नतिजाः**

१. कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुको रुची, क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहूँच सुनिश्चित भएको हुने ।
२. पालिका क्षेत्रभित्र क्याम्पसहरुको स्थापना र क्षमता विस्तार भएको हुने ।
३. पालिका क्षेत्रभित्र सञ्चालित क्याम्पसहरुको शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने ।
४. उत्पादित जनशक्तिका माध्यमबाट आर्थिक उपार्जन भई उत्पादकत्व अभिवृद्धि भएको हुने ।

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | |
| १. | बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहयोग तथा सहजीकरण गर्ने | पटक | ० | ० | १ | | | १ | |
| २. | उच्च शिक्षामा सबैको पहूँच सुनिश्चित गर्न आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | उच्च शिक्षालाई प्रकोप, सकट तथा महामारीमा पनि परिस्थितिप्रति उत्थानशील बनाउन समन्वय तथा सहजीकरण गर्ने | आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | उच्च शिक्षाको खुला एवं दूरशिक्षा प्रणालीको स्थापना गर्न सहजीकरण एवं सहयोग गर्ने | क्याम्पस | ० | ० | १ | ० | ० | १ | |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले ९ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ। सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्म हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरिखाने शिक्षामा समावेशी , समतामूलक र समन्यायिक अवसरलाई व्यापक बनाउन जोड दिएको छ। मुलुकको समृद्धि र विकासको मूल आधार प्राविधिक तथा व्यावसायिक शिक्षा हो।प्राविधिक तथा व्यवसायिक शिक्षाले मानव जीवनका सबै पाटाहरू समेटेको हुन्छ। स्वरोजगार, सिपमा आधारित शिक्षा, जीवनपर्यन्त शिक्षा,जीवनोपयोगी शिक्षाको मेरुदण्डको रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ। इन्जिनियरिङ, चिकित्सा, वन, सङ्गीत लगायतका थुप्रै विषयमा पाठ्यक्रम विकासकेन्द्रले समेत पाठ्यक्रम बनाइसकेकाले तिनीहरुको कार्यान्वयन गर्नु आजको आवश्यकता हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले समेत स्थानीय सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारमा लगानी अभिवृद्धि गर्नुपर्ने, आवश्यक मापदण्ड र कार्यविधि तयार गरी नियमनअनुगमन गरी समयसापेक्ष प्राविधिक तथा व्यावसायिक सिपयुक्त नागरिक उत्पादन गर्नुपर्ने कानुनी र नीतिगत व्यवस्थालाई आत्मसात गरी यस नगरपालिकाका हरेक वडामा एक माध्यमिक विद्यालय एक प्राविधिक धारको अवधारणालाई मूर्तरुप दिइने लक्ष्य राखिएको छ।

### ३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निकल/शिक्षालयहरु, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक/ शिक्षालयहरु, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरु र ५८७ वटा प्राविधिक एस.एल.सी. तहका कार्यक्रमहरु र ६१४ वटा डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन्। गुलरिया नगरपालिकामा हाल प्राविधिक शिक्षा तर्फ एउटा माध्यमिक विद्यालय श्री ध्रुव मा वि तुल्सीपुरमा पशु विज्ञान विषयमा कक्षा ९-१२ सम्म पठनपाठन सञ्चालन भइरहेको छ भने श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय प्रयागपुरमा CTEVTबाट सम्बन्धन प्राप्त गरी TECSअन्तर्गत कृषि विषयको Isc. Agविषय सञ्चालनमा रहेको छ साथै श्री महाकवि देवकोटा मा. वि. लाई सिभिल ईन्जिनियरिङ्ग विषय सञ्चालनको स्वीकृति प्राप्त भएतापनि सञ्चालन भने भइसकेको अवस्था छैन।

### ३.५.३ चुनौती तथा अवसरहरु

संघीय संरचनामा विद्यालयको शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास गर्नु, सार्वजनिक नीजि साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा बजारको माग र तालिम प्राप्त जनशक्तिको मेल हुने प्रणाली स्थापित गर्नु आदि प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको मुख्य चुनौती हो।त्यसैगरी लुम्बिनी प्रदेशमा बहुव्यावसायिक प्रशिक्षण केन्द्र, उच्च तहको प्राविधिक शिक्षा प्रदान गर्ने संस्था, प्राविधिक तथा व्यावसायिक शिक्षामा दिगो, प्रभावकारी एवं उपयुक्त स्रोत व्यवस्थापन, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रशिक्षकहरुको विकास र उत्प्रेरणा, प्रयोगशाला,पाठ्यसामग्री, कक्षा ९ देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयहरु सञ्चालन हुनु पनि यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन्।

प्राविधिक तथा व्यावसायिक तालिम परिषद, ऐन, नियमका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहूँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, नीजि क्षेत्रको संलग्नता बढ्नु,राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेट्नु आदि यस क्षेत्रका अवसरहरु हुन्।

### ३.५.४ लक्ष्य

उर्जाशील जनशक्तिलाई व्यावसायिक तथा पेसागत दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा तथा तालिम उपलब्ध गराई नागरिकको आर्थिक स्तर सुदृढ तुल्याउने।

**३.५.५ उद्देश्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्नु ।

२. समग्र क्षेत्रको विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु ।

३. श्रमलाई सम्मान गर्ने स्वरोजगारउन्मुख जनशक्तिका माध्यबाट यस नगरपालिकामा व्याप्त गरिबी र बेरोजगारी कम गर्नु ।

**३.५.६ रणनीतिहरू**

१. नगरपालिकाको प्रत्येक वडामा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षा दिने शिक्षालय स्थापना गर्नमा विशेष जोड दिइनेछ ।

२. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ पहुँच विस्तार गर्न छात्रवृति प्रदान गर्नुका साथै क्रमश साधारण शिक्षा जस्तै नि:शुल्क वनाइनेछ ।

३. योग्य,दक्ष र तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षकमा नियुक्त गर्नुका साथै कार्यरतलाई आवश्यकता र मागका आधारमा पेसागत सिप विकास तालिम प्रदान गरिनेछ ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार गर्न सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय समयमा मागमा आधारित व्यावसायिक तालिम उपलब्ध गराइनेछ ।

५. उत्पादित वस्तु तथा सेवाको बिक्रि बितरणका लागि बजारको खोजी गर्न आवश्यक सहयोग गरिनेछ ।

६. स्थानीय उद्यमशीलता विकास तालिम सञ्चालन गरी उद्यमीहरु उत्पादन गरिनेछ ।

**३.५.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धिः**

दक्ष जनशक्तिले प्राविधिक तथा व्यवसायिक शिक्षा र सिकाइको माध्यमबाट उत्पादन, रोजगारी, स्वरोजगारी तथा जीविकोपार्जनका क्षेत्रबाट यथेष्ठ आर्थिक सुधार हुने ।

**ख) प्रमुख नतिजाः**

१. प्राविधिक र व्यवासायिक शिक्षा प्राप्त जनशक्तिले प्राविधिक र व्यावसायिक सिपका क्षेत्रमा पर्याप्त अवसर प्राप्त भएको हुने ।

२. नगरक्षेत्रभित्र प्राविधिक तथा व्यावसायिक धारका माध्यमिक विद्यालयहरुको स्थापना भई सञ्चालन भएका हुने ।

३. प्राविधिक र व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुबाट सञ्चालित हुने कार्यक्रमहरुको गुणस्तर वृद्धि भएको हुने ।

४. प्राविधिक र व्यावसायिक शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको हुने ।

५. स्थानीय र परम्परागत सिपको प्रवर्द्धन भएको हुने ।

६. उत्पादन, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनको अवसर वृद्धि भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | प्राविधिक तथा व्यावसायिक धारका विद्यालय स्थापना र | विद्यालय | २ | १ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | | |
| २. | भौतिक पूर्वाधार विकास | नगरपालिका | | १ | | | | | |
| ३. | सिपमूलक तालिम सञ्चालन | वटा | ० | १ | २ | २ | २ | ७ | |
| ४. | विषयगत शिक्षक व्यवस्था | नगरपालिका | ० | १ | १ | १ | १ | १ | |
| ५. | छात्रवृत्ती कार्यक्रम संचालन | नगरपालिका | ० | १ | १ | १ | १ | १ | |
| ६. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | ० | ० | ० | ० | १ | |
| ७. | खोज एवं नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | कार्यक्रम/पटक | ० | १ | १ | १ | १ | ४ | |
| ८. | स्थानीय परम्परागत सिपहरुको पहिचान र प्रबर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९. | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई उद्यमशिलता विकासको लागि सहयोग | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २० | |
| १०. | प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरुको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | २ | २ | २ | २ | ९ | |

## ३.६ पाठ्यक्रम र पाठ्यसामग्री तथा मूल्याङ्कन

### ३.६.१ परिचय

पाठ्यक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नवीनतम् शैक्षिक प्रवर्द्धन, प्रयोग तथा उपलब्धिहरु , राज्यको पूनर्संरचनासँगै शैक्षिक रुपान्तर अपरिहार्य भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २०७७ देखि परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले तयार पारेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई आधार तथा मार्गचित्रका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिस्पर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ ।

पाठ्यक्रम सिकाइको एक योजना हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरू परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । समय सापेक्ष रूपमा पाठ्यक्रम परिमार्जन हुँदै जान्छ र परिवर्तित पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक साधन तथा स्रोतको परिचालन गरी उल्लेख्य रूपमा कार्यान्वयनमा जोड दिइनेछ । शैक्षिक सत्र २०७७ देखि कक्षा १ मा लागू भएको एकीकृत पाठ्यक्रम अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । नगरपालिकाको आवश्यकताका विषयहरू समेटेर स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गरी कार्यान्वयनममा ल्याइने छ । शिक्षकहरूका लागि परिमार्जित पाठ्यक्रम अनुसार आवश्यक प्रबोधीकरण तालिम सञ्चालन गरी पाठ्यक्रमकले निर्देशित गरेका उद्देश्यका आधारमा शिक्षण गराउने परिपाटीको विकास गरिनेछ ।

#### ३.६.२ वर्तमान अवस्था

यसै सन्दर्भमा यस गुलरिया नगरपालिकाले पनि ५ वर्षीय शिक्षा क्षेत्र योजना निर्माणको अभिन्न अंगको रुपमा पाठ्यक्रमलाई उच्च महत्त्व दिएको छ। स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्ने स्वायत्त अधिकार नभएको अवस्थामा यस शिक्षा योजनाले स्थानीय तहका लागि पाठ्यक्रम सम्बन्धि स्वायत्त संस्थागत संरचना मार्गदर्शन गर्ने अपेक्षा लिइएको छ ।पाठ्यक्रमका अभिन्न अंग मध्ये शिक्षण सामग्री पनि यस योजनाको महत्त्वपूर्ण पक्षको रुपमा समावेश गरिएको छ ।त्यस्तै सिकाइएका ज्ञान, व्यवहारकुशल सिप, प्रविधि र मानवीय मान्यताहरुको परीक्षण गर्ने मूल्यङ्कनका विधि, तरिका र साधनहरु पनि यसका अभिन्न क्षेत्र बनाइएको छ। यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि संघीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन र स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ।

हामी अझै पनि परम्परागत रुपमा चलिआएको Paper Pencil Test को माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरिरहेका छौं । परीक्षणका साधनमा जति विविधता ल्याउन सकिन्छ उति नै मूल्याङ्कन विश्वसनीय र वैध हुन्छ। कक्षा १-३ सम्म लिखित परीक्षा सञ्चालन नगर्ने, कक्षा ४-५ मा ५० प्रतिशत आवधिक र ५० प्रतिशत आन्तरिक मूल्याङ्कन (निरन्तर) त्यसैँगरी कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनका माध्यमबाट मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रम ले गरेको छ। निरन्तर विद्यार्थी मूल्याङ्कनमा हाजिरी , कक्षा कार्य, कक्षा सहभागिता, विद्यार्थीको रचनात्मक र सृजनात्मक कार्य जस्ता विविध पक्षहरुलाई आधार मान्ने गरेको छ। आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्यक्षेत्राधिकार भित्र रहेको छ। परीक्षा व्यवस्थापनका समग्र पक्षहरुमा विश्वसनीयता र वैधता कायम गर्दै सिकाइको मूल्याङ्कनबाट सिकाइका लागि मूल्याङ्कनतर्फको सुरुवात गर्नु आवश्यक छ।

#### ३.६.३ चूनौती तथा अवसरहरु

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरोकारवालाहरुको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु , सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालबालिकाहरुका लागि पाठ्यक्रम र सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरु प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्नु आदि पाठ्यक्रमसँग सम्बन्धित चुनौतीहरु हुन्। पाठ्यपुस्तकलाई शैक्षिक सत्रको शुरुमै बालबालिकाको हातहातमा पुर्‍याउँनु, शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु,परीक्षा पद्धतिलाई वैज्ञानिक तथा समयानुकूल बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग सहितको वैकल्पिक विधिको उच्चतम प्रयोग गर्नु आदि यस क्षेत्रका थप सहायक चुनौतीहरु हुन्।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,२०७६ को निर्माण, विद्यालय शिक्षाको सम्पूर्ण कक्षाको पाठ्यक्रम तथा मूल्याङ्कनको क्षेत्र परिमार्जन र कार्यान्वयन गर्दै जानु, आधारभूत तथा माध्यमिक तहका सबै बालबालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु आदि यस क्षेत्रसँग सम्बन्धित अवसरहरु हुन्।

#### ३.६.४ लक्ष्य

प्रभावकारी पाठ्यक्रमका माध्यमबाट विद्यार्थीहरुमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्ति विकास भई लगनशील र प्रतिस्पर्धी, दक्षजनशक्ति तयार हुने।

#### ३.६.५ उद्देश्य

१. पाठ्यक्रम कार्यान्वयन गर्नु।
२. पाठ्यक्रम सुधार,परिमार्जन र विकासका लागि सुझाव दिनु।
३. पाठ्यक्रमलाई जीवन पद्धतिसँग जोड्नु।
४. प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट स्थानीय र विश्वपरिवेश अनुकूल विद्यार्थीको ज्ञान,सिप र व्यवहार विकास गर्नु।
५. विद्यार्थीमा समस्या समाधान गरी स्तरीय मूल्याङ्कन पद्धति कार्यान्वयन गर्नु।
६. स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्नु।

#### ३.६.६ रणनीतिहरू

१. वर्तमान पाठ्यक्रम २०७६ कार्यान्वयन गरिनेछ।
२. पाठ्यक्रम र पाठ्यसामग्री प्रबोधिकरण गरिनेछ।
३. पाठ्यक्रमको कार्यान्वयन गर्न संरचनागत र पेसागत क्षमता विकास हुनेछ।

४. शिक्षकलाई स्रोतसामग्री र विद्यार्थीलाई पाठ्यसामग्री उपलब्धताको व्यवस्था गरिनेछ ।
५. शिक्षक पेसागत विकास गरिनेछ ।
६. स्थानीय भाषा , मातृभाषाका माध्यमबाट समेत सिकाइको व्यवस्था गरिनेछ ।
७. सिकाइमा सूचना प्रविधिको प्रयोग गरिनेछ ।

### ३.६.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि:**

प्रभावकारी पाठ्यक्रमको कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक सक्षम र सिकाइ प्रति प्रतिबद्ध आत्मनिर्भर जनशक्ति तयार हुने ।

**ख) प्रमुख नतिजा:**

१. तोकिएका पाठ्यक्रम कार्यान्वयन भएको हुने ।
२. पाठ्यक्रम विकास र परिमार्जनका लागि सहयोग उपलब्ध भएको हुने ।
३. सिकारुको दैनिक जीवनसँग पाठ्यक्रम जोडिएको हुने ।
४. वर्तमान विश्वपरिवेश अनुकूल ज्ञान, सिप र व्यवहारकुशल सिपयुक्त जनशक्ति विकासका लागि सहजीकरण भएको हुने ।
५. सिकाइ समस्या समाधान भै स्तरीय मूल्याङ्कन भएको हुने ।
६. स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | पाठ्यक्रम प्रबोधिकरण | पटक | १ | १ | ० | ० | ० | २ | |
| २. | शिक्षक पेसागत विकास | पटक | ० | १ | १ | १ | १ | १ | |
| ३. | प्रभावकारी मूल्याङ्कन | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |
| ४. | कक्षाकोठामा सूचना प्रविधिको उच्चतम प्रयोग | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |
| ५. | पाठ्यसामग्रीको उपलब्धता | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| ६. | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन | नगरपालिका | १ | १ | १ | १ | १ | १ | पहिलो वर्ष निर्माण |
| ७. | माध्यम भाषाको रुपमा स्थानीय मातृभाषाको प्रयोग | विद्यालय | | | | | | | |
| ८. | अनुगमन र सुपरीवेक्षण | नगरपालिका | १ | १ | १ | १ | १ | १ | |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षक ज्ञान ,सिप ,सभ्यता र संस्कारले भरिएका व्यक्तित्व हुन् । शिक्षकहरुलाई जति खुसी र कार्यप्रति आकर्षित गर्न सक्यो उति नै देशको शिक्षा प्रणालीले काँचुली फेर्न सक्छ । शिक्षकहरूको सेवा, शर्त, सुविधा र वृत्तिविकासको बाटो अझै सशक्त र व्यवहारिक बनाई अगाडि बढ्नु सान्दर्भिक देखिन्छ । विद्यालयहरूमा शिक्षकको दरबन्दी मिलान, द्वन्द्व, तनाव व्यवस्थापन, समय व्यवस्थापन जस्ता पक्षमा ध्यान दिई विद्यालयको सर्वपक्षीय विकास गर्न शिक्षक व्यवस्थापन  र विकासमा जोडदिनु अत्यावश्यक छ । शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा यस गुलरिया नगरपालिकाको वर्तमान अवस्था र समसामयिक सवालहरुलाई निम्नुसार प्रस्तुत गरिएको छ ।

### क) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति,२०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ । नेपालको पन्ध्रौ योजना (२०७६/०७७-२०८०/८१) ले यस पेसामा अब्बल प्रतिभालाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अंक हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गराउन पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली,२०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रुपमा लिइने अवस्था सुधार हुदै आएको छ ।शिक्षक सेवा आयोगबाट आधारभूत तह कक्षा १-५, आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहमा रिक्त दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भईरहेको अवस्था छ । शिक्षक सेवा आयोगबाट नियुक्ति भएका शिक्षकलाई स्थानीय तहले विद्यालयमा पदस्थापन गर्ने कार्यको थालनी भएको छ । विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्युटर सम्बन्धि दक्षता, बालबालिकाप्रति सकरात्मक प्रवृत्ति र आर्थिक प्रलोभनभन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्व दिने स्वाभावको शिक्षकको आवश्यकता भए पनि शिक्षक सेवा आयोगको पाठ्यक्रमले त्यस प्रकारको शिक्षक छनौटका लागि योगदान गर्न नसकेको अवस्था विद्यमान छ ।

### ख) शिक्षक तयारी

नेपालमा शिक्षाशास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका कक्षा १२, बि.एड. तथा एम.एड. लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ । शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिम शिक्षाशास्त्र बाट कक्षा १२ उत्तीर्ण एवं विश्वविद्यालयबाट बि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिमात्र शिक्षकका लागि योग्य मानिन्छ । शिक्षा ऐन,२०२८ संसोधनसहित तथा शिक्षा नियमावली,२०४९ र शिक्षक सेवा आयोग नियमावली,२०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिषा शास्त्र संकायमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्य संकायबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्र संकायबाट स्नातक वा अन्य संस्थाबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बि.एड. र अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान रहेको छ । शिक्षकहरू आफू जलेर अरुलाई उज्यालो प्रदान गर्ने मैनबत्तीरुपी समाजका आदर्श व्यक्ति हुन् । समाजमा सदाचार, सुशासन र सकारात्मक धारणाको विकास गराउन शिक्षकको अहम् भूमिका रहेको हुन्छ । शिक्षकहरू एक सामान्य बौद्धिक व्यक्तिमात्र नभएर सामाज र राष्ट्रपरिवर्तनका हस्ती पनि हुन् । शिक्षकहरू  सक्षम र पेसाप्रति लगनशील भएको खण्डमा मात्र शिक्षाले गति पाउन सक्दछ। शिक्षकहरूले विद्यालयमा काँचो माटोको रुपमा रहेका बालबालिकालाई जीवनोपयोगी ज्ञान दिएर प्राज्ञिक व्यक्ति निर्माणका लागि अमूल्य योगदान प्रदान गर्दछन् । यस्ता शिक्षक तयार गर्न छोटो समयमा थोरै लगानीले सम्भव छैन । अधिक लगानी र लामो समयको अन्तरालमा उत्पादित जनशक्तिलाई व्यवस्थित बनाउन सकेको खण्डमा मात्र शिक्षाले गति लिन सक्दछ ।

### ग) शिक्षण सिकाइ क्रियाकलाप

विद्यालय तहको पाठ्यक्रम प्रारुप,२०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, व्यावहारीक, परियोजनमा आधारित, समूहकार्यमा आधारित र सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति,२०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रुपमा एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारीक र नतिजामूलक बनाउने उल्लेख गरेको छ । मूलतः बालबालिकाको सिकाइ उपलब्धि कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा परियोजना तथा कार्यक्रमहरुले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । विद्यार्थीको मस्तिष्क तब सक्रिय हुन्छ जब शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप कस्तो बनाउने भन्ने कुरा सम्बन्धित शिक्षकमा निर्भर हुन्छ भने प्राविधिक सहयोग विद्यालय र समुदायको रहेको हुन्छ।जबसम्म शिक्षकहरूमा अन्तर हृदयदेखि केहि गरूँ भन्ने भावनाको विकास हुँदैन तबसम्म विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनसक्दैन। विद्यालयहरुको कमजोर भौतिक पूर्वाधार,उच्च गतिको इन्टरनेट सुविधाको कमी,स्रोतको कमी,विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षिक सामग्रीको कमी, उपयुक्त शैक्षिक वातावरणको कमी आदिक कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### घ) शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.सं. २०२८ मा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले लिडर र फिडर विद्यालय( Leader and Feeder School) को अवधारणा अघि पनि सारेको थियो । यसै गरी विद्यालय सुपरीवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षकहरुको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) हुदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रुपमा धेरै परियोजना र कार्यक्रमहरु कार्यान्वयनमा आए । अध्ययन गर्दा ती सबैले शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । राष्ट्रिय शिक्षा नीति ,२०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी प्राप्ति, विकास र उपयोगका लागि विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवं स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरुलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरे पनि यसतर्फ आवश्यक कानुन र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य( २०१६-२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबिच सञ्जाल विकास गर्न अतिकम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

### ङ) शिक्षक क्षमता विकास कार्यक्रम

राष्ट्रिय शिक्षा नीति,२०७६अनुसार सबै प्रकारका विद्यालयहरुमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धतिसँग सम्बन्धित ज्ञान र सिप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्नेगरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था रहेको छ । त्यसै गरी यही नीतिले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरु, जस्तैः कष्टमाईज तालिम, कार्यशाला, सेमीनार,अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान, मेन्टरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरिएको छ । साथै यो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने , विद्यालयमा आधारित , मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने कुरा उल्लेख छ । विद्यालय क्षेत्र विकास योजनावधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकहरुको शिक्षण क्षमता विकासका लागि टिपिडि तालिम सञ्चालनलाई प्राथमिकतामा राख्ने कार्य भइरहेको भएतापनि विद्यमान ७ वटा शिक्षक तालिम केन्द्रबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरुलाई प्रमाणिकरण तालिम प्रदान गर्न कठीन भएको अवस्था छ । यसै गरी शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथन सिपको कक्षाकोठामा अधिकतम प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरुले औंल्याएका छन् । पेसागत विकासको एउटा प्रचलित मोडल भनेको १०-२०-७० मोडल हो । यस मोडलका अनुसार कुनै पनि व्यक्तिले पेसागत विकासका लागि आवश्यक पर्ने कूल सिप र दक्षतामध्ये दश प्रतिशत सिप र दक्षता विद्यालय र विश्वविद्यालयका कक्षाहरुबाट आर्जन गर्दछ । बीस प्रतिसत सिप र दक्षता पेसासँग

सम्बन्धित तालिम गोष्ठी र अन्तरक्रियाहरुबाट सिक्दछ भने बाँकी सत्तरी प्रतिसत सिप र दक्षता उसलेआफ्नो कार्य सम्पादनको क्रममा सिक्दछ। यसका लागि पेसामा काम गर्ने व्यक्ति पेसाप्रति मन, बचन र कर्मले समर्पण भावका साथ जुटेको हुनुपर्दछ।

**(च) शिक्षक उत्तरदायित्व (Responsibility)**

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान,शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ भन्ने कुरा उल्लेख छ। यसका साथै नीतिले शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाउनुपर्ने कुरामा जोड दिएको छ। यस गुलरिया नगरपालिकाको सन्दर्भमा थुप्रै सामुदायिक विद्यालयहरूले राम्रा अभ्यास प्रस्तुत गरेका छन्। पर्याप्त विद्यार्थीहरू भएका, नियमित पठनपाठन हुने र विद्यार्थीको सिकाइ उपलब्धि पनि उच्च भएका केही विद्यालयहरूका अभ्यासलाई नमुनाका रूपमा पनि लिन सकिन्छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरे पनि यो औपचारिक मात्र हुन गई यसबाट कुनै योगदान भएको देखिदैन। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले राष्ट्रिय स्तरमा गरेको विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (NASA) को प्रतिवेदनबाट विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर रहेको सहजै अनुमान गर्न सकिन्छ। पन्ध्रौं योजनाले शिक्षकको कक्षाकोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेसाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ।

**(छ) शिक्षकको आपूर्ति र वितरण (Supply and Distribution)**

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची१२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा ३ जना, कक्षा ६-८ का लागि कम्तिमा ४ जना र माध्यमिकतह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ। यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेख अनुसार प्रदेश, जिल्ला र विद्यालय पिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। तराईमा शिक्षकविद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ। गुलरिया नगरपालिकाको सवालमा शैक्षिक सत्र २०७७ लाई आधार मानी कुरा गर्दा यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात पूर्व प्राथमिक तहको शिक्षक अनुपात १:२० राष्ट्रिय मापदण्ड अनुसार ठिक देखिन्छ। तर आधारभूत तह (१-५) मा १ जना शिक्षक बराबर ३८ जना मात्र विद्यार्थी रहेको अवस्था छ। यस तहमा उल्लेख्य विद्यार्थी सङ्ख्या वृद्धि नगरे शिक्षक दरबन्दी जोगाउन नसकिने अवस्था छ। आधारभूत तह (६-८) मा १ जना शिक्षक बराबर ९० जना विद्यार्थी, माध्यमिक तह (९-१०) मा १ जना शिक्षक बराबर ७१ जना र माध्यमिक तह (११- १२) मा १ जना शिक्षक बराबर १०३ जना विद्यार्थी देखिन्छ। अतः कक्षा ६ देखि कक्षा १२ सम्मको विद्यार्थी सङ्ख्याको अनुपात सरकारी मापदण्ड भन्दा धेरै बढी छ। शिक्षक दरबन्दी भन्दा विद्यार्थी सङ्ख्या धेरै भएकाले पर्याप्त शिक्षक दरबन्दी व्यवस्थापन गर्न नसके योजनाबद्धरुपमा गुणस्तरीय शिक्षा प्रवाह गर्न कठिन हुने देखिन्छ।

### ३.७.२ चुनौती र अवसरहरु (Challenges and Opportunities)

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाई शिक्षण पेसामा प्रवेश गराउनु, कक्षा कोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचि अनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी

कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाईसमायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाई तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु,कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रुपमा विकासगर्नु,मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरुमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दिको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्ने गरी स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष, न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरु हुन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिचित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेसागत संस्थातिर नभई विशुद्ध पेसाको उन्नयनमा सहयोग पुऱ्याउने सबैको साझा प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु तथा उपलब्ध शिक्षकहरूको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत र विशिष्टता सहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिने थप चुनौतीहरु हुन् ।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवको नियमित कार्यहरु गर्नु, नेपाल सरकारले दरबन्दी मिलानका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदन अनुसार दरबन्दी मिलानको कार्य अगाडि बढाउनु साथै प्रदेश तथा स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु आदि यस क्षेत्रका अवसरहरुका रुपमा लिन सकिन्छ ।

### ३.७.३ लक्ष्यः

शिक्षण सिकाइका लागि योग्य, दक्ष, पेसाप्रति समर्पित, उत्प्रेरित र जवाफदेहीता पूर्ण शिक्षक व्यवस्था सुनिश्चित हुने ।

### ३.७.४ उद्देश्य

१. संघीय सरकारसँग सक्षम शिक्षक आपूर्तिका लागि समन्वय गर्नु ।
२. दक्ष योग्य शिक्षकको व्यवस्था गर्नु ।
३. प्रतिबद्ध र उत्प्रेरित तहगत शिक्षक प्रबन्ध गर्नु ।
४. सक्षमतामा आधारित तहगत र विषयगत शिक्षक तालिम र पेसागत सहयोगको व्यवस्था गर्नु ।
५. सुपरीवेक्षण र मूल्याङ्कनलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गर्नु ।

### ३.७.५ रणनीतिहरू

१. तहगत र विषयगत शिक्षक दरबन्दी मिलान र थप गरिनेछ ।
२. शिक्षक पेसागत विकासका लागि आवधिक सेवाकालीन तालिम सञ्चालन गरिनेछ ।
३. पालिकास्तरमा शिक्षक सिकाइ समूह, विज्ञ समूह, अनुभवी शिक्षकहरुबाट मेन्टोरिङ्ग पद्धतिको विकास गरिनेछ ।
४. शिक्षक कार्य सम्पादन र नियमितता सुधार गरिनेछ ।
५. प्र अ ,शिक्षक को वृत्तिविकास लाई विद्यार्थीको सिकाइसँग आबद्ध गरिनेछ ।

### ३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

स्वतःस्फूर्त, अभिप्रेरित र दक्ष शिक्षकको व्यवस्था भई सिकाइ सुधार हुने ।

**ख) प्रमुख नतिजाः**

१. राष्ट्रिय मापदण्ड अनुसार शिक्षक छनोट, तयारी र विकास भएको हुने ।
२. विषयगत शिक्षण सिकाइ सम्बन्धि सक्षमता विकास भएको हुने ।
३. निरन्तररुपमा शिक्षक पेसागत सहयोग प्राप्त भएको हुने ।

४. शिक्षण पेसा सम्मानित र प्रतिस्पर्धी भएको हुने।
५. शिक्षक उपस्थिति र शिक्षण पद्धतिमा परिमार्जन भई कार्यसम्पादनस्तर सुधार भएको हुने।
६. तहगत र विषयगत शिक्षक दरबन्दी अनुपात मिलेको हुने।
७. शिक्षकको वृत्तिविकासमापारदर्शिता स्थापित भएको हुने।

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | |
| | | | **शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति** | | | | | | |
| १. | सरुवा र बढुवालाई पूर्वानुमान योग्य र वस्तुनिष्ठ बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २. | प्रदेश तथा स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ३. | स्थानीय तहबाट महँगी वा प्रोत्साहन वा यातायात वा खाजा खर्च व्यवस्था गरी निजामतिको तुलनामा शिक्षकको सेवासुविधा आकर्षक बनाउने | न पा | ० | १ | १ | १ | १ | १ | |
| ४. | शिक्षक पेसालाई रोजाइको पेसा बनाउन पूर्वसेवाकालीन तथा मनोसामाजिक | पटक | १ | २ | २ | २ | २ | ९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परामर्शको व्यवस्था गर्ने | | | | | | | | |
| ५. | बालविकास शिक्षक र विद्यालय कर्मचारीको तलब समयसापेक्ष वृद्धि गर्दै जाने | बा.वि.सहजकर्ता र वि. कर्मचारी | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| **शिक्षक तयारी** | | | | | | | | | |
| ६. | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्ने | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ७. | नयाँ नियुक्ति पाएका शिक्षकलाई कम्तिमा ७ दिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| **शिक्षण सिकाइ क्रियाकलाप** | | | | | | | | | |
| ८. | नियमित शिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्ड विकास गरी कार्यान्वयन गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ९. | योग्य, दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित, परियोजनामा आधारित, समूहकार्यमा आधारित, प्रयोगात्मक | शिक्षक | ५० | ६० | ६० | ६० | ६० | २९० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यमा आधारित बनाउने गरी शिक्षण तथ सिकाइ सामग्री विकास गर्ने | | | | | | | | |
| १०. | शैक्षिक सामग्री लगायत समग्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र सिर्जनात्मक कार्य गर्नका लागि विद्यालयमा आवश्यक स्रोतको व्यवस्था गर्ने | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| ११. | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले कक्षाकोठामा बिताउने समयमा वृद्धि गर्ने। प्रधानाध्यापकलाई जिम्मेवार बनाउने। | सबै प्र अ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| १२. | सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवि शिक्षक, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरीवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने | जना | | ५० | ५० | ५० | ५० | २०० | |
| १३. | शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरुलाई प्रधानाध्यापक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकले | सबै शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकलाई विद्यार्थी सिकाइ उपलब्धिका आधारमा अन्य प्रोत्साहनको व्यवस्था गर्ने | | | | | | | | |
| **शिक्षक पेसागत सहयोग पद्धति** | | | | | | | | | |
| १४. | नगरपालिकामा शिक्षक पेसागत सहयोग मार्गदर्शन/ कार्यविधिको विकास गर्ने | सङ्ख्या | | १ | | १ | १ | ३ | |
| १५. | मार्गदर्शन / कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई-सञ्जाल / समूह बनाउने | सङ्ख्या | | १ | | १ | १ | ३ | |
| १६. | शिक्षकहरुको संस्था शिक्षक महासंघलाई शिक्षकहरुको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाउने | जना | १ | १ | १ | १ | १ | ५ | |
| १७. | विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणको संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८. | शिक्षकलाई परामर्श दिन, अध्ययन अनुसन्धान, अनुगमन गर्न, तथा विज्ञ सेवा प्रदान | टिम | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्नका लागि नगरपालिकामा सेवानिवृत्त दक्ष शिक्षकहरुको विज्ञ टोली गठन गर्ने | | | | | | | | |
| १९. | सहपाठी कक्षा अवलोकन गर्ने | कक्षा सङ्ख्या | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | सम्पूर्ण शिक्षक | |
| **शिक्षक क्षमता विकास** | | | | | | | | | |
| २०. | शिक्षकको पेसागत आवश्यकता अनुसार शैक्षिक तालिम केन्द्रहरुबाट प्रदान गरिने पेसागत क्षमता तालिममा खटाई तालिम पश्चात विद्यलयमा आई सिकाइ आदानप्रदानको संस्कार विकास गर्ने | सङ्ख्या | ३० | ५० | ५० | ५० | ५० | २३० | |
| २१. | नगरपालिकास्तरमा विषयगत समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने | समूह सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | २२ | |
| २२. | नगरपालिकास्तरमा सञ्चालन हुने प्रअ बैठकलाई नियमित र व्यवस्थित गराउन | पटक | १० | १० | १० | १० | १० | ५० | |
| २३. | व्यवहारकुशल तथा एक्काइसौ शताब्दीका सिकाइ सिप, आधारभूत तहका शिक्षकका लागि कक्षाशिक्षण | जना | ३० | ५० | ५० | ५० | ५० | २३० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | र अन्तर्रसम्बन्धित विषयवस्तुलाई समेटी मागमा आधारित छोटो अवधिको तथा पूनर्ताजगी शिक्षक तालिम सञ्चालन गर्न | | | | | | | | |
| २४. | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १५ दिने पेसागत तालिम सञ्चालन गर्ने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २५. | प्रधानाध्यापकलाई IEMIS सम्बन्धी छोटो अवधिको तालिम सञ्चालन | ६० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६. | प्रत्येक विद्यालयमा एक जना शिक्षकलाई सूचना प्रविधि सम्बन्धि आधारभूत सिप विकासको लागि तालिम सञ्चालन | ६० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| **शिक्षक उत्तरदायित्व** | | | | | | | | | |
| २७. | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जिम्मेवार बनाउने र सोको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र शिक्षा हेर्ने अधिकारीलाई जम्मरेवार बनाउने। | जना | ७ | १० | १० | १० | १० | ४७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८. | विद्यालयको मासिक प्रगति प्रतिवेदन पठाउने व्यवस्था गर्ने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २९. | शिक्षकको बढुवा, सरुवा र प्रोत्साहनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउन समन्वय र सहजीकरण गर्ने | सबै विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| ३०. | शिक्षकले कक्षामा बिताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३१. | विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये हरेक हिसाबले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने | सबै विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| **शिक्षक आपुर्ती र वितरण** | | | | | | | | | |
| ३२. | संघले पहिचान गरेका आवश्यक दरबन्दीको लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने | आवश्यकता बमोजिम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३३. | मौज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसाबले फेहरिस्त तयारी गरी विज्ञापनका लागि इकाइ मार्फत प्रदेश/ संघीय | नपा | √ | √ | √ | √ | √ | | आवश्यकताअनुसार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक आयोगमा पठाउने | | | | | | | | |
| ३४. | स्थायी शिक्षक नआउँदासम्म बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई करार नियुक्ति गरी काममा लगाउने | नपा | √ | √ | √ | √ | √ | | आवश्यकताअनुसार |
| ३५. | एकदिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भइ कामगर्ने शिक्षकको व्यवस्था गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३६. | नगरक्षेत्रका उपलब्ध दरबन्दीलाई हरेक वर्ष विद्यार्थी सङ्ख्याका आधारमा न्यूनतम कायम राखी पूनर्वितरण गर्ने | न पा | ० | १ | १ | १ | १ | १ | |
| ३७. | विद्यालयमा शिक्षक भर्ना गर्दा अंग्रेजी, गणित, विज्ञान र सूचना प्रविधिबारे दक्षता हासिल गरेका व्यक्तिलाई प्राथमिकतामा राख्ने | नपा | √ | √ | √ | √ | √ | | आवश्यकताअनुसार |
| ३८. | सामुदायिक तथा संस्थागत विद्यालयले राख्ने नीजि शिक्षकको मापदण्ड सेवा, सर्त | सबै विद्यालय | ६० | ६० | ६० | ६० | ६० | ६० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | र पारिश्रमिकमा क्रमशः एकरुपता ल्याइने | | | | | | | | |
| ३९. | न्यून शिक्षक दरबन्दी तत्कालका लागि परिपूर्ति गर्न हालका स्वयंसेवब शिक्षक परिचालनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने | सङ्ख्या | शून्य दरबन्दी भएका विद्यालयहरू | शून्य दरबन्दी भएका विद्यालयहरू | शून्य दरबन्दी भएका विद्यालयहरू | शून्य दरबन्दी भएका विद्यालयहरू | शून्य दरबन्दी भएका विद्यालयहरू | शून्य दरबन्दी भएका विद्यालयहरू | |
| ४०. | भर्चुअल सिकाइलाई निरन्तरता दिने | नपा | √ | √ | √ | √ | √ | | आवश्यकताअनुसार |

## ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

### ३.८.१ परिचय

मुलुक संघियतामा प्रवेश गरेसँगै तीन तहको सरकारको साझा कार्यसूचिमा शिक्षा, खेलकूद र पत्रपत्रिका रहेका छन् ।आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू स्थानीय सरकारको एकल अधिकारमा सूचिकृत गरिएको छ । विद्यालयमा शैक्षिक प्रशासनको व्यवस्थापन गर्नका लागि गुलरिया नगर शिक्षा ऐन, २०७५ सहित विभिन्न कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिएका छन् ।विद्यालयहरूलाई आफुले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति, गुनासो सुनुवाई समितिजस्ता विभिन्न समितिहरूको गठन गरिएको हुन्छ । विद्यालयको शैक्षिक, भौतिक, आर्थिक जस्ता विभिन्न पक्षहरुमा गुणात्मक सुधार र व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति र विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा समन्वय गर्न प्रत्येक विद्यालयमा सबै अभिभावक र शिक्षकहरु रहेको (शिक्षा ऐनले व्यवस्था गरेअनुसारको) एक शिक्षक अभिभावक  गठन हुन्छ । यी सवै समितिहरुको भूमिका र सक्रियतालाई बढाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने, शैक्षिक सुशासन अभिवृद्धि कायम गर्ने कुरा नै विद्यालय व्यवस्थापन हो ।

### ३.८.२ वर्तमान अवस्था

यस नगरपालिकाको १२ वटा वडा भित्र सामुदायिक विद्यालय सङ्ख्या ४७ र संस्थागत १३ गरी जम्मा ६०  वटा विद्यालय रहेका छन् । संस्थागत विद्यालयहरु स्थानीय लगानीकर्ताहरुले आर्थिक मुनाफालाई दृष्टिगत गरी सञ्चालन गरेको पाइन्छ । सामुदायिक विद्यालय स्थानीय अभिभावकको चाहना , सहयोग र पहलमा स्थापित भै राज्यले आर्थिक अनुदान उपलब्ध गराई शिक्षा व्यवस्थापनको कार्यलाई अघि बढाइरहेको अवस्था छ । हालको अवस्थामा समयसापेक्ष नीति, नियम र कार्यविधि निर्माण गरी विद्यालय तहको शिक्षालाई थप व्यवस्थित र सबलीकरण गर्न स्थानीय सरकारको समेत दायित्व भएकाले गुलरिया नगरपालिकाले जारी गरेको **विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धि कार्यविधि २०७८** मा विद्यालयको प्रशासनिक(प्रधानाध्यापक ) नेतृत्व व्यवस्थापन अनुसार नै प्रधानाध्यापक सम्बन्धि महत्वपूर्ण कार्यलाई कार्यान्वयन गर्ने दिशामा अग्रसर रहेको अवस्था  छ । यसरी पालिकाको समग्र पक्षको सबलीकरण गर्दै आवश्यक ऐन नियम तर्जुमा र आर्थिक लगानी अभिवृद्धि गर्ने जमर्को गरिरहेको छ ।

### ३.८.३ चुनौती तथा अवसरहरु

विद्यालय व्यवस्थापन अन्तर्गत विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिलाई जिम्मेवार, सक्रिय र जवाफदेही बनाउन, विद्यालयमा दीगो वित्तीय स्रोत व्यवस्थापन गर्नु, व्यवस्थापकीय तहमा कार्य गर्ने समितिहरूको क्षमता विकास गर्नु, शैक्षिक संस्थाहरूको उत्तरदायित्व र जवाफदेहिताको संस्कारमा वृद्धि गर्नु र विद्यालय व्यवस्थापन समिति गठन र सक्रियतामा स्वार्थले प्रभाव पार्नु यस क्षेत्रसँग सम्बन्धित

मुख्य चुनौतीहरु रहेका छन् । विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्थापन गर्नु, विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र- छात्राका लागि अलग - अलग शौचालय, सिकाइ मैत्री वातावरण, प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड, बुक कर्नरजस्ता न्यूनतम सुविधाहरुको व्यवस्थापन, अतिरिक्त क्रियाकलापहरु विद्यालयले स्काउट, रेडकस, बालक्लव, ईको क्लब तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरुलाई नियमित रुपमा सञ्चालन गर्नु जस्ता सवालहरु विद्यालय व्यवस्थापनमा देखिएका छन् ।

शिक्षालाई पहिलो प्राथमिकतामा राखी सधैँ भेटिन सक्ने, अनुगमन, निगरानी हुन सक्ने, साधन स्रोत उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्न सक्ने स्थानीय सरकार र त्यसका २३ वटा शिक्षाको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापनगर्न सक्ने कानुनी तथा नीतिगत व्यवस्था हुनु, सूचना तथा सञ्चार प्रविधिमा पहुँच, अनलाइन तथ्याङ्क तथा शिक्षक कर्मचारी व्यवस्थापन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला जस्ता न्यूनतम पक्षहरुमा निरन्तर बजेट विनियोजन हुनु, स्थानीय सरकारले दरबन्दी मिलान गर्नु, स्वयंसेवक शिक्षक व्यवस्था गर्नु, प्रधानाध्यापक सम्बन्धी कानुनी व्यवस्था गर्नु विद्यालय व्यवस्थापनका अवसरहरु पनि रहेका छन् ।

**३.८.४ लक्ष्य**

पालिका अन्तर्गतका सबै विद्यालयहरू बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने ।

**३.८.५ उद्देश्यहरु (Objectives)**

१) सबै विद्यालयहरुमा तोकिए अनुसारका र आवश्यकता अनुसारका समितिहरु कानुनसम्मत रुपमा गठन र सक्रिय बनाउनु ।
२) सबै विद्यालयहरुमा दीगो वित्तीय व्यवस्थापन गर्नु ।
३) योग्यता प्राप्त प्रधानाध्यापकको नियुक्ति र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी, जिम्मेवार व्यवस्थापन गराउनु ।
५) विभिन्न समिति तथा प्रधानाध्यापक, लेखा तथा प्रशासनिक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु ।
६) विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा क्रमिक सुधार गरी विद्यालय व्यवस्थापनलाई समाहित, समावेशी, समन्यायिकता र सबैको पहँच हुने गरी उत्थानशील र जवाफदेही बनाउनु ।
७) विद्यालयमा शैक्षिक र वित्तीय सुशासनलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनु ।

**३.८.६ रणनीतिहरु (Strategies)**

१) शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी गरिनेछ ।
२) संघीय मापदण्ड अनुसार नगरपालिकाकाले विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन तथा शिक्षक दरबन्दीको मिलान गर्ने कामलाई निरन्तरता दिइनेछ ।
३) प्रधानाध्यापकको शिक्षा ऐनमा तोकिए अनुसार व्यवस्थापन र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शीर उत्तरदायी रुपमा प्रशासन तथा व्यवस्थापन गरिनेछ ।
४) सवै विद्यालयहरुमा दीगो स्रोत व्यवस्थापनका लागि एक डालो प्रणाली तथा विद्यालय कोषको व्यवस्था मिलाइनेछ ।
५) सबै विद्यालयहरुमा प्रविधि सहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा सबै प्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाइनेछ ।
६) नियमित रुपमा विभिन्न समितिहरु, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

**३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धिः**

सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने ।

**ख) प्रमुख नतिजाः**

१. शैक्षिक कार्ययोजना निर्माण र कार्यन्वयन भएको हुने ।
२. संघीय मापदण्ड अनुसार नगरपालिकाले विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिचित हुने गरी विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन तथा शिक्षक दरबन्दीको मिलान गर्ने कामलाई निरन्तरता दिइएको हुने ।

३. प्रधानाध्यापकको शिक्षा ऐनमा तोकिए अनुसार व्यवस्थापन र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शीर उत्तरदायी रुपमा प्रशासन तथा व्यवस्थापन भएको हुने ।
४. सवै विद्यालयहरुमा प्रविधि सहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा सबै प्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री भएको हुने ।
५. नियमित रुपमा विभिन्न समितिहरु, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन भएको हुने ।
६. सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधन परिचालन भएको हुने ।
७. सवै विद्यालयहरुमा प्रविधिमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक व्यवस्थापन हुने ।
८. विद्यालयको सेवा प्रवाह प्रभावकारी भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालयको वार्षिक शैक्षिक कार्ययोजनाको निर्माण | विद्यालय | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | |
| २. | विद्यालय नक्शाङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना | आवश्यकता अनुसार | ० | १ | | | | १ | |
| ३. | शिक्षक दरबन्दी मिलान | शिक्षक | १ | १ | १ | १ | १ | ५ | |
| ४. | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ५. | विद्यालय सुधार योजना तयारी तथा अद्यावधिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६. | प्रधानाध्यापक नियुक्ति | विद्यालय प्रतिशत | ५० | १०० | १०० | १०० | १०० | १०० | |
| ७. | अभिभावक भेला | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८. | विद्यालयको लेखा परीक्षण तथा सामाजिक परीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९. | विपद् व्यवस्थापन योजना निर्माण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १०. | क्षमता विकास र प्रोत्साहनका कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ११. | विद्यालयका गतिविधिहरू सार्वजनिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १२. | विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न,जीविकोपार्जनमा सहयोग पु¥याउन र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा प्रमुख हुन । शिक्षा आर्जन गर्ने चाहना भएका तर औपचारिक शिक्षाबाट वञ्चित व्यक्तिहरूलाई विभिन्न मार्ग अवलम्बन गरी विभिन्न समयमा विभिन्न माध्यमहरूको उपयोग गरी यस प्रकारका शिक्षा लिदैँ आएका छन् । यस नगरपालिकाले पनि समय समयमा प्रौढ कक्षाहरू सञ्चालन, विभिन्न उद्यम विकासका कक्षाहरु सञ्चालन, सिपमूलक तालिम, पुनर्ताजगी तालिम सञ्चालन गर्दै आएको छानेपालको संविधान २०७२ ले निर्देश गरेको सबैले शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीति र दीगो विकासका लक्ष्यले प्रत्याभूत गरेको मान्यतालाई सबैले आजीवन गुणस्तरयुक्त सिकाइको अवसर प्राप्त गर्ने दिशामा संस्थागत क्षमता विकास गर्नु आवश्यक छ ।

### ३.९.२ वर्तमान अवस्था

यस पालिका अन्तर्गत औपचारिक शिक्षा निरन्तर प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई सहज रुपमा औपचारिक शिक्षा प्राप्त गर्न कक्षा १० मा खुला शिक्षा विद्यालय सञ्चालनमा रहेको छ । प्रौढ निरक्षरहरुलाई निरन्तर , जीवनपर्यान्त शिक्षाका माध्यमबाट स्थानीय सिप विकास गर्न ,सामाजिक ,साँस्कृतिक मूल्यमान्यताको गुणात्मक हस्तान्तरण गर्न र लैङ्गिक ,जातिय,भाषिक विभेद तथा अन्धविश्वास जन्य कुरीति न्यूनीकरण गरी राष्ट्रको मूल प्रवाहमा समेट्न ३ वटा सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रोत्साहन सहित जिम्मेवार बनाइएको छ । सिकाइ केन्द्र मार्फत सञ्चालित सिपमूलक तालिम, पत्रपत्रिका सहित व्यवस्थित सिकाइ वातावरण व्यवस्थित गरिएको छ । अतः अगामी योजनामा सामुदायिक सिकाइ केन्द्रहरुको विस्तार र सुदृढिकरण गरी थप अधिकार जिम्मेवारी र साधन स्रोत सम्पन्न बनाई अनौपचारिक ,जीवनपर्यन्त सिकाइलाई व्यवस्थित गर्नु आवश्यक देखिन्छ ।

### ३.९.३ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने सबै नागरिकलाई कार्यमुलक रुपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु पूर्ण साक्षर गुलरिया नगर निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठनसंस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक,खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौती रहेका छन् । अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी,सहभागीहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुविच समन्वयकोअभाव, सवै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरु व्यवस्थापन गर्न नसक्नु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता तथा स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतीका रुपमा रहेका छन् ।

वर्तमान सन्दर्भमा बहुशासकीय साझेदारहरुको स्रोत सहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपालसुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ । शिक्षा केन्द्रवाट मात्रै सञ्चालन हुँदै गरेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

### ३.९.४ लक्ष्य (Goal)

अनौपचारिक शिक्षालाई साक्षरताको मुल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर नगरपालिका सहितको समुन्नत समाज निर्माण गर्ने ।

### ३.९.५ उद्देश्यहरु (Objectives)

१. पालिका अन्तर्गतका सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
२. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षा बीच अन्तर्सम्बन्ध स्थापित गर्नु ।
३. सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु ।
४. स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्नु ।

### ३.९.६ रणनीतिहरु

१. गुलरिया नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रुपमा स्थापित गर्न नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछन्।
२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिबृद्धि गरिनेछ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रबर्धन, आधुनिकीकरण एवम् हस्तान्तरणसम्बन्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनसंरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लगिनेछ।
५. नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चारमाध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आवश्यक पर्ने साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिनेछ।
६. संघीय र प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकताअनुसार पाठ्यक्रम र सिकाइ मोडलका डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिनेछ।
७. राष्ट्रिय योग्यता प्रारूपअनुसार अतिरिक्त, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिनेछ।
८. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणापत्र तयार गरिनेछ।
९. अनौपचारिक एवं आजीवन सिकाइका लागि संघ र प्रदेश सरकारबीच स्रोत साझेदारी प्रारूप विकास गर्नसमन्वय र सहजीकरण गरिनेछ।
१०. अन्यसरोकारवालाहरुको क्षमता अपनत्व विकासका लागि संघीय प्रदेश सरकार र सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ बिद्यालय, वैकल्पिक खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ।
११. जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन नगरपालिकामा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइनेछ।

### ३.९.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and Main Activities and Target)

**(क) उपलब्धि (Outcomes)**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

ख) **प्रमुख नतिजाः**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन भएको हुने।
२. सिकारूको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरूको विकास भएको हुने।
३. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास भएको हुने।
४. संघ र प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीको प्रारुप तयार भएको हुने।
५. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुने।
६. स्थानीय तह पूर्ण साक्षर घोषणा भएको हुने।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | निरक्षरहरूको तथ्याङ्क संकलन | पटक | १ | | | | १ | २ | |
| २. | साक्षरता तथा साक्षरोत्तर शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन | | | | | | | | |
| ३. | सामूदायिक सिकाइ केन्द्र सञ्चालन | **वटा** | | **१** | | | **१** | **२** | |
| ४. | सामूदायिक सिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन | **वटा** | | **१** | | | **१** | **२** | |
| ५. | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | **वटा** | | **१** | | | **१** | **२** | |
| ६. | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य | **न पा** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **आवश्यकता अनुसार** |
| ७. | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | **पटक** | **०** | **१** | **१** | | **१** | **३** | |
| ८. | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मीक प्रकृतिका विद्यालयहरूलाई अनुदान | **न पा** | **०** | **√** | **√** | **√** | **√** | **√** | |
| ९. | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | |
| १० | पूर्णसाक्षर पालिका घोषणा | **पटक** | | | | **१** | | **१** | |

## ३.१० गुणस्तरीय सार्बजनिक शिक्षा

### ३.१०.१ परिचय

शैक्षिक गुणस्तर भन्ने कुरा मापन गर्न कठिन छ । सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अंकलाई गुणस्तरको रुपमा वुझ्ने गरिएको पाइन्छ । शिक्षाको गुणस्तरलाई अंकमा सीमित गर्न सकिदैन । परीक्षामा कम अंक ल्याए पनि शिक्षण संस्थामा सिकेका सीपलाई व्यवहारमा प्रयोग गर्न सक्छ, व्यावहारिक जीवनमा सिर्जनशील बन्छ, जागिरका लागि दिने परीक्षा तथा माथिल्लो शिक्षाका लागि हुने प्रवेश परीक्षाहरुमा सफलता प्राप्त गर्न सक्छ, माथिल्लो तहको शिक्षा आर्जन गर्ने क्रममा तल्लो तहको शिक्षाले सहयोग गरेको महशुस गर्छ भने त्यस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्नसकिन्छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले समेत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम्

उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । समग्रमा विद्यालयपद्धतिलाई विद्यार्थी मैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास, विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नका साथै उनीहरुको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु आवश्यक छ ।

२१ औं शताब्दीका बालबालिकालाई सूचना प्रविधिको पहुँच पुऱ्याउन, शिक्षकलाई स्वाध्ययन गर्ने मौका सिर्जना गर्न, शिक्षण सिकाइलाई प्रभावकारी पार्न विद्यालयमा इन्टरनेटको व्यवस्था गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाउनु पनि अपरिहार्य छ । विद्यालय सुशासनलाई प्रभावकारी पार्नु र सार्वजनिक शिक्षाका लागि छुट्याएको बजेट सदुपयोग भएको सुनिश्चित गर्नु पनि त्यत्तिकै आवश्यक छ । यस्तै सानातिना कुरामा ध्यान दिन सकेमा सार्वजनिक शिक्षाको गुणस्तर सुधार हुनसक्छ । सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन तथा सबलीकरण गर्न समस्याका जराहरू पत्ता लगाई सुधारको थालनीगर्नुपर्ने आवश्यकता छ । विद्यालयमा बालबालिकाले प्राप्त गर्ने उपलब्धि विद्यालयको पठनपाठनमा मात्रभर पर्दैन । बालबालिका विद्यालयमा आउनुभन्दा पहिला सिकाइका लागि कति तयार भएका छन् त्यसले समेत प्रभाव पार्दछ । बालबालिकाको शिक्षाको तयारी सुनौलो हजार दिनदेखि सुरुवात हुन्छ । विद्यालय पूर्वको तयारीका लागि गर्भवती अवस्थामा आमालाई प्राप्त पोषणयुक्त खाना, स्वास्थ्य उपचार, सुत्केरी गराउने उपयुक्त तरिका, सुत्केरी आमाको स्याहारसुसार, शिशु जन्मेपछिको रेखदेखसमेतले विद्यालयको शिक्षामा प्रभाव पार्ने कुरा अध्ययनले देखाएका छन् । पूर्व बालशिक्षा तथा बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना वालवालिकालाई पर्याप्त खेल्ने सामग्रीको व्यवस्था, तालिमप्राप्त शिक्षक, पोषणतत्वयुक्त खाजाको व्यवस्था हुनसकेमा गुणस्तरीय सिकाइका लागि जग तयार हुन्छ ।

### ३.१०.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षा नपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले देखाएका छन् । अभिभावकले बालबालिकालाई उपयुक्त पोषणको व्यवस्था गर्न र घरमा सिक्नका लागि उपयुक्त वातावरण मिलाउन नसकेमा विद्यालयमा बालबालिकाले राम्रो गर्ने सम्भावना हुँदैन । बालबालिकालाई शिक्षाप्रति सचेत पार्न अभिभावक शिक्षा सञ्चालन गर्नसकेमा त्यस्ता अभिभावकले समेत घरमा सहयोग गर्न सक्छन् । विगतमा अभिभावक शिक्षा भनेर केही प्रयास गरिएको पनि हो तर नाममात्रका अभिभावक शिक्षा प्रभावकारी हुन सकेका छैनन् । घरको वातावरण सिकाइलाई सहयोगी बनाउन अभिभावक शिक्षाबाहेक अन्य कुनै उपयुक्त तरिका हुन सक्दैन । अभिभावक शिक्षा व्यापक र प्रभावकारी पार्न सकेमा पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधारको थालनी हुनसक्छ । विद्यालयमा सूचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्न नसक्नु, बालबालिकाहरुको सिकाइ सक्षमता पूरा भए नभएको एकीनको लागि निरन्तर मुल्यांकन तथा सोही अनुरुप कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था नहुनु, विद्यालयमा हुने हरेक प्रकारका वैठकहरुमा वालवालिकाहरुको सिकाइको सट्टा विद्यालयको प्रशासनिक एजेण्डाहरुमा मात्र छलफल गर्ने प्रवृति हावी हुनु जस्ता कुराले पनि सार्वजानिक शिक्षाको गुणस्तरमा सुधार आउन सकेको छैन । सोचे अनुरुप समुदाय तथा अभिभावकले उनीहरुका छोराछारीप्रति वा पढाइप्रति सहभागिता नहुनुले पनि सार्वजनिक शिक्षा धारासायी अवस्थामा पुगेको छ । समुदाय तथा अभिभावकको चेतनास्तरको कारण सार्वजनिक शिक्षामा उनीहरुको सहभागितामा वृद्धि वाधक देखिन्छ । अभिभावकको सोचाइ अंग्रेजीमा पढाइ होस् भन्ने छ तर अंग्रेजी भनेकोत भाषाको माध्यम मात्र हो ज्ञान, सीप, अभिवृति तथा व्यवहार परिवर्तन होइन र शिक्षा भनेको अंग्रेजी जान्नु होइन भन्ने बुझाइ उनीहरुमा ल्याउन नसक्नु पनि सुधारको बाधक रहेको विश्लेषण छ । आज मैले मेरा छोराछोरीहरुलाई पढाइमा सहयोग गरे त्यसले भविष्यमा सकारात्मक प्रतिफल दिन्छ भन्ने कुराको सचेतना आम अभिभावकहरुसँग पुऱ्याउनु आजको आवश्यकता रहेको छ । शिक्षा क्षेत्रमा नतिजामुखी अनुगमन, सहजीकरण तथा सुपरीवेक्षण नहुनु तथा ऐननियम, कानुन बमोजिम विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा राजनीतिक नेता, कार्यकर्ताहरुले गरेको अवरोधले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा समस्याहरु परेको देखिन्छ ।

### ३.१०.३ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु, सबै विद्यालयको भौतिकतथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्नु, विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन, नक्सांकनका आधारमाविद्यालयको स्थापना, समायोजन तथा

पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु, विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु, सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु, आदि गुणस्तरीय सार्वजनिक शिक्षासँग सम्बन्धित प्रमुख चुनौतीहरु हुन् । सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको, शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रुपमा सहमति देखिएको, संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरुप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको, आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको, लामो समयदेखि सरकार तथा विकास साझेदारहरुबीच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यान्वयन भइरहेको, विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान् रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने, विगत केही दशकदेखि विद्यालय शिक्षाको पुहँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रुपमा रहन सक्ने, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरुले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने, यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षण बढ्न सहयोग पुग्न सक्ने, जस्ता पक्षहरु गुणस्तरीय सार्वजनिक शिक्षाका लागि अवसरहरु छन् ।

### ३.१०.४ लक्ष्य (Goal)

गुलरिया नगरपालिकामा सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि तथा सवलीकरण गर्ने ।

### ३.१०.५ उद्देश्यहरु (Objectives)

१. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।

३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली विकास गर्नु ।

४. दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु ।

५. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु ।

६. नियमित नतिजामुखी सुपरीवेक्षण तथा अनुगमनको व्यवस्थालाई सुनिश्चित गर्नु ।

### ३.१०.६ रणनीतिहरु

१. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा नगरपालिकाको अगुवाइमा विद्यालयहरुको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै सार्वजनिक शिक्षाको गुणस्तर प्रवर्द्धन गरिनेछ ।

२. सार्वजनिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्यांकन पद्धतिमा सुधार गरिनेछ ।

३. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी पोषणयुक्त खाजाको प्रवन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुसंग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनेछ ।

४. सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्यांकन संयन्त्रको विकास गरिनेछ ।

५. शिक्षणसिकाइ प्रक्रियालाई सहजीकरण तथा प्राविधिक सेवा प्रदान गर्न स्थानीय तहमा विभिन्न विषयगत शिक्षक तथा शिक्षाविज्ञको एक समूह निर्माण गरी विद्यालयका शिक्षकलाई प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

६. विद्यालय र अभिभाबकहरुसँग उनीहरुका छोराछोरीहरुको सिकाइ प्रगतिका बारेमा छलफल, घरदैलो भेटघाट गरिनेछ ।

७. विद्यालयलाई आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापन लागि विव्यसलाई जिम्मेवार बनाउने र त्यसकोअनुगमनको लागि स्थानीय तहवाट विद्यालय सुधारको लागि अनुगमन समिति व्यवस्था गरी नियमितरुपमा त्यसको अनुगमन गरिनेछ ।

८. विद्यालयका कक्षाकोठामा न्यूनतम आवश्यक शैक्षिक वातावरण सिर्जना गर्न प्राथमिकताका आधारमा कार्यक्रमहरु वितरण गरिनेछ ।

**३.१०.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results and MainActivities and Target)**

**क) उपलब्धि (Outcomes)**

सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।
२. अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा तथा निःशूल्क माध्यमिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।
३. सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।
४. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।
५. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार भएको हुने ।
६. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुन सहयोग पुगेको हुने ।
७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
८. सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक तथा शैक्षिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।
९. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथासान्दर्भिक बनाउन सहयोग पुगेको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | शैक्षिक वातावरण सुदृढीकरण | सबै विद्यालय | | | | | | | |
| २. | शिक्षक दरबन्दी व्यवस्थापन | पटक | | १ | | १ | १ | ३ | |
| ३. | क्षमता विकास कार्यक्रम | पटक | | १ | | १ | १ | ३ | |
| ४. | शिक्षक पेसागत सहयोग | जना | ३० | ५० | ५० | ५० | ५० | २३० | |
| ५. | अतिरिक्त क्रियाकलाप सञ्चालन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम | पटक | | १ | | १ | १ | ३ | |
| ७. | प्रशंसा तथा प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८. | सरोकारवालबीच | आवश्यकताअनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निरन्तर अन्तरक्रिया | | | | | | | | |
| ९. | आवधिक समीक्षा तथा प्रतिवेदन | **पटक** | १ | १ | १ | १ | १ | ५ | |

## ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा

### ३.११.१ परिचय (Introduction)

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने अत्यावश्यक तत्व हो । प्राचीन युगमा मानिसहरुले शिक्षा अन्य प्राणीको देखासिकी र प्रत्यक्ष भोगेका व्यवहारबाट प्राप्त गर्ने गर्दथे । विस्तारै समयको बदलिदो क्रम सँगै आफ्ना अग्रज, आश्रम , गुरु सन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थको श्रवणबाट प्राप्त गर्दै हाल विभिन्न विद्यालय,विश्व विद्यालय पुस्तकालय संग्रहालय , रेडियो, टिभी , इन्टरनेट , कम्प्युटर , मोबाइल लगायत विभिन्न आधुनिक विद्युतीय उपकरणबाट प्राप्त गर्दै आएको अवस्था छ । शिक्षा लाई समय सुहाउँदो ढङ्गबाट प्रदान र ग्रहण गर्दै लैजानुपर्ने आजको टड्कारो आवश्यकता मानव समुदायले महसुस गदै आइरहेको छ । शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने अत्यावश्यक तत्व हो । यस नगरपालिका भित्र भौगोलिक रूपमा टाढा रहेका र आर्थिक रूपमा पछाडि परेका तथा शारीरिक रूपले अपाङ्ग र अशक्त व्यक्तिहरूका लागि शिक्षामा पहुचँ विस्तार गरी सबै नागरिकलाई सबल र सक्षम बनाउने उद्देश्य राखेको छ । नेपाल विविधताले भरिपूर्ण देश हो । गुलरिया नगरपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहेको पाइन्छ । शिक्षा ऐन २०२८ (संसोधनसहित) ले दृष्टिविहीन, न्यूनदृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रहि दिइने शिक्षालाई विशेष शिक्षा भनी परिभाषित गरेको छ । साथै सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडि  पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षालाई पनि सङ्केत गरेको छ । व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुन नपरोस् भन्ने हेतुका साथ  यो उपक्षेत्रगत पक्ष समेटिएको छ ।

### ३.११.२ वर्तमान अवस्था

समावेशी शिक्षा भन्नाले शिक्षाको मुलधारबाट बन्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसक्नु भन्ने बुझिन्छ । संकुचित अर्थमा अपांगता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझिएता पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक, सामाजिक , साँस्कृतिक , धार्मिक , शारीरिक, मानसिक जातीय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ । हाल बिकसित परिवेशसंगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता, घाइते , अपांग सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ । हालको अवस्थामा यस गुलरिया नगरपालिकामा संस्थागतरुपमा समावेशी शिक्षा सञ्चालनमा नरहेतापनि नजिकका पालिकाहरुमा त्यस्ता विशेष क्षमता भएका बालबालिकाहरुको पहिचान गरी उनीहरुको शिक्षा सुनिश्चितताका लागि प्रयासहरु भइरहेको अवस्था छ ।

### ३.११.३ चुनौती र अवसरहरु (Challenges and Opportunities)

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरु हुन् ।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपांग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निःशूल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागि छात्रवृत्ति प्रदान गरिनु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु,नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुयाउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका  अवसरहरु रहेका छन् ।

### ३.११.४ लक्ष्य

स्थानीयस्तरमा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा पछि परेका बालबालिकाहरूको  शिक्षामा पहुँच अभिवृद्धि गरी मर्यादित जीवनयापनका लागि सक्षम बनाउने ।

**३.११.५ उद्देश्य**

१. आर्थिक रुपले विपन्न दलित जनजाति महिला सीमान्तकृत लोपोन्मुख अपाङ्ग द्वन्द पीडित जोखिममा परेका र वञ्चितिमा परेका बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउनु ।
२. सबै बालबालिकाहरूको गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु ।
३. समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल विविधता, समता सम्बोधन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने दक्ष जनशक्ति सुनिश्चित गर्नु ।
४. विद्यमान भौतिक संरचनालाई समावेशीमैत्री बनाई शैक्षिक सुशासन र जवाफदेही बनाउनु ।
५. शिक्षण क्रियाकलाप पाठ्यसामग्री र पाठ्यक्रमलाई बालमैत्रीपूर्ण समता तथा समावेशीता युक्त बनाउनु ।

**३.११.६ रणनीतिहरू**

१. नगरपालिका क्षेत्रभित्र घरधुरी सर्वेक्षण गरी सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गरिनेछ ।
२. लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाको विकास गरी लक्षित वर्गका बालबालिकाको शिक्षा सुनिश्चित गराइनेछ ।
३. आवश्यकता अनुसार बैकल्पिक शिक्षा मार्फत सबै बालबालिकालाई शिक्षा प्रदान गरिनेछ ।
४. बालबालिकाको मातृभाषामा सिक्न पाउने हकलाई फराकिलो बनाइनेछ ।
५. शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिनेछ ।
६. लक्षित वर्गका बालबालिकालाई आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्री सहित छात्रबृत्ति उपलब्ध गराइनेछ ।
७. विद्यालयहरुलाई विभेद , दुर्व्यवहार तथा हेपाइमुक्त बनाइनेछ ।
८. अभिभावकको सहभागिता अभिवृद्धि गरिनेछ ।
९. शिक्षणका लागि दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ ।

**३.११.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धिः**

पालिकाभित्रका विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशीता सहितको सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**ख) प्रमुख नतिजाः**

१. आर्थिक रुपले विपन्न दलित जनजाति महिला सीमान्तकृत लोपोन्मुख अपाङ्ग द्वन्द पीडित जोखिममा परेका र वञ्चितिमा परेका सबै बालबालिकाहरुको शिक्षाको हक स्थापित भएको हुने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार भएको हुने ।
३. समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल विविधता, समता सम्बोधन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने दक्ष जनशक्ति सुनिश्चित भएको हुने ।
४. विद्यमान भौतिक संरचनाकरुको सुधार भै जवाफदेहिता सहितको शैक्षिक सुशासन कायम भएको हुने ।
५. शिक्षण क्रियाकलाप पाठ्यसामग्री र पाठ्यक्रम बालमैत्रीपूर्ण समता तथा समावेशीता युक्त भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | सबै प्रकारका बालबालिकाहरूको अवस्था पहिचान | पटक | | १ | | | | १ | |
| २. | बैयक्तिक आवश्यकता को सम्बोधन | आवश्यकताअनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन आमसरोकारवालाहरु बिच समन्वय तथा सहकार्य | **आवश्यकताअनुसार** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | |
| ४. | छात्रबृत्ति कार्यक्रम | **आवश्यकताअनुसार** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | |
| ५. | अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक भौतिक पूर्वाधार विकास | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | |
| ६. | सिकाइ सामग्रीको समुचित व्यवस्था | **विद्यार्थी** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | |
| ७. | शिक्षक क्षमता विकास तथा दरबन्दी वितरण | **नपा तथा प्रदेश** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | |
| ८. | स्थानीय पाठ्यक्रम तथा स्थानीयकरण | **पटक** | | **१** | | | | **१** | |
| ९. | मनोपरामर्श सेवा | **विद्यार्थी** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | |

## ३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि ICT in Education)

### ३.१२.१ परिचय (Introduction)

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफनो वा सार्वजनिक सरोकारको कुनै पनिविषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चारप्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुयाई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने,सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुयाउनु पर्दछ। त्यसैगरी नेपालकोसूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरूउल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जि आइ एस (Geospatial / GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।शिक्षाको मेरुदण्डको रूपमा सूचना तथा सञ्चार प्रविधि रहेको हुन्छ।सूचना तथा सञ्चार प्रविधिको समुचित अधिकतम उपयोग गर्न सकेको खण्डमा शिक्षा समयानुकूल,गुणस्तरीय र प्रभावकारी हुन्छ।शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा रहेका सूचना सञ्चार प्रविधिको ज्ञान विश्वव्यापीकरणमा सहयोग पुऱ्याउने सशक्त माध्यमका रूपमा रहेको छ। आजको युगमा सूचना सञ्चार प्रविधिरहित शिक्षा दिन खोज्नु शिक्षा प्रणालीलाई विगतको शिक्षा प्रणालीमा धकेल्न खोज्नु जस्तै भएकाले यस योजनाले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सशक्त माध्यमका रूपमा अगाडि बढाएको छ। वर्तमानCOVID-19 को महामारीको समयमा विद्यालय शिक्षा निरन्तरता ठुलो चुनौती वनेर रहेको सन्दर्भमा अव हामी यस्ता महामारीलाई जित्नको लागि र निरन्तर शिक्षाको लागि ICT मा सक्षम हुन आवश्यक देखिन्छ।

### ३.१२.२ वर्तमान अवस्था

विद्यालय तहमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थालाई लिश्लेषण गर्दा नीतिगत र कानुनी पक्षको समिक्षा गर्नुपर्ने हुन्छ। नेपालले बोर्ड बैंङ्क नीति २०७१ ले विद्यालय लगायत कनेक्टीभिटि सुरक्षाको विषय स्पष्ट पारेको छ। त्यसैगरी नेपालको सूचना तथा सचार प्रविधि नीति २०७२ ले पहुँच निर्धारण गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय र क्याम्पसमा प्रविधि शिक्षा प्रदान गर्ने विषय उल्लेख गरेको छ। एकिकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रक्षाली IEMIS वेभमा आधारित बनाइएको छ। तर सबै विद्यालयलाई समेट्न नसकिएको अवस्था छ। विद्यालयहरुलाई इन्टरनेट र कम्प्युटर उपलब्ध गराउन सकिएको अवस्था छैन। साधन स्रोतको अभाव रहेको छ। कक्षा ६, ७ र ८ मा गणित विज्ञान अंग्रेजी मा केही मात्रामा सामग्री विकास गरेको छ। कक्षा ११ र १२ को संशोधित पाठ्यक्रम कम्प्युटर शिक्षा समावेश गरिएको छ। २०७६ देखि कोभिड १९ को महामारीले विद्यालयहरुको पठनपाठन प्रत्यक्ष प्रभाव परेको सन्दर्भमा अबको शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्न आवश्यक छ। यस नगरपालिकामा सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट पुगेको छ। केही शिक्षकहरुलाई तालिम प्रदान गरिएको छ। भर्चुअल पद्धतिबाट केही शिक्षकहरुले आफ्नै पहलमा महामारीको समयमा शैक्षणिक क्रियाकलाप सञ्चालन गरेको अवस्था छ। नगरपालिकाले सघनरुपमा यस कार्यक्रमलाई अघि बढाउने लक्ष्य राखेको छ।

### ३.१२.३ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर,डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि (E-governance) को प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विद्यालयहरुमा शिक्षक र कर्मचारीहरुको प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बनाउनु, कोभिड जस्ता महामारीको समयमा सिकाइ सहजीकरणको वैकल्पिक उपायको रुपमा प्रविधिलाई प्रयोग गर्नु र नगरपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरूकाबिच समन्वय र सहकार्य व्यवस्थित गर्नु शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रमुख चुनौतीहरु हुन्। शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरु वैकल्पिक सिकाइ सहजीकरणका विषयमा संवेदनशील भएको, सबै विधालयहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज हुनु, कोभिड-१९ कोअवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमवाट भर्चुअल कक्षा सञ्चालन हुनु, छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.वाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू र शिक्षण सिकाइ समूह गठन, Online based Zoom meeting सिकाइका मुख्य विधिहरू हुनु, लगभग सबै माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहनु, शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु, वि.सं. २०७६ देखि नेपाल दूरसञ्चार प्राधिकरणले पनि ग्रामीण दूरसञ्चार विकास कोष मार्फत् केही विद्यलयहरूलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी हुनु, वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरुको छनौट विकास र प्रयोगलाई नगरपालिकाले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरु रहेका छन्।

### ३.१२.४ लक्ष्य (Goal)

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरी, सिकाइलाई सान्दर्भिक बनाउन,सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन सुनिश्चत गर्ने।

### ३.१२.५ उद्देश्य

१. शिक्षणसिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु।
२. सबै प्रकारका बालबालिकालाई सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु।
३. शिक्षणसिकाइ र शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु।

### ३.१२.६ रणनीतिहरू

१. नगरपालिका भित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना सहितको उपकरणको प्रबन्ध मिलाइनेछ।
२. सबै शिक्षकहरूको ICT सम्बन्धि क्षमता विकास गरिनेछ।
३. IEMIS लाई थप व्यवस्थित गरी विद्यालय लेखाप्रणाली तथा तलबी प्रतिवेदन लाई यस प्रणालीमा आबद्ध गरिनेछ।
४. नगरस्तरमा क्रमशः व्यवस्थित ईपोर्टल निर्माण गरिनेछ।
५. विभिन्न कक्षा र विषयका लागि डिजिटल सामग्रीको विकास गरिनेछ।
६. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ।
७. सामुदायिक अध्ययन केन्द्रहरूमा समयानुकूल Digital Learning Center स्थापना गरिनेछ।
८. संघ र प्रदेशसँग समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरुबिच समन्वय सहकार्य वृद्धि गरिनेछ।
९. सबै विद्यालयमा क्रमशः वेभसाईट, विद्युतीय हाजीरी र सि सि क्यामेराको व्यवस्था गरिनेछ।

### ३.१२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

पालिकाभित्रका विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई शिक्षण सिकाइ र विद्यालय व्यवस्थापन प्रणालीलाई प्रभावकारी, गुणस्तरीय एवं सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालयको सुशासन प्रबर्द्धन हुने।

**ख)प्रमुख नतिजाः**

१. नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुने।
२. कक्षा ८,१० र १२ का महत्वपूर्ण विषयमा भर्चुअल विकास भएको हुने।
३. विपद् तथा संकटको समयमा समेत सिकाइ सहज पहूँच भएको हुने।
४. सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सिसि क्यामेराको व्यवस्था भएको हुने।
५. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने।
६. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने।
७. सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको हुने।
८. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ भएको हुने।
९. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार भएको हुने।
१०. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भएको हुने।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २. | प्रत्येक विद्यालयमा Internet को व्यवस्था | विद्यालय सङ्ख्या | १० | सबै | सबै | सबै | सबै | सबै | |
| ३. | नगरस्तरीय इपोर्टल विकास | नगरपालिका | | १ | | | | १ | |
| ४. | शिक्षकहरूको ICT | शिक्षक तथा | १५ | २५ | २५ | २५ | २५ | ११५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास | **कर्मचारी** | | | | | | | |
| ५. | भर्चुअल कक्षा सञ्चालन | **कक्षा** | | १० | ८ | ८,१० | ८,१० | ८,१० | |
| ६. | प्रत्येक विद्यालमा अन्तर्क्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | **विद्यालय प्रतिशत** | १० | २० | २० | २० | २० | ९० | |
| ७. | IEMIS व्यवस्थापन | **विद्यालय** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | |
| ८. | सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सि सि क्यामरा जडान | **विद्यालय** | | २ | ३ | ३ | २ | १० | |
| ९. | सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास | **अध्ययन केन्द्र** | | १ | | १ | | २ | |

## ३.१३ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation)

### ३.१३.१ परिचय (Introduction)

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in emergency and crisis) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालवालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगवाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्बाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो ।

### ३.१३.२ वर्तमान अवस्था

विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, बर्दिया जिल्लाको २०७१ को बाढी, विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड -१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रम, प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ। यस अन्तर्गत पर्ने मुख्य आपतकालीन अवस्थाहरुमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी र युद्ध द्वन्द व्यवस्थापन एवं बसाइँसराइलाई लिने गरिन्छ । यी आपतकालिन अवस्थामा व्यक्तिको अधिकार, पहुँच, समावेशीकरण, गुणस्तर र सुशासनलाई ध्यान दिनुपर्दछ ।

### ३.१३.३ चुनौती र अवसरहरू (Challenges and Opportunities)

आपतकालीन अवस्थामा शिक्षा (Education in Emergency) अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाकोरूपमा सम्बोधन गर्ने, छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग (Component) मा यस विषयको प्रत्याभूतिगर्ने, प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अबरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने (Unpredictable) घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कसरी गर्ने, कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय

स्थानीय तहका हुन्छन्, यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने, योजना तत्कालिक बनाउने कि दीर्घकालिक तथा संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने भन्ने विषय नै चुनौतीको रुपमा रहेका छन् । चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित सकटकालीनअवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु संघीय सरकारका तीन अंगले अन्तरसम्बन्ध कायम गर्दै योजना निर्माण गरी कार्यान्वयन गर्न पाउनु यस नगरपालिकाले अवसर रुपमा लिनुपर्दछ । नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितता, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, त्यसैगरी बालबालिकालाई शारीरिक सजाय,मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ, र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका, २०६८ बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले विद्यालय सुरक्षाका विभिन्न मापदण्डहरू कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछन् । दिगो र अनुकुल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरू तय गरेको छ । पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ । विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारिनुलाई एक अवसरको रुपमा लिन सकिन्छ ।

**३.१३.४ लक्ष्य**

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने ।

**३.१३.५ उद्देश्य**

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी वातावरण तयार गर्नु ।
२. संकटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट पूर्वसावधानीको वातावरण तयार गर्नु ।
३. संकटको प्रतिकार्य र आर्थिक स्रोतको तयारी गर्नु ।
४. अल्पकालीन र दीर्घकालीन पुनर्रस्थापना गर्नु ।

**३.१३.६ रणनीति**

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरिनेछ ।
२. संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गरिनेछ ।
३. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिनेछ ।
४. विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिनेछ ।
५. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ ।
६. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ ।
७. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गरिनेछ ।
८. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।
९. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गरिनेछ ।
१०. विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गरिनेछ ।
**११.** हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**१३.७ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य**

**क) उपलब्धि**

आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

**ख) नतिजा**

१. विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास भएको हुने ।
२. भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील भएको हुने ।

३.  विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररुपमा संचालन भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | |
| १. | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | | | | १ | |
| २. | स्थानीय तह र विद्यालयको क्षमता विकास | आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४. | शिक्षक तथा विव्यस तालिम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ५. | संकटापन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | पटक | | १ | | | | १ | |
| ६. | विपद् प्रतिरोधी विद्यालय भवन निर्माण | न पा | सबै | सबै | सबै | सबै | सबै | सबै | **नवनिर्मित संरचना** |
| ७. | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | | | | १ | |
| ८. | स्थानीय तह र विद्यालयको क्षमता विकास | आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९. | हरित, सफा, शान्त र सुरक्षित विद्यालयको विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरुपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तात्कालिक समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेश अनुसार शासकीय संरचना , प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहका सरकारको अधिकार तथा दायित्व , शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ,ज्ञान, विज्ञान ,प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतको पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ।

### ४.२ वर्तमान अवस्था

गुलरिया नगर कार्यपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथाखेलकुद शाखाले गर्दै आएको छ। एक जना सातौ तहको अधिकृत र एकजना कार्यालय सहयोगीले यो संरचनामा रहेर काम गरिहेका छन्। शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरु सञ्चालन गर्न पाएको छैन। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षाक्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो त लगभग शून्य झै छ यसरी नगरपालिकाको समग्र कर्मचारी व्यवस्थापनमा पनि चुनौती देखिन्छ। सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरुमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्राय जसो विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरुले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्। विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरुले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले नगरपालिकाले कार्यान्वयनमा ल्याएको ऐन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकरवालाहरुबाट आइरहेका छन्।

### ४.३ चुनौती र अवसरहरु (Objectives)

नगरपालिकामा शिक्षा हेर्ने निकायको पुनसंरचना र वैज्ञानिक ढंगले व्यवस्थापन गर्नु, शिक्षा सेवा र अन्य सेवाका जनशक्तिहरुको उचित व्यवस्थापन गरी नतिजामुलक ढंगले परिचालन गर्नु, विद्यालयमा सुशासन कायम गर्नु, विद्यालयलेखा प्रणालीलाई व्यवस्थित गर्नु, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास गर्नु, प्रधानाध्यापकमा नेतृत्व सीप लगायत प्रशासनिक क्षमताको विकास गर्नु, शिक्षक र विद्यार्थीको आचारसंहिता पालना गराउनु र विद्यालयहरुमा कर्मचारीहरुको उचित व्यवस्थापन गरी उनीहरुको क्षमताविकास गर्नु यस क्षेत्रसँग सम्बन्धित चुनौतीहरु हुन्। नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गर्नु, उपसचिवको नेतृत्वमा दरबन्दी तेरिज बनाइएको, नगरपालिकाको शिक्षा ऐन कार्यान्वयनमा आएर सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भई क्रियाशील भएको, अधिकांश विद्यालयहरुमा योग्यता पुगेकाप्रधानाध्यापकहरु रहनु, शिक्षक र कर्मचारीको क्षमता विकासका लागि मानव संशाधन विकास केन्द्रले सहयोग प्रदान गरेको आदि संस्थागत र क्षमता विकासका लागि अवसरहरु रहेका छन्।

### ४.४ लक्ष्य (Goal)

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने ।

### ४.५ उद्देश्य (Objectives)

१. नगरपालिकास्तरमा शिक्षा क्षेत्र हेर्ने निकायको पुनर्संरचना र क्षमता विकास गर्नु।
२. शिक्षक र विद्यालय कर्मचारीलाई कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही हुन प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु।
३. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य सरचना र संयन्त्रमा काम गर्ने पदाधिकारी, कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु।

### ४.६ रणनीतिहरू (Strategies)

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ।
२. सामुदायिक सिकाइ केन्द्र र समाहित शिक्षा सञ्चालन भएको विद्यालयमा श्रोत कक्षाको पुनर्संरचना गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
३. नगरपालिकास्तरमा विषयगत रुपमा कम्तिमा पाँच जना रोष्टर करारमा व्यवस्थापन गरी शिक्षक सहायता प्रणाली स्थापना गरिनेछ।
४. प्रारम्भिक बालविकास कक्षासहित सबै प्रकारका विद्यालयहरुको संस्थागत विकास गरिनेछ।
५. सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
६. प्रत्येक विद्यालयमा एक जना सहायक प्रधानाध्यापक रहने, एकजना महिला शिक्षकलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने र प्रत्येक शिक्षकलाई कम्तिमा कुनै एउटा जिम्मेवारी लिएको सुनिश्चित हुने गरी परिचालन गर्ने संयन्त्रको विकास गरिनेछ।
७. नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति,सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति आदिमा रहने पदाधिकारीहरुको क्षमता विकास गरिनेछ।
८. संस्थागत विद्यालयहरुसंग समन्वय गरी संस्थागत विद्यालयका प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास गर्नमा सहजीकरण गरिनेछ।

### ४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने।

**ख)प्रमुख नतिजाः**

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार भएको हुने।
२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार भएको हुने।
३. शिक्षक सहायता प्रणालीको विकास भएको हुने।
४. प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवं नेतृत्व क्षमता विकास भएको हुने।
५. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल व्यवस्थापन भएको हुने।
६. पालिका स्तरमा उत्कृष्ट विद्यालय पुरस्कृत भएको हुने।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | संख्या | ० | १ | | | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | **विद्यालय** | १ | १ | १ | १ | १ | ५ | |
| ३. | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | **पटक** | १ | १ | १ | १ | १ | ५ | |
| ४. | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | **न पा** | ० | १ | १ | १ | १ | ४ | |
| ५. | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | **नपा** | ० | १ | १ | १ | १ | ४ | |
| ६. | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | **न पा** | १ | १ | १ | १ | १ | ५ | |
| ७. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | **न पा** | १ | १ | १ | १ | १ | ५ | |

## परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन

### ५.१ परिचय (Introduction)

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीयमानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानीको व्यक्ति, समाज राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यानदिनु पर्दछ । ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका रनागरिकलाई शैक्षिक अवसर र सहभागिता,दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, सोतको समतामूलक वितरण रउपयोग रहेका छन् । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,२०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन,प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्वन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझासूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रकोसमेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेशतहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ ।

### ५.२ वर्तमान अवस्था

वालविकास तथा आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको परिप्रेक्ष्यमा संघीय र प्रदेश सरकारले शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्दै आएका छन् । शिक्षक तलब भत्ता, भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू, छात्रवृत्ती, आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहका छात्राहरूका लागि स्यानिटरीप्याड, छात्रवृति, पाठ्यपुस्तक,अनौपचारिक तथा वैकल्पिक शिक्षा विद्यालय दिवा खाजा आदिमा सशर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका उदाहरणहरु हुन् । गुलरिया नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ । विद्यार्थीको पहुँच सहज गर्न थप विद्यालय सञ्चालन, शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा स्वयंसेवक नगर शिक्षक परिचालन र तिनका लागि निर्वाह खर्चको व्यवस्था, प्रधानाध्यापकहरूका लगि बैठक भत्ताको व्यवस्था, विद्यालय सहयोगी कर्मचारीका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउने, माध्यमिक शिक्षा कक्षा(११-१२) निःशुल्क बनाउन थप अनुदान उपलब्ध गराउने , शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुऱ्याउन विभिन्न कार्यक्रम तथा खेलकूद आयोजना गरिएका छन् ।

### ५.३ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी बृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, वैदेशिक सहायता प्राप्ति,परिचालन, र त्यसको दिगोपना सुनिश्चित गर्ने, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षणसिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिकशिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्ने , विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न सोत व्यवस्थापन गर्ने, शिक्षामा समता तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन,अपाङ्गता भएका वालवालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने जस्ता विषयहरु अझ पनि चुनौतीको रुपमा रहेका छन् ।

तीन तहको सरकार अनुसार संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्वको विषय बनेको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन् । पहिचान गरिएका माथि उल्लेखित चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको सरकारबाट गुणस्तरीय शिक्षा प्राप्तिको लागि लगानी वढाउने अवसर समेत छ ।

### ५.४ लक्ष्य (Goal)

शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने ।

### ५.५ उद्देश्यहरु

१. योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

### ५.६ रणनीतिहरू

१. संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी अभिवृद्धि गरिनेछ ।
२. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिनेछ ।
३. स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइनेछ ।
४. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्थापन गरिनेछ ।

५. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ ।
६. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ ।
८. शिक्षा क्षेत्र योजनाले अगाडि सारेका कार्यक्रमलाई क्रमशः पूरा गर्नका लागि वार्षिकरुपमा बजेट बिनियोजन गरिनेछ ।

### ५.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने ।

### ५.८ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

यस शिक्षा क्षेत्र योजनामा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक पर्ने गरी लगानीमा वृद्धि गर्नु पर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यासायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । योजनाको पाँच वर्षमा करिब ७५ प्रतिशत आधारभूत र माध्यमिक तह सञ्चालन भएका विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा स्थानीय पाठ्यक्रमको विकास, परिमार्जन र कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धि गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, पूर्ण साक्षर नगरपालिका घोषणा गरी निरन्तर शिक्षा र खुला सिकाइलाई प्रभावकारी माध्यमिक तहसंग उच्च शिक्षाको सम्बन्ध स्थापित गर्न नगरपालिका क्षेत्रमा सञ्चालित क्याम्पसहरुको संस्थागत क्षमता विकासमा सहयोग गर्ने आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समावेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न बालबालिकाहरुलाई आवश्यकताका आधारमा छात्रवृत्तिसहित शिक्षा प्रदान गर्ने गरी बजेट प्रस्ताव गरिएको छ ।

**क) संघीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गत प्राप्त र खर्च हुने अनुमानित बजेट (रु हजारमा )**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | ०८२।०८३ | ५ वर्षको जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| २. | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यवस्थापन | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | |
| ३. | शिक्षक तलब भता (आधारभूत तह) | १२३६९३ | १३६०६२ | १३६०६२ | १४९६६८ | १४९६६८ | ६९५१५३ | |
| ४. | शिक्षक तलब भता (माध्यमिक तह) | २६८३८ | २९५२१ | २९५२१ | ३२४७३ | ३२४७३ | १५०८२६ | |
| ५. | प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन | २२४८ | २४७२ | २४७२ | २७२० | २७२० | १२६३२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | |
| ७. | निशुल्क पाठ्यपुस्तक अनुदान | ८४७१ | ८४७१ | ८४७१ | ८४७१ | ८४७१ | ४२३५५ | |
| ८. | दिवा खाजा कार्यक्रम | २६८३९ | २६८३९ | २६८३९ | २६८३९ | २६८३९ | १३४१९५ | |
| ९. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २७२९ | २७२९ | २७२९ | २७२९ | २७२९ | १३६४५ | |
| १०. | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षा कार्यक्रम | ३३२१ | ३३२१ | ३३२१ | ३३२१ | ३३२१ | १६६०५ | |
| ११. | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन | ६६२३ | ६६२३ | ६६२३ | ६६२३ | ६६२३ | ३३११५ | |
| १२. | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३०३७ | ३०३७ | ३०३७ | ३०३७ | ३०३७ | १५१८५ | |
| १३. | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण अनुदान | ११०९ | ११०९ | ११०९ | ११०९ | ११०९ | ५५४५ | |
| १४. | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सहजीकरण का लागि शैक्षिक कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १५. | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति आवसीय तथा गैरआवसीय समेत | ३२२३ | ३२२३ | ३२२३ | ३२२३ | ३२२३ | १६११५ | |
| १६. | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १७३५० | १७३५० | १७३५० | १७३५० | १७३५० | ८६७५० | |
| | जम्मा | २२७३८१ | २४२६५७ | २४२६५७ | २५९४६३ | २५९४६३ | १२३०१२१ | |

### ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गत प्राप्त र खर्च हुने अनुमानित बजेट (रु हजारमा )

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | ०८२।०८३ | ५ वर्षको जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | |
| जम्मा | | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | |

### ग) स्थानीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गत प्राप्त र खर्च हुने अनुमानित बजेट रु हजारमा

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | ०८२।०८३ | ५ वर्षको जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास शिक्षकको लागि तलब भत्ता व्यवस्थापन | २९०० | १०१५० | १०१५० | १०१५० | १०१५० | ४३५०० | |
| २. | प्रारम्भिक कक्षा सिकाई प्रवर्द्धन (शिक्षक तालिम तथा समुदाय परिचालन) | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ३. | कक्षा ८ कोआधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | |
| ४. | स्वयम् सेवक शिक्षक व्यवस्थापन | ८१८८ | ९८२५ | १०८०८ | १०८०८ | ११८८९ | ५१५१८ | |
| ५. | प्रधानाध्यापकलाई प्रोत्सहान खर्च | ५६४ | ५६४ | ५६४ | ५६४ | ५६४ | २८२० | |
| ६. | कर्मचारीको तलबभत्ता व्यवस्थापन | १४४० | १४४० | १४४० | १४४० | १४४० | ७२०० | |
| ७. | विद्यालय अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन् | १०० | ३५० | ३५० | ३५० | ३५० | १५०० | |
| ८. | क्षमता विकास | २०० | ४०० | ४०० | ४०० | ४०० | १८०० | |
| ९. | विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फको एकमुष्ट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १०. | विद्यालय भर्ना, दिवस, महोत्सव तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ११. | नीति तर्जुमा सम्बन्धी कार्य सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १२. | विभिन्न समितिका बैठक भत्ता तथा खाजा खर्च | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १३. | नव प्रवर्तनत्मक कार्य सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १४. | फिल्ड भत्ता | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १५. | विज्ञ परिचालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १६. | शाखा व्यवस्थापन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १७. | छात्रवृत्ति तथाप्रोत्सहान | २००० | २००० | २००० | २००० | २००० | १०००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८. | उत्कृष्ट बालविकास तथा विद्यालय अनुदान कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १९. | नमूना प्रारम्भिक बालविकास आधारभूत र माध्यमिक विद्यालय विकास कार्यक्रम | | १००० | १००० | १००० | १००० | ४००० | |
| २०. | बालउद्यान निर्माण | | ७०० | ७०० | ७०० | ७०० | ३००० | |
| २१. | कल्याणकारी कोष स्थापना | | ५०० | ५०० | ५०० | ५०० | २००० | |
| २२. | शैक्षिक कार्यपात्रो विकास तथा प्रकाशन | ७० | १०० | १०० | १०० | १०० | ४७० | |
| २३. | उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा | | ५०० | ५०० | ५०० | ५०० | २००० | |
| २४. | पाठ्यक्रम र पाठ्यसामग्री | ५०० | ७०० | ७०० | ७०० | ७०० | ३३०० | |
| २५. | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | | ५०० | ५०० | ५०० | ५०० | २००० | |
| २६. | शिक्षक व्यवस्थापन र विकास | | १००० | १००० | १००० | १००० | ४००० | |
| २७. | सूचना तथा सञ्चार प्रविधि | | १५०० | १५०० | १५०० | १५०० | ६००० | |
| २८. | शासकीय प्रबन्ध | | ५०० | ५०० | ५०० | ५०० | २००० | |
| जम्मा | | २०६०७ | ३६३७४ | ३७३५७ | ३७३५७ | ३८४३८ | १६८३३३ | |

## परिच्छेद ६: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ६.१ परिचय (Introduction)

**योजना कार्यान्वयन (Plan Implementation)**

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ। कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्दछन्। योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको चार  वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पूरा भएको छैन। त्यसैले एकातिर यो संगठनलाई सहज रुपान्तरण गर्न सहयोग गर्ने गरी कार्यान्वयन प्रबन्ध गर्नु पर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनका लागि आवश्यक संरचना तथा प्रवन्ध पनि आवश्यक हुन सक्दछन्। कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुर्‍याउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारीता तथा कार्यकुशलतामा ध्यान दिनु हो। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई संघीय संरचना अनुरूप रुपान्तरण गर्न थप कार्य गर्नु पर्ने देखिन्छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नु पर्ने आवश्यक देखिन्छ। संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत दर्जनौ केन्द्रीय कार्यालयहरु रहेका छन्। प्रदेशमा तहमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रको रुपमा लुम्बिनी प्रदेशमा मानव संशाधन विकास केन्द्र स्थापना भई कार्यान्वयनमा छन्। जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइले

संघीय सरकारको तल्लो इकाइको रुपमा काम गरिरहेको छ । स्थानीय तहमा यस नरपालिकमा शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । संघीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको शिक्षा प्रशासनको सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

**योजना कार्यान्वयनको प्रबन्ध (Plan Implementation Management)**

यस योजना कार्यान्वयनको अवधिमा संघीय पुनर्संरचनाअनुसार हालसम्म गरिएका कार्यान्वयन प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास, कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच पारस्पारिक अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको समन्वय तथा सञ्चार प्रणाली पनि स्थपित हुनुपर्छ । योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै नगरपालिकाले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्दछ । नगरपालिकाले संघीय र प्रदेश तहबाट प्राप्त सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यस प्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकार संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ । शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि विभिन्न तहमा निम्नलिखित प्रबन्ध गरिने छ :

**स्थानीय तहमा गरिने प्रबन्ध** :

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ ।
२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास गरी नगरपालिकाले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिनेछ ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारीरूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गरिनेछ ।
५. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार तथा समीक्षा गरी थप सुधार सहित योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्रदान गर्ने सुनिश्चितता गरिनेछ ।
६. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि नगरपालिकास्तरमा शिक्षक तथा विज्ञसमूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गरिनेछ ।

**विद्यालय तहमा गरिने प्रबन्ध :**

१. विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अध्यावधिक गर्नेछन् ।
२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेशगरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।
३. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यपकलाई जिम्मेवारी प्रदानगरी उत्तरदायी बनाइने छ।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन् ।

५. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन्।
६. विद्यालयले विभिन्न सरोकारवालाहरुको सहयोगमा तथा सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापनसम्वन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति तयार गर्नेछन्।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन्।

**समुदायिक सिकाइ केन्द्रले गर्ने प्रबन्ध**

१. सामुदायिक अध्ययन केन्द्रको सञ्चालनका लागि व्यवस्थापन समिति गठन गरिनेछ।
२. नगरपालिकाबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतको नगरपालिकासंगको समन्वयमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको आधारमा व्यवस्था मिलाउनेछ।
३. सामुदायिक अध्ययन केन्द्रले विभिन्न विषयगत नगरपालिकाका एकाइहरू, सामुदायिक तथा गैर सरकारी संस्थाहरू तथा समुदायसँग आवश्यकतानुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने छन्।

**योजनाको अनुगमन तथा मूल्यांकन (Plan Monitoring and Evaluation)**

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सु-व्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखा जोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्। पछिल्लो समयमा दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ। नगरपालिकामा नगर शिक्षा ऐन, २०७५ अनुसार नगर उपप्रमुखको अध्यक्षतामा विद्यालय अनुगमन समितिको व्यवस्था गरिएको छ। सामाजिक विकास समिति, नगर कार्यपालिका र नगर शिक्षा समितिले समेत विद्यालयको अनुगमन तथा मूल्यांकन गरिहेको पाइन्छ। प्रमुख प्रशासकीय अधिकृत, शाखा अधिकृत (विद्यालय निरीक्षक) आदिबाट समेत पटक पटक विद्यालयको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य नियमित भइरहेको पाइन्छ।

**समन्वय तथा सहजीकरण (Coordination and Facilitation)**

नेपालको संविधानले संघ प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्ध रहने स्पष्ट पारेको छ। संविधानमा समेत एकल र साझा अधिकारहरुको समुचित व्यवस्था गरिएको छ। शिक्षासम्बन्धी साझा अधिकारहरुको कार्यान्वयन गर्ने सन्दर्भमा तीन वटै तहका सरकारहरुले एक आपसमा समन्वय र साझेदारी गर्नुपर्ने हुन्छ।

**अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नगरपालिकाको जिम्मेवारी** :

१. शिक्षक विद्यार्थी नियमितता प्रतिशत, सिकाइमा प्रविधिको प्रयोग,टिकाउ दर,भर्नादर,कक्षा दोहोऱ्याउने दर, तालिम प्राप्त शिक्षक प्रतिशत, प्रविधियुक्त विद्यालय सङ्ख्या, प्राविधिक शिक्षामा पहुँच लगायत कार्यक्रमको परिणाम (Output) को अनुगमन।

२. भौतिक संरचना, शिक्षकको पर्याप्तता र योग्यता, समुदायको सहभागिता, प्रविधिमैत्री वातावरण निर्माण,शिक्षक विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक बितरणलगायत कार्यक्रमका आगत (Inputs) को अनुगमन।
३. शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, सह तथा अतिरिक्त क्रियाकलाप,नियमितता,पाठ्यक्रम कार्यान्वयन, शिक्षक तालिम अनौपचारिक कक्षा खला तथा बैकल्पिक कक्षा,विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलानलगायत कार्यक्रम कार्यान्वयन प्रक्रिया (Process) कोअनुगमन।

### ६.२ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र नगरपालिकाको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, संघ, प्रदेश तथा स्थानीय तहहरूबीच समन्वय रसहकार्य सुदृढ गर्नु, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु, शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाबाट न्यूनतम मापदण्डको विकास हुनु, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्षजनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु र अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु,अनुगमन कार्यमा दोहोरोपना हटाउनु योजना तथा अनुगमनसंग सम्बन्धित मुख्य चुनौतीहरु हुन्। अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनसंगठित गर्नु, तीनै तहका सरकारबीच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु र अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांङ्कन, समन्वय र सहजीकरणसँग सम्बन्धित अन्य चुनौतीहरु रहेका छन्।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको सरकारबीचको सम्बन्ध स्पष्ट सम्बोधन गर्नु, नगर शिक्षा ऐन,२०७५ मा अनुगमन समितिको व्यवस्था हुनु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति रहने व्यवस्था गरिएको, शाखामा एकजना अधिकृत (विद्यालय निरीक्षक) कार्यरत रहेको, संघ रप्रदेश सरकारले समेत अनुगमन तथा मूल्यांकनलाई प्राथमिकतामा पार्नु यस क्षेत्रसंग सम्बन्धित अवसरका विषयहरु हुन्।

### ६.३ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

### ६.४ उद्देश्य (Objectives)

१. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
४. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

### ६.५ रणनीतिहरू (Strategies)

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ।
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिनेछ।
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइनेछ।
४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार नगरपालिका स्तरमा सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गरिनेछ।

५. संघबाट विस्तार हुने विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षासम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेवमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।
६. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा विद्यार्थीको स्थानीय स्तरको उपलब्धि परीक्षण तथा स्थानीय स्तरमा सबै सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षण गर्नका लागि आवश्यक पर्ने सूचकहरुको विकास गरी कार्यान्वयन गरिनेछ ।
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ ।
८. ऐन अनुसार निर्माण भएको अनुगमन समितिलाई समूह अनुगमनका लागि परिचालन गरिनेछ ।
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ ।
१०. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।
११. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिनेछ ।
१२. कम्तिमा पाँचवटा विषयमा तयार गरिने रोष्टर विशेषज्ञहरुबाट विद्यालयको नियमित, नतिजामुलक र उपचारात्मक अनुगमन तथा सुपरीवेक्षण गराइनेछ ।
१३. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ ।

### ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, MajorActivities and Targets)

**क) उपलब्धि Outcomes)**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**ख) प्रमुख नतिजाहरू (Key Results)**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुने ।
२. अनुगमनका आधारमा नतिजा सुधार भएको हुने ।
३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने ।
४. विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने ।
५. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | |
| २. | अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | |
| ३. | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | |
| ४. | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | **कक्षा** | १ | १ | १ | १ | १ | ५ | **नपा स्तरीय** |
| ६. | विद्यालयको कार्यसम्पादन परीक्षण | **कक्षा १-८ विद्यालय** | १ | १ | १ | १ | १ | ५ | **नपा स्तरीय** |
| ७. | सरोकारवालाको क्षमता विकास | **नगरपालिका** | १ | १ | १ | १ | १ | ५ | **नपा स्तरीय** |
| ८. | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | **विद्यालय** | १ | १ | १ | १ | १ | ५ | |
| ९. | विद्यालयको लेखा परीक्षण | **विद्यालय** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | |
| १०. | अध्ययन तथा अनुसन्धान | **नगरपालिका** | १ | १ | १ | १ | १ | ५ | **वार्षिक** |
| ११. | उपचरात्मक अनुगमन तथा सुपरीवेक्षण | **विद्यालय** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | |
| १२. | प्रधानाध्यापकबाट अनुगमन तथा सुपरीवेक्षण | **विद्यालय** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | **सबै** | **मासिक तीन वटा कक्षा अवलोकन र पृष्ठपोषण** |

# परिच्छेद : सात
# योजनाको नतिजा खाका (Key Result Frame of Plan)

## ७.१ परिचय (Introduction)

यस योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरू तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरिएको छ । गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी योजनाको पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरी प्राप्त हुने नतिजाको पनि प्रक्षेपण गरिएको छ । नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचनाप्राप्त हुने स्रोत तथा जिम्मेवारीसमेत उल्लेख गरिएको छ । नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । यसवाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सृजना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

## ७.२ योजनाको समग्र नतिजा नतिजा खाका (Overall Key Results of Plan)

यस शिक्षा क्षेत्र योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसैगरी योजनाको तत्कालीन र मध्यकालीन तथा दीर्घकालीन उपलब्धिहरू उल्लेख गरिएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि तलको तालिकामा क्रमैसँग उल्लेख गरिएको छ ।

**क) तत्कालीन उपलब्धि (Immediate out comes)**

| क्र.सं. | उपलब्धि | नतिजा सूचकाङ्क | सत्यापन श्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास - मुख्य एकीकृतशिक्षाको अवसर सुनिचित हुने । | - मुख्य कार्यसम्पादन सूचक<br>- कार्यक्रम नतिजा सूचक | - एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली ( EMIS)<br>-वार्षिक स्थिति प्रतिवेदन<br>- वार्षिक अनुगमन प्रतिवेदन<br>- विभिन्न तहका वार्षिक प्रगति समिक्षा<br>- सार्वजनिक परीक्षाका नतिजा विश्लेषण<br>- वि.व्य.स. माइन्युट<br>- शिक्षक स्टाफ मिटीङ्ग माइन्युट |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने । | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर प्राप्त हुने । | | |
| ५ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने । | | |
| ६ | विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने । | | |
| ७ | सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने । | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुंच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने । | | |
| ९ | बालबालिकाको स्वास्थ्य तथा पोषणकोअवस्थामा सुधार, मनोसामाजिक कुशलता (Well-being) मा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुग्ने । | | |
| १० | आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षाप्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने । | | |
| ११ | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने । | | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिकोविस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने । | | |

**ख) मध्यकालिन उपलब्धि ( Midterm Outcomes)**

| उपलब्धि | नतिजा सूचकाङ्क | सत्यापन श्रोत तथा तरिका |
|---|---|---|
| गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रुपमा स्थापित भई सबैका लागि सहज पहूँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित सक्षमता र समावेशिता प्रबर्द्धन हुने । | मुख्य कार्यसम्पादन सूचक | - एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली ( EMIS)<br>-वार्षिक स्थिति प्रतिवेदन<br>- विद्यालयका कार्यसम्पादन प्रतिवेदन<br>- मध्यावधि तथा अन्तिम मूल्याङ्कन<br>-विभिन्न विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षणहरु |

**ग) दीर्घकालिन उपलब्धि ( Long Term Outcomes )**

**एक्काईसौ शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसनत् गर्ने नागरिक तयार हुने ।**

**घ) अपेक्षित प्रभाव वा गन्तव्य पहिचान (Intended Impact and Destination)**

**आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित गुलरिया नगरपालिकालाई समृद्ध र उत्कृष्ट शैक्षिक हवको रुपमा विकास गर्ने ।**

## सन्दर्भ सामग्रीहरु (References)


अर्याल, वैकुण्ठप्रसाद, निरौला, यादवचन्द्र, उपाध्याय पौडेल, देवी प्रसाद र कोइराला, सीताराम, (२०६२), विद्यालय निरीक्षकदिग्दर्शन, मकालु बुक्स एण्ड स्टेशनर्स, पुतलीसडक, काठमाडौं।

अधिकारी, विष्णुप्रसाद (२०७४), शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली, आशिष बुक हाउस प्रा.लि., काठमाडौं।

आर्थिक सर्वेक्षण प्रतिवेदन (२०७७/०७८), अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

पन्धौं योजना, राष्ट्रिय योजना आयोग, नेपाल।

विद्यालय क्षेत्र विकास योजना (२०७३), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं।

नेपालको संविधान (२०७२), नेपाल कानुन आयोग, नेपाल।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९, नेपाल कानुन आयोग, नेपाल।

शैक्षिक सूचना (२०७७), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं। स्थानीय शिक्षा ऐन २०७६

स्थानीय सरकार संञ्चालन ऐन २०७४

विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४

शर्मा, वाई.पी., (२०६०), पाठ्यक्रम योजना र अभ्यास, न्यू हिरा बुक्स इन्टरप्राइजेज, काठमाडौं।

शर्मा, धिरेन्द्रप्रसाद,(२०७७), विद्यालय निरीक्षक दर्पण, जे.बी. पब्लिकेशन, काठमाडौं।

शर्मा, धिरेन्द्रप्रसाद,(२०७७), प्राविधिक सहायक दर्पण, जे.बी. पब्लिकेशन, काठमाडौं।

कोइराला, डा. विद्यानाथ, गौतम, डा. प्रतिपचन्द्र र रमेशप्रसाद लुइँटेल (२०६४), शैक्षिक प्रशासन र सुपरिवेक्षण, क्वार्सलपब्लिकेशन,काठमाडौं।

शर्मा, गोपीनाथ, (२०६४), नेपालमा शिक्षाको इतिहास, मकालु प्रकाशन गृह, काठमाडौं।

शिक्षा आयोगका प्रतिवेदनहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं।

शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय र अन्तर्गतका निकायका वेभसाइटहरू।

कानुन आयोगद्वारा नेपाल राजपत्रमा प्रकाशित भएका विभिन्न ऐन र नियमावलीहरू।

शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय र अन्तर्गतका विभागीय निकायले प्रकाशन गरेका निर्देशिका र कार्यविधिहरू।

संघ र लुम्बिनी प्रदेशको शिक्षा क्षेत्र योजनाको प्रस्तावित मस्यौदा।

नगर वस्तुस्थिति विवरण गुलरिया नगरपालिका, २०७६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को झलक, २०७७

विभिन्न स्थानीय तहका शिक्षा योजना खाकाहरु

प्रारम्भिक कक्षा पढाइ कार्यक्रम दोस्रो द्वारा प्रकाशित शिक्षा योजना निर्माण सहजीकरण पुस्तिका।

शिक्षा विकास तथा समन्वय इकाइ बर्दिया द्वारा प्रकाशित शैक्षिक बुलेटिन, २०७७/०७८

# अनुसूचीहरु

## अनुसूची-१

## गुलरिया नगरपालिका नगरकार्यपालिकाका पदाधिकारीहरु

| क्र सं | नामथर | पद | वडा नं. |
|---|---|---|---|
| १ | मुक्तिनाथ यादव | नगर प्रमुख | |
| २ | सुशिला गिरी | नगर उपप्रमुख | |
| ३ | प्रताप कुमार गौतम | वडाध्यक्ष | १ |
| ४ | टंक प्रसाद अधिकारी | वडाध्यक्ष | २ |
| ५ | राज कुमार यादव | वडाध्यक्ष | ३ |
| ६ | राम बहादुर रावल | वडाध्यक्ष | ४ |
| ७ | साबित्रा गौतम | वडाध्यक्ष | ५ |
| ८ | निरज कुमार शर्मा | वडाध्यक्ष | ६ |
| ९ | गिता बस्नेत | वडाध्यक्ष | ७ |
| १० | धर्मेन्द्र कुमार बानिया | वडाध्यक्ष | ८ |
| ११ | हरि प्रसाद पासी | वडाध्यक्ष | ९ |
| १२ | विरेन्द्र चौधरी | वडाध्यक्ष | १० |
| १३ | राम नारायण प्रसाद केशरी | वडाध्यक्ष | ११ |
| १४ | राम कुमार थारु | वडाध्यक्ष | १२ |
| १५ | विष्णु कुमारी शर्मा | कार्यपालिका सदस्य | ३ |
| १६ | शान्ता परियार | कार्यपालिका सदस्य | ६ |
| १७ | विनिता देवकोटा सुनार | कार्यपालिका सदस्य | ९ |
| १८ | भारती कुमारी सुनार | कार्यपालिका सदस्य | १२ |
| १९ | नगिना वेहना | कार्यपालिका सदस्य | १० |
| २० | रामचन्द्र लोध | कार्यपालिका सदस्य | १० |
| २१ | स्व. ललिता रसाईली | कार्यपालिका सदस्य | २ |
| २२ | नयन बहादुर सुनार | कार्यपालिका सदस्य | १ |

# अनुसूची-२
# गुलरिया नगरपालिका नगरशिक्षा समितिका पदाधिकारीहरु

| क्र सं | नामथर | पद | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ यादव | नगर प्रमुख | अध्यक्ष | ९८५८०२६२९५ |
| २ | प्रकाश देवकोटा | प्र. प्र. अ. | सदस्य | ९८५८०२२९२२ |
| ३ | राम बहादुर रावल | वडाध्यक्ष | सदस्य | ९८५८०२०४९० |
| ४ | सावित्रा गौतम | वडाध्यक्ष | सदस्य | ९८४८०८७४६५ |
| ५ | गिता बस्नेत | वडाध्यक्ष | सदस्य | ९८४१३१०७०१ |
| ६ | विष्णुमाया शर्मा | का.पा. सदस्य | सदस्य | ९८४८०३४५३५ |
| ७ | भारती सुनार | का.पा. सदस्य | सदस्य | ९८६४९६८७४९ |
| ८ | प्रताप कुमार गौतम | वडाध्यक्ष | सदस्य | ९८४२३२१६३३ |
| ९ | राज कुमार यादव | वडाध्यक्ष | सदस्य | ९८५८०७०९९९ |
| १० | बिरेन्द्र कुमार चौधरी | वडाध्यक्ष | सदस्य | ९८५८०२५९५६ |
| ११ | दीप बहादुर घर्तीमगर | शिक्षक महासंघ | सदस्य | ९८४८१४५४११ |
| १२ | पिताम्बर पोख्रेल | सा.वि. प्र.अ. | सदस्य | ९८४८०३३५५९ |
| १३ | महेन्द्र पौडेल | सस्थागत .वि. प्र.अ. | सदस्य | ९८४६२१९७३४ |
| १४ | राम नारायण प्रसाद केशरी | वडाध्यक्ष | सदस्य | ९८५८०५६०१७ |
| १५ | सतिश यादव | शिक्षा शाखा प्रमुख | स.सचिव | ९८५८०८०७४६ |

# अनुसूची-३
# शिक्षा क्षेत्र योजना निर्माण समितिका पदाधिकारीहरु

| क्र सं | नामथर | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | श्री सतिश यादव | संयोजक | ९८४८१४३९५४ |
| २ | श्री मुकुन्द अर्याल | सदस्य | ९८५८०२५६६० |
| ३ | श्री विष्णुमाया शर्मा | सदस्य | ९८४८०३४५३५ |
| ४ | श्री प्रमोद कुमार तिमिल्सिना | सदस्य | ९८४८०२४३०३ |
| ५ | श्री प्रभात सुवेदी | सदस्य | ९८५८०२०४९५ |
| ६ | श्री दया पौडेल | सदस्य | ९८४८०२०६२४ |
| ७ | श्री निर्मल कुमार उपाध्याय | सदस्य | ९८५८०२१४५२ |
| ८ | श्री रामकृष्ण हुमागाई | सदस्य | ९८४१६४९५१८ |
| ९ | श्री लक्ष्मण चौधरी | सदस्य | ९८४८१३४९९९ |

## अनुसूची-४

## गुलरिया नगरपालिका क्षेत्रभित्रका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु

| क्र.सं. | वार्ड नं. | विद्यालय नाम | ठेगाना | प्रधानाध्यापक नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | १ | श्री शम्भुशरण मा.वि.(१-१२) | खैरापुर | राकेश कुमार यादव | ९८५८०८०००० |
| २ | | श्री त्रिशक्ति मा.वि. (१-१०) | कमलपुर | मणिराम धमला | ९८४४८४११९८ |
| ३ | | श्री गणेश विद्यामन्दिर आधारभुत(१-८) | शंकरबस्ती | बाबुराम क्षेत्री | ९८४८१४३६५३ |
| ४ | | श्री स्वामी परमानन्द आधारभुत(१-५) | छेदापुर | धर्मेन्द्र कुमार यादव | ९८४८१४३१७१ |
| ५ | | श्री जगननाथ गुरुबाबा आधारभुत(१-५) | पन्द्रह नम्बर | सरिता कुस्मा | ९८४८१८०९३५ |
| ६ | २ | श्री सरस्वती आधारभुत विद्यालय(१-५) | पंडितपुर | श्रीराम लम्साल | ९८४८१२८७३८ |
| ७ | | श्री शान्ति आधारभुत विद्यालय(१-८) | संगमबस्ती | सुब्बाराम थारु | ९८४८०६७२०८ |
| ८ | ३ | श्री जानकी माध्यमिक विद्यालय(१-९) | सिरकोहिया | भुपेन्द्र कुमार यादव | ९८५८०४२०७७ |
| ९ | | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय(१-५) | तेजीपुर | सुरेश कुमार यादव | ९८४८१८७६०८ |
| १० | | श्री कृष्णासार आधारभुत विद्यालय(१-५) | खैरी | मुन्नालाल यादव | ९८४८३७०७९७ |
| ११ | ४ | श्री ध्रुब माध्यमिक विद्यालय(१-१२) | तुल्सीपुर | पिताम्बर पोखरेल | ९८४८०३३५५९ |
| १२ | | श्री कोटही माध्यमिक विद्यालय(१-१०) | तुलापुर | ज्ञानेन्द्र बहादुर रावल | ९८५८०३१५७६ |
| १३ | | श्री भानोदय आधारभुत विद्यालय(१-८) | बेचैपुर | वासुदेव पौडेल | ९८५८०४२१५१ |
| १४ | | श्री नारायणनाथ स्मृती आधारभुत विद्यालय(१-५) | गुलरिया | शुशिला गिरी | ९८४८१४५८९५ |
| १५ | ५ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय(१-८) | सुहलेवा | माधवराज शर्मा ढकाल | ९८५८०६७६५५ |
| १६ | | श्री शान्ति आधारभुत विद्यालय(१-५) | बालापुर | मुकुन्द ज्ञवाली | ९८५८०४०५१६ |
| १७ | | श्री बालमन्दिर आधारभुत विद्यालय(१-५) | मताङ्गा | दया पौडेल | ९८४८०२०६२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ६ | श्री बगलामुखी माध्यमिक विद्यालय(१-१२) | गुलरिया | भेजेन्द्र बहादुर थापा | ९८४८१५४५०६ |
| १९ | | मदरशा असरफिया मसोदुल उलुम आधारभुत(१-५) | गुलरिया | मो.इस्हाक खाँ | ९८४८२१९४६५ |
| २० | ७ | श्री हिमालि आधारभुत विद्यालय (१-८) | चौगुर्जी | मोहन सिंह थापा | ९८५८०२०५७७ |
| २१ | | मदरशा जमिया रजाउल उलुम आधारभुत(१-३) | गुलरिया | अस्मा बानो | ९८१९५०१०९१ |
| २२ | | मदरशा मिफताउल उलुम आधारभुत(१-४) | गुलरिया | नेहा साह | ९८४८०८१२३४ |
| २३ | ८ | श्री महाकवि देवकोटा माध्यमिक विद्यालय(१-१२) | भन्सारटोल | च्यामुलाल चौधरी | ९८५८०२६३९२ |
| २४ | | श्री भानुभक्त आधारभुत विद्यालय(१-५) | आशापुर | गणेश रेग्मी | ९८४८२३९६६३ |
| २५ | | श्री देउराली आधारभुत विद्यालय(१-५) | थपुवा | राधा भट्टराई | ९८४८०३१६६५ |
| २६ | | श्री कोठिया आधारभुत विद्यालय(१-५) | कोठियागाँउ | एक्तेदार अलि सैयद | ९८५८०२६२१४ |
| २७ | | श्री बालविद्या मन्दिर आधारभुत विद्यालय(१-५) | सुरजपुर | दिप बहादुर घर्ती | ९८४८१४५४११ |
| २८ | ९ | श्री गायत्री आधारभुत विद्यालय(१-८) | टेपरी | अनिल श्रीवास्तव | ९८४८१३२५०७ |
| २९ | | श्री ओमशान्ति आधारभुत विद्यालय(१-५) | पदमपुर डब्बा | बलराम थापा | ९८४८०४६२५५ |
| ३० | | श्री सिदार्थ आधारभुत विद्यालय(१-५) | खालेपुर्वा | विनोद आचार्य | ९८४४८८९३०६ |
| ३१ | १० | श्री नेपाल राष्टि्रय माध्यमिक विद्यालय(१-१०) | प्रयागपुर | यादव कुमार रेग्मी | ९८४८०३१२०३ |
| ३२ | | श्री छत्रपालमेवालाल बबई आधारभुत विद्यालय(१-५) | रत्नापुर | श्याम झा | ९८४८१४५०१५ |
| ३३ | | श्री मथुरा हरिद्वार आधारभुत विद्यालय(१-४) | मन्द्राजपुर | सुधन प्रसाद घिमिरे | ९८५८०२६६२५ |
| ३४ | | श्री गौरीशंकर माध्यमिक विद्यालय(१-९) | डल्लापुर | ललित थारु | ९८४८०३४७४२ |
| ३५ | | श्री भादा आधारभुत विद्यालय(१-५) | इन्द्रपुर | राजेन्द्र प्रसाद मण्डल | ९८४८१११७७१ |
| ३६ | | श्री गणेश आधारभुत विद्यालय(१-५) | गणेशपुर | बिमलेश कुमार मिश्र | ९८४८१४५०१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | ११ | श्री हिमालय आधारभुत विद्यालय(१-५) | लालपुर | भानुभक्त अधिकारी | ९८४८०१२३५४ |
| ३८ | | मदरसा सफदरुल इस्लाम आधारभुत(१-३) | जिगरिया | कृष्णकला तिवारी | ९८४४८४७०६९ |
| ३९ | | मदरसा हिमायते इस्लामिया गौसुलउलुम आधारभुत(१-३) | सडक लालपुर | चमेली जि.सि. | ९८४८११३३४५ |
| ४० | | श्री सिर्जना आधारभुत विद्यालय(१-५) | जोशीपुर | गुणनिधी सुवेदी | ९८४८०६७३५१ |
| ४१ | | श्री नेपाल राष्टि«य माध्यमिक विद्यालय(१-१०) | भैंसाही | पिताम्बर चौधरी | ९८४८०२८२१६ |
| ४२ | | श्री  आधारभुत विद्यालय(१-८) | दुधा | मन्सुर अलि अन्सारी | ९८४८०५७०४३ |
| ४३ | | श्री गोरखकाली आधारभुत विद्यालय(१-५) | कालिनगर | बालकृष्ण थारु | ९८४८०२९८०६ |
| ४४ | १२ | श्री कुम्भर आधारभुत विद्यालय(१-५) | बिक्री | युगलकिशोर मन्डल | ९८४८०६१७७७ |
| ४५ | | मदरसा अलजमिया रसुल उलुम आधारभुत(१-४) | उचवा लालपुर | मुजामिल शेष | ९८०४५७८९२२ |
| ४६ | | मदरसा दरुलउलुम फैजमे गौसुलबार आधारभुत(१-५) | दुधा | मञ्जु पाण्डे | ९८४८१४५०७५ |
| ४७ | | श्री सरस्वती आधारभुत विद्यालय(१-३) | टेडुवा | सृजना लम्साल | ९८४८०८२५७५ |

# अनुसूची-५
## गुलरिया नगरपालिका क्षेत्रभित्रका संस्थागत विद्यालयका प्रधानाध्यापकहरु

| क्र.सं. | वार्ड नं. | विद्यालय नाम | ठेगाना | प्रधानाध्यापक नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | १ | श्री दिप ज्योति बेसिक इङ्गलिस बोर्डिङ्ग स्कुल | खैरापुर | रजिव कर्ण | ९८५८०७२४०० |
| २ | | श्री बर्षा बेसिक इङ्गलिस बोर्डिङग स्कुल | जगमोहन चोक | परशुराम यादव | ९८०२५४४८३९ |
| ३ | २ | श्री जनभिजन वेस्ट एकेडेमी | जैनपुर | मदन बहादुर मल्ल | ९८४४८०३९३० |
| ४ | ३ | श्री खैरापुर बेसिक बोर्डिङ्ग स्कुल | तेजीपुर | राजेश कुमार यादव | ९८२२५६६३५७ |
| ५ | ४ | श्री गुरुकुल बेसिक एकेडेमी स्कुल | तुलापुर | चक्र बहादुर भण्डारी | ९८४७१२७६२५ |
| ६ | ५ | श्री लिटिल हेवन सेकेन्ड्री इङ्लिस बोर्डिङ्ग स्कुल | गुलरिया | चन्द्रकान्त सिग्देल | ९८४८१३५००४ |
| ७ | | श्री बागेश्वरी सेकेन्ड्री स्कुल | गुलरिया | सुशान्त विश्वकर्मा | ९८४९८०४८०१ |
| ८ | | श्री जनज्योती सेकेन्ड्री बोर्डिङ्ग | गुलरिया | निर्मल उपाध्याय | ९८५८०२१४५२ |
| ९ | | श्री जनमुखी सेकेन्डरी स्कुल | गुलरिया | ध्रुब मल्ल | ९८५८०३४७३३ |
| १० | | श्री समता बेसिक स्कुल | गुलरिया | दुर्गा खनाल | ९८६८१०७६६९ |
| ११ | | श्री स्मृति किन्डर गार्टेन बेसिक स्कुल | गुलरिया | शकुन्तला पोखरेल | ९८४८०३०६६० |
| १२ | ६ | श्री मदर मैना मन्टेश्वरी स्कुल | गुलरिया | रन्जु शर्मा | ९८४०२०१९३८ |
| १३ | | श्री सनराइज सेकेन्ड्री स्कुल | गुलरिया | महेन्द्र पौडेल | ९८४६२१९७३४ |

"श्रम, रोजगार युक्त गुणस्तरीय शिक्षा हाम्रो चाहना
व्यावसायिक र प्राविधिक जनशक्ति गुलरिया नगरपालिकाको गहना"






गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल